

नाम : शिशिल चित्रकार

शिक्षा : मास्टर्स इन बिजनेश एडमिनिस्ट्रेशन, पोष्ट ग्राज्युएट डिप्लोमा इन बुद्धिज्म, बि.एल. ।

सेवा : तत्कालिन हवाई विभागमा र हाल परीवर्तित नेपाल नागरीक उड्डयन प्राधिकरण अन्तर्गत, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय ।

भ्रमण : जापान, भारत, फिलिपिन्स, सिङ्गापुर, बैकक, हङकङ

पुरस्कार : बु.स. २५५० (बि.स. २०६३/६४)को पञ्चविर सिंह पुरस्कार (सन्ध्या टाइम्स, नेपाल भाषा दैनिक पत्रिकामा बुद्ध धर्म सम्वन्धि लेखको लागि)

प्रकाशित पुस्तक:

१) चरित्र निर्माणमा बुद्धधर्मको भूमिका (बि.एल., पोष्ट ग्राज्युएट डिप्लोमा इन बुद्धिज्मको शोध पत्रलाई पुस्तक प्रकाशन)
२) राज्यय् विवेक दयेमा: (नेपाल भाषा)
३) देश विकासको लागि बुद्ध शिक्षा (तपाईको हातमा)




Downloaded from http://www.dhamma.digital

भवतु सब्ब मङ्गलं ! सबैको मङ्गल होस !

कुशल व्यवस्थापन

# देश विकासको लागि बुद्धशिक्षा



लेखक

शिशिल चित्रकार

कुशल व्यवस्थापन

# देश विकासको लागि बुद्धशिक्षा

लेखक
शिशिल चित्रकार



देश विकासको लागि बुद्धशिक्षा

लेखक : शिशिल चित्रकार

प्रकाशक : श्री भक्तलाल चित्रकार
श्रीमति सूर्यमाया चित्रकार
मैतीदेवी, काठमाण्डौ

सर्वाधिकार लेखकमा सुरक्षित

लेआउट डिजाईन : किरण श्रेष्ठ/ शिशिल चित्रकार
आवरण पृष्ठ : विश्व शान्ति स्तुप, लुम्बिनी
अन्तिम पृष्ठ : गौतमी भिक्षुणी विहार लुम्बिनी स्थित बुद्ध प्रतिमा
प्रथम प्रकाशन : ५०० प्रती
प्रकाशन : बु. सं. २५५५
वि. सं. २०६८
ने. सं. १०३१
इ. सं. २०११
मूल्य : रु.

Effecient Management :

## Buddhist Education for Development of Country

Writer: **Shishil Chitrakar** Publisher:- **Mr. Bhakta Lal Chitrakar**
**Mrs. Surya Maya Chitrakar**



Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

छोरा शिशिल चित्रकारले आजको समाजमा विद्यमान विसंगतिबाट उत्पन्न समस्याहरु समाधान गर्न बुद्धशिक्षाले मद्धत पुग्ने भएको हुँदा परिवार, समाज र देश सहज रुपमा अगाडी बढाउन समय समयमा विभिन्न पत्र पत्रिकाहरुमा बौद्धशिक्षा र समस्यासंग सम्वन्धित रचनाहरु प्रकाशित गर्ने गरेकोमा सो लेखहरुको संग्रह देश विकासको लागि बुद्धशिक्षा नामक पुस्तकको रुपमा प्रकाशन गर्न पाउँदा निकै हर्ष तथा प्रीति सुख अनुभव भएको छ।

दिंवगत पितामह श्री जुजुलाल र  दिंवगत पितामही श्रीमती विन्देश्वरीका जेठो छोरो दिंवगत पिता श्री विन्दुलाल चित्रकार र दिंवगत आमा श्रीमति चिनिमाया चित्रकारको गुणधर्मलाई संस्मरण गर्दै यो पुस्तक प्रकाशन गर्न लागेकोमा झन मन प्रफुलित भएको छ। मलाई हिजो आज जस्तै लाग्दछ, वहाँहरु धार्मिक पुस्तकहरु औधि पढ्नु हुन्थ्यो । तत्कालिन समयमा बौद्ध ग्रन्थहरु हिजो आज जस्तो सहज रुपमा उपलब्ध थिएन तर जुन उपलब्ध हुन्थ्यो त्यो पुस्तक पढ्न औधी रुची राख्नु हुन्थ्यो र परिवारका सदस्यहरुलाई पनि पुस्तक पढ्ने हौसला दिनु हुन्थ्यो ।

व्यक्तिगत रुपमा मैलै सामाजिक, आर्थिक र विभिन्न यावत कारणहरुले गर्दा तत्कालिन दरवार हाइस्कुलमा (हाल भानु मा. वि., रानी पोखरी) कक्षा ९ सम्म मात्र शिक्षा ग्रहण गर्न सके पनि दैनिक रुपमा पत्र पत्रिका (तत्कालिन समयमा नेपाली पत्रिकाहरुको संख्या धेरै थिएन र भारतीय दैनिक पत्रिकाहरु दैनिक रुपमा) पढ्ने बानीले गर्दा विभिन्न बौद्ध पुस्तकहरु पढ्ने बानी अहिले पनि भइ नै रहेको छ । जीवनको उत्तरार्द्धमा विहारहरुमा जाने (विशेषत: श्रीध: विहार, नध:ल), र केही वर्ष अधि (करिव १०।११ वर्ष) छोरा शिशिल कै अनुरोधमा विपश्यना ध्यानको शिविरमा समेत सहभागी हुन पाईयो र यसले सद्धर्मप्रति झन् झन् अभिरुची बढाएको निर्विवाद छ ।

अत: छोरा शिशिलले विभिन्न पत्रिकामा प्रकाशित लेख रचनाहरुको संग्रहहरुलाई पुस्तकको रुपमा प्रकाशनगरी समाज देशको हालको वर्तमान अवस्था सुधारको लागि कारक तत्व होउन् भनी मङ्गल कामना सहित, यो पुस्तक दिंवगत पिता श्री विन्दुलाल चित्रकार र दिंवगत आमा श्रीमति चिनिमाया चित्रकार लगायत सम्पूर्ण पूर्वजहरुको सुगति र निर्वाण धर्मको हेतु होउन भनी समर्पण गर्दछु ।

**श्री भक्तलाल चित्रकार**
**श्रीमति सूर्यमाया चित्रकार**
काठमाडौं



देश विकासको लागि बुद्धशिक्षा

# शुभकामना मन्तव्य

नवोदित बुद्धिजीवि बौद्ध लेखक शिशिल चित्रकारले लेख्नु भएको "देश विकासको लागि बुद्धशिक्षा" भन्ने पुस्तकको गुरु कपि सरसर्ति पढें । राम्रो लाग्यो र आनन्दको महसुस पनि भयो । किन भने शान्तिको बुद्ध शिक्षा बारे पुस्तकको अभाव थियो । यस्ता सान्दर्भिक र समसामयिक विषयको पुस्तक प्रचार हुन आवश्यक भैरहेको थियो । उहाँले सबै क्षेत्र मतलव विशेष रुपमा राजनीतिक, सामाजिक, शैक्षिक र कर्मचारी क्षेत्रमा अव्यवस्थित भैरहको, दुर्दशा स्पष्ट रुपमा भन्नुपर्दा कतै भ्रष्टाचारी, कतै अनुशासनहीन, असभ्य वातावरण भएको उल्लेख गर्नु भएको छ । समस्या हलगर्न बुद्धवचन उद्धृतगर्नु भई सुझाव पनि दिनु भएको छ ।

बुद्धको शिक्षा मानिसलाई असल र ईमान्दार बनाउनु हो । मानिस वा व्यक्ति असल र ईमान्दार बनाउनु हो । मानिस  वा व्यक्ति असल नबने सम्म शान्ति स्थापना हुन गाह्रो कुरा हो । बुद्धको सम्यक चिन्तन र चाहना थियो रंगी चंगी फूलले भरेको बगैंचा जस्तै समाज, भिक्षुसंघ बनाउनु । त्यस्को लागि बुद्धले नमुनाको लागि भिक्षु संघको स्थापना गर्नु भयो । भिक्षु संघ २० वर्ष सम्म स्वच्छ  र निस्वार्थी थियो । यो कुरा विनय पिटकबाट स्पष्ट हुन्छ । २० वर्ष पछि भिक्षु संघमा विकृति उत्पन्न भयो । अनि बुद्धले भन्नुभयो - राम्रा राम्रा रंगी चंगी फूलले भरिएको बगैंचालाई हुरी बतासले न्हासनास गरे जस्तै भिक्षु संघमा पनि स्वार्थी, लोभी र सुविधा मुखी व्यक्तिहरु भिक्षु बन्न आऐ, अनि अशान्त वातावरण आउन थाल्यो । यो कुरा मज्झिम निकायको मद्धालि सूत्रबाट स्पष्ट हुन्छ । मद्धालि भिक्षुले बुद्धसंग प्रश्न गरे - भन्ते ! पहिले पहिले भिक्षुहरुलाई उपदेश र अर्ति दिनु हुन्थ्यो, अहिले किन उपदेश दिनुहुन्न ? उत्तर दिनु हुँदै, बुद्ध भन्नु हुन्छ - पहिले पहिले मानिसहरु श्रद्धाले भिक्षु बन्न आउँथे । अहिले अनुशासनहीन र अट्टेरी बनें । त्यसैले मैले अहिले उपदेश र अर्ती दिन छाडें । अनुशासित भिक्षुहरुलाई मात्र अर्ति दिने गर्दछु ।

यस कुराले के बुझिन्छ भने जव व्यक्तिहरुमा स्वार्थी भावना पलाउँछ, इमान्दारीता हराउँछ अनि कसरी शान्ति हुन्छ ?

आजभोलि त भ्रष्टाचार संसार भरी नै व्याप्त छ, तर यस्को मतलव सबै भ्रष्टाचारी हुन भन्नु मिल्दैन । इमान्दारहरु पनि छन् । हाम्रो सरकारी कार्यालयमा इमान्दारी पनि छन् । उदाहरणको लागि यस पुस्तकका लेखक शिशिल चित्रकार पनि सरकारी कर्मचारी हुन् । उहाँलाई अरु कर्मचारीले धर्मात्मा भनी गिजाउँछन । अर्को उदाहरण प्रस्तुत गर्छु -



Downloaded from http://www.dhamma.digital

डाक्टर थीरमान शाक्य र अरु केही डाक्टरहरु कर्तव्यनिष्ठ र इमान्दार थिए र छन् । उनीलाई अरु डाक्टरहरुले धर्मात्मा भनी गिजाउँछन् । प्रशंगवश थाइल्याण्डको अनुभव प्रस्तुत गर्न लागि रहेछु ।

एकजना महिला भंसारमा नोकरी गरि रहिन्छिन । उनी म कहाँ आएर भन्छिन - भन्ते ! म भंसारमा काम गर्छु, त्यहाँ सबैका सबै घूसखोरी हुन्छन् । म बौद्धमहिला भएको नाताले घूस लिन्दिन । तर अरु कर्मचारीहरुले सधैं धर्मात्मा भनीं गिजाउन्छन् । के गरुँ जागिर छोडुं ?

यस कुराले के बुझिन्छ भने विदेशमा र हामी कहाँ इमान्दारीहरु विधमान छन् । बुद्धको शिक्षाले आशावादी बन्न शिक्षा दिन्छ, निराशावादी बन्न होइन । आज भोली चर्चा भइरहन्छ नेपालको भविष्य के हुने हो ? मलाई पनि निराशावादले सताइरहेछ । नयाँ नेपाल भनिन्छ, तर मानिसको मनोप्रवृति पुरानै हो । ट्याक्सी ड्राइभरको स्वार्थी ठगने मनोप्रवृति देखेर दिक्क लाग्छ । मीटर नचलाई यति पैसा भए जाने, नत्र नजाने भन्दा दिक्क लाग्छ । कोही कोही अचम्मको सज्जन ट्याक्सी ड्राइभर पाउँदा आनन्द लाग्छ । अनि निराशापन हराएर जान्छ । एक चोटी मेरो सामान ट्याक्सीमा छुटेको रहेछ । ड्राइभर विहारसम्म आएर सामान दिन आए । धन्यवाद दिएं । उसलाई पैसा दिनु पर्ने बिर्स्यौं ।

शिशिल चित्रकारलाई साधुवाद, शान्तिको लागि उहाँले धेरै बुद्ध वचन सहित सुझाव र चेतना जागरणको सन्देश दिएर सचेत गराउनु भएको छ । यस्तो रचनात्मक शिक्षाले भरेका पुस्तक लेखेर प्रचार गर्ने अठोट गर्नु भयो । अवश्य पनि यस्ता रचनात्मक शिक्षा भएको पुस्तकबाट राम्रो नतीजा निस्किन्छ । यस्ता शिक्षात्मक पुस्तकद्वारा अज्ञानी मानिसहरुमा सद्‌बुद्धि पलाउँछ कि ? विशेषरुपले पूर्वाग्रही र स्वार्थी राजनीति नेताहरुमा सद्‌बुद्धि उत्पन होस्, सुधार होस् ।

अन्तमा यस रचनात्मक पुस्तक लेखेर प्रचार गरेको पुण्यद्वारा उहाँको स्वास्थ्य लाभ होस, लेखन शक्ति निरन्तर रुपमा वृद्धि होस भनी शुभकामना दिन्छु ।

भिक्षु अश्वघोष

काठमाडौं, नेपाल। संघाराम, ढल्को





# भूमिका

विगत केही वर्षदेखि गोरखापत्र, आनन्दभूमी, धर्मकीर्ति, अमृतोपदेश, आदि पत्रिकामा केही बौद्ध दर्शनमा केन्द्रित रहेर लेखहरु लेख्न थालेको थिए र यसलाई एउटा पुस्तकको रुप दिने सोच पनि बेला बेलामा आइ नै रहन्थ्यो । समयभाव वा अन्य केही कारणले यसलाई मुर्त रुप दिन सकेको थिएन । तर करिव छ महिना अधि देखि दिवंगत पितामह विन्दुलाल चित्रकार र दिवंगत पितामही चिनीमाया चित्रकारको गुणधर्म सम्झने उपाय यही लेखहरुको संग्रहहरुलाई पुस्तकको रुप दिने इच्छा भएकोमा घर परिवारबाट नै प्रकाशनको व्यवस्था गर्ने गरी यसको तयारीमा लागेको थिए ।

लेखहरु छनौट गर्ने बेलामा कुन छाड्ने र कुन राख्ने चयन गर्नमा समेत निकै कठिनाई आए झै लाग्छ, किन भने सबै लेख आफुलाई त मन पर्ने नै भयो । विगतमा विभिन्न पत्र पत्रिकाहरुमा प्रकाशित लेखहरु कम्प्युटरमा भएकोलाई छपाई गरी पत्र पत्रिकामा प्रकाशित भए अनुसार आफैले सच्याउने समेत गरियो । विशेषत मैलै पठाउने गरेको लेखहरुमा व,ब, श,स, हलन्त, हर्स्व दीर्घ तथा कुनै शव्दहरु जोड्नु पर्नेमा छुटाउने र कुनै छुटाउने पर्नेमा जोइन गरेको पाइएको छ । अत: अझ पनि यस्ता भाषिक गल्तीहरु हुन सक्दछ । यसलाई मेरो भाषिक र साहित्यिक कमजोरीको रुपमा ग्रहण गर्नु भइ बौद्ध दर्शनको मर्म बुझ्नु हुनेछ भनी आशा गर्दछों ।

यो लेख संग्रहलाई पुस्तकको रुपमा दिदा के नामकरण गर्नेमा समेत दुबिधा थियो । शुभकामना मन्तव्यको लागि संध उपनायक अश्वघोष भन्तेलाई सादर अनुरोध गरेको थिए र वहाँलाई गुरुकपि दिंदा देश विकासको लागि बुद्धशिक्षा भनेर दिएको थिए तर कुशल व्यवस्थापन विना देश विकास नहुने भएकोले शिर्षक उही भए पनि माथि कुशल व्यवस्थापन भन्ने जोडी दिए । भन्तेले गुरुकपि दिएको करिव पाँच दिनमै शुभकामना मन्तव्य लेखेर दिनु भयो । बौद्धजन विहार, सुनाकोठीको कार्यक्रममा भन्तेसंग भेट हुँदा रफ सकें भन्नु भयो। भोली आउँदा हुन्छ भनी सोध्दा हुन्छ भन्नु भएकोले भोली पल्ट साँझ जाँदा फेयर गर्नमा व्यस्त हुनु हुन्थ्यो । अत: अति व्यस्तता र ८४ वर्षको उमेरको उहाँ भन्तेको जागरुकतालाई जति धन्यवाद दिदा पनि कम हुने ठानेको छु ।

भन्तेको संस्मरण पढे पश्चात म पनि विदेश जाँदाको केही अनुभव राख्न मन



Downloaded from http://www.dhamma.digital

लाग्यो । संसारमा राम्रो नराम्रो दुवै थरीका मान्छे हुने गर्दछ । विदेशमा ट्याक्सी चालक, डिपार्टमेन्टल स्टोरहरुमा स्यानो स्यानो रकम (डलरको अंश-सेन्टं) पनि फर्काउने प्रचलन देखेको छु।

एक दिन विहान होटलबाट बाहिर जान साँचो लाउन खोज्दा साँचो नभएको थाहा भयो। विहान ढोका वाहिर केही खसेको आवाज आएको थियो । ढोकामा भएको साँचो कसैले खसालेर लिएको हो कि ? के होटलकै कोही कर्मचारीले विहान सवेरै साँचो लिएको थियो कि ? होटलमा मुल साँचो थिएन ? साँचोकोमात्र पैसा लिने चलन थियो वा पुरा सेट कै लिने चलन थियो ? वा हामी ठगीको शिकार भइयो ? त्यसबेला होटललाई करीव रु २६००/- दुइजना साथी मिलेर तिरेको थिए ।

विभिन्न लेखहरु विभिन्न पत्रिकामा प्रकाशन गरी दिनु भएकोमा सबै सम्वद्ध पक्षलाई धन्यवाद दिन चाहन्छु ।

पुस्तकका रुपमा प्रकाशन तथा अन्य प्रुफ रिडिङ्ग र ले आउट डिजाईनमा सहयोग गरि दिनु भएका तथा भाषा सच्याउने क्रममा दोहऱ्याई तेऱ्हयाई हैन हौसला दिने भ्याली प्रिन्टिङ्ग सर्भिसका श्री किरण श्रेष्ठलाई धन्यवाद नदिइ रहन सक्दिन । बिजुली आदिको समस्याले गर्दा भन्तेको शुभकामना मन्तब्य प्राप्त भन्दा केहि ढिलो मात्र पुस्तक प्रकाशन भएकोमा क्षमा प्रार्थी छुँ।

अन्त्यमा  केटा केटीमा हात समाई बाटोमा डोऱ्याउने हजुर बुवा र हजुर आमा लगायत सवै पुर्वजहरुको गुणधर्मलाई सम्झी शिक्षा, संस्कृती र धर्म प्रदान गर्ने सबै पूवर्जहरुमा यो पुस्तक समर्पण गर्दछु ।

एतेन सचवज्जेन, सोत्थि ते होतु सब्बदा !
एतेन सचवज्जेन, सब्ब रोगो विनस्सतु !
एतेन सचवज्जेन, होतु ते जयमङ्गल !

शिशिल चित्रकार
काठमाण्डौ
२०६८ असार





## विषय सूची — पेज नं.


१) प्रकाशकीय — ग
२) शुभकामना मन्तव्य — घ
३) भूमिका — च
१) पुर्खाहरुको मानमर्यादा विना समाज विकास असंभव — १
२) आजको अपरिहार्य आबश्यकता भगवान गौतम बुद्धको शिक्षा — ३
३) मानव संशाधन विकासको लागि बुद्ध शिक्षा — ६
४) मानव व्यवस्थापन नै वास्तविक चूनौती — ९
५) व्यक्तिगत चरित्र र मानसिक विकास आजको आवश्यकता — ११
६) व्यक्तिको दैनिक जीवनमा धम्मपदको उपयोग — १४
७) दण्डहनि र अराजकता नियन्त्रणको लागि बुद्ध शिक्षा — १७
८) धार्मिक कार्यक्रम आयोजन हुनु, उपदेश सुन्नु मंगलकार्य — २०
९) सम्मा आजीवो ( शुद्ध आजीविका) — २३
१०) व्यक्तिगत आचरण, सामाजिक दायित्वको  बीचमा धर्म — २६
११) युवा वर्गहो सचेत बनौ
व्यक्तिगत सचेतता र नैतिकता नै देश समाज विकासको मुल आधार — २९
१२) समयको सदुपयोग नै वास्तविक धर्म — ३२
१३) सेवाग्राहीको सेवा भाव विना समाज विकास असंभव — ३४
१४) मानवीय इतिहास मुर्ख्याईहरुको संग्रह — ३७
१५) निणर्य प्रक्रियाको लागि बुद्धशिक्षा — ४३
१६) बुद्धशिक्षा - विश्व वातावरणको रक्षाको लागि — ४६
१७) गलत शिक्षा, गलत संस्कृति र धर्ममय जीवनको अभावमा देश विकास असंभव — ५०
१८) नमोतस्स भगवतो अरहतो सम्मासम्वुद्धस्स
राम्रो नियत(मन)ले काम गर्ने व्यक्तिको पछाडी सुख आउंछ — ५३
१९) उदाहरणीय कार्य: आजको आवश्यकता — ५७
२०) गृह विनयको अभावमा देश समाजको विकास असंभव — ५९
२१) नीति निर्माण कार्यान्वयन तथा बजेटको सही सदुपयोगको लागि बुद्धशिक्षा — ६३
२३) मरणानुस्ती (नेपाली अर्थ सहित) — ६८
२२) उपसंहार — ७०




Downloaded from http://www.dhamma.digital

# पुर्खाहरूको मानमर्यादा विना समाज विकास असंभव

आजको विश्वको भयावह अवस्था भन्नु गलत शिक्षा, सोचाइ, संस्कारहरुको संयोजन र त्यही अनुरुप विभिन्न देशहरुको विकरालताको प्रतिविम्व सिवाय अरु केही होइन । आज हाम्रो समाज होउन् वा अन्य कसैको किन नहोस् यसको वास्तविक विकास विना कुनै पनि देश र यसको कारणले विश्वको विकास नहुनु यथार्थ हो । कवाडी रुपी समाज, कवाडी रुपी सामाजिक संस्कार, कवाडी रुपी शिक्षा, कवाडी रुपी भौतिक यन्त्र उपकरणको बाढीबाट विश्व नै कवाडी खानामा परीणत भएकोमा के को आश्चर्य ? यस्तो कवाडीमय संसार विनाशताको नजिकिनुमा के को आश्चर्य ?

संसार विभिन्न हेतुहरुको संयोजनबाट निर्मित भएका हुन भने यी विभिन्न हेतुहरुमा विचलन, अप्राकृतिक बाहुल्यता, सांसारिक अधर्मीहरुको चलखेल आदि इत्यादीवाट संसार श्रृष्टी विनाशतिर नगई अरु के हुन सक्दछ ? विश्वको कयौ देशहरुमा आर्थिक, स्वास्थ्य, न्यायिक, प्रशासनिक, शैक्षिक, व्यवस्थापकिय समस्या भए झै नेपालमा पनि यी समस्याहरु हुनु नौलो कुरा भएन । देशले आफ्नो परम्परागत शिक्षा, संस्कृति जगेर्ना गर्न नसक्नु, आधुनिकताको नाममा अन्धानुकरण विकसित(?) राष्ट्रहरुको कुशिक्षा, कुसंस्कार, कुपरम्परा भित्र्याउनुमा विश्वको संचार, यातायातको प्रभाव त भयो नै त्यो भन्दा पनि हाम्रो समाजको कस्ता कमजोरी छ र अझ भनौ भने व्यक्तिगत रुपमा हामी सवैको कस्तो अज्ञानता, स्वार्थ वा लोभ प्रवृतिको भूमिका छ ? नेपालको कुरा वा समाजको कुरा वा घर परिवारको कुरा गर्ने हो भने प्राचिन परम्परा, आफुभन्दा ठूला बडाहरुलाई मान सम्मान गर्ने परम्परा, संस्कृतिको आज कस्तो अवस्था छ वा इतिहासको पानामा मात्र सिमित छ ? आज संस्कृति भन्नाले चाडपर्व, कर्मकाण्डलाई मात्र लिन खोजेको आभाष हुन्छ। के पुराना सोर्चाइको परम्परा, दैनिक जीवनमा नभइ नहुने व्यवहार संस्कृति होइन ? परम्परागत रुपमा जेष्ठतालाई मान्नु पर्ने शिक्षा दिनुको साटो आधुनिक शिक्षाको नाममा आफ्नो मौलिक शिक्षा दिन नसक्नु, संस्कृति परम्परा (चाडपर्व मात्र होइन, जेष्ठतालाई मान्नु, आदर गर्नु)लाई तिलाजंलि दिनुबाट समाजको दुरावस्था आई देश, विश्व र संसारको ध्वस्तता तर्फ अग्रसर हुनमा के को भाषणवाजी, नारावाजी ? आज आधुनिकता, आधुनिक शिक्षाको नाममा समाजले जेष्ठहरुलाई आदर नगर्ने, आफ्नो पुर्खाहरुको मान मर्यादा गर्न नसक्ने दानव रुपी मानवको जमात त तयार गरेको छैन ?





पुर्ख्यौली सम्पतिको अंहता प्रदर्शन गर्ने, घमण्डी, तर पुर्खाहरुको मान, शिक्षा, सोचाईगत परम्परालाई कायम नगर्ने, गर्न नखोज्ने, दैनिकी सामान्य काम गर्न अल्छी हुने तथाकथित आधुनिक पुस्ताबाट(?) समाज विकासको कल्पना गर्नु व्यर्थ छ। आज शिक्षा, व्यक्तिगत सोचाइ, सामाजिक मूल्य मान्यताको पुनर्मुल्याङ्कन, आत्मलोचनको अति जरुरी छ । धम्मपदको श्लोक संस्मरणीय छ ।

अभिवादनसीलिस्स-निच्चं वद्धा' पचायिनो ।
चत्तारो धम्मा वड्ढन्ति-आयु वण्णो सुखं बलं ।।
अर्थः आफूभन्दा जेष्ठहरुलाई आदर दण्डवत् गर्ने स्वभाव भएकोलाई आयु, वर्ण, सुख, बल यी चार वृद्धि हुन्छ ।(१०९)

आज मानवीय सोच, संस्कारमा पतनको कारणले श्रृष्टि नै विनाशतिर अग्रसर भईरहेको अवस्था लाई संसारको कुनै पनि शक्ति, महाशक्ति, विकसित राष्ट्र धनी व्यक्ति, कुनै जादुगरी, नौटकीवाजले सही समाधान गर्न सक्दैनन र संसार ध्वस्त हुनबाट बचाउन सक्दैनन् ।

संसारको पतन नजिकिदै आएको अवस्थामा मानवहरुको कर्तव्य के मा ध्यान केन्द्रित हुन पर्दछ वा कस्तो ज्ञान, धर्मको आवश्यकता छ सबैले सोच्नु अति जरुरी छ । पुनः धम्मपदको श्लोक विचारणीय छ । (११५)
यो चे वस्ससतं जीवे-अपस्सं धम्ममुत्तमं ।
एकाहँ जीवितं सेय्यो-पस्सतो धम्ममुत्तमं ।।
अर्थ : उत्तम धर्मलाई नदेखिकन सय वर्षसम्म जिएर बस्नु भन्दा, उत्तम धर्मलाई देखेर जानेर एक दिन मात्र जिउनु श्रेष्ठ छ ।

विश्वको विनाशको कारण मानवहरुको मूर्ख्याइँ नै हुन भने व्यक्तिहरुमा धर्ममय ज्ञान, पुर्खाहरुको मान सम्मान, सोचाइ, शिक्षाको कदर गर्न अति जरुरी छ । यसैवाट व्यक्ति स्वंयको तथा समाजको र विश्वको पनि केही हदसम्म कल्याण हुने आशा गर्न सकिन्छ ।

सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !! सबैको भलो होस् !!!

- धर्मकीर्ति वर्ष २८ अंक १, वि.स. २०६७



Downloaded from http://www.dhamma.digital

# आजको अपरिहार्य आवश्यकता भगवान् गौतम बुद्धको शिक्षा

आज देश समाजको हरेक क्षेत्रमा जुन अस्तव्यस्त माहौल देखा परेको छ, भगवान् गौतम बुद्ध जन्मनु भएको देश भएर पनि हामीले बुद्ध धर्मको सही शिक्षा लिन नसकेको प्रस्ट छन् । आज देश समाज र विश्वमा देखा परेका हिंसा, हत्या, आतंकवाद, भुखमरी, गरिबी आदिको सही समस्या समाधानको लागि बुद्ध धर्मको महत्व शिघ्र हुन आएको छ ।

भगवान् गौतम बुद्धले कुनै कुराको उपदेश दिन हुँदा मान्छेको सोचाईको स्तर, चाहना बमोजिम बताउनु हुन्थ्यो । कुनै कुराको जवाफ नदिइ मौन रहनुहन्थ्यो त कुनैमा प्रश्न सोध्नेलाई नै अर्को प्रश्न सोध्ने गर्नु हुन्थ्यो । कुनै कुरा व्यक्तिहरुलाई प्रिय हुने भए पनि झूट र काम नलाग्ने कुरा बोल्नु हुँदैन थियो, अझ सत्य नै कुरा भए पनि काम नलाग्ने हो भने बताउनु हुन्न थियो । सत्य कुरा व्यक्तिहरुलाइ काम लाग्ने भएमा मात्र बताउनु हुन्थ्यो । बरु 'मानिसहरुले नरुचाए पनि सत्य र अर्थ युक्त कुरा' तथा 'मानिसहरुले पनि रुचाउने सत्य पनि हुने प्रकारको कुरालाईमात्र अवस्था र समय हेरी बोल्नु हुन्छ' भनी वहाँले वत्ताउनु भएको छ । आज देशको हरेक क्षेत्रमा प्रत्येक व्यक्तिले आफूले भनेको कुरा नै ठीक भन्ने जुन परिपाटीको थालनी भएको छ त्यसमा भगवान बुद्धको शिक्षा अपरिहार्य भएको छ ।

यसै प्रसङ्मा एउटा उदाहरण दिनु सान्दर्भिक ठान्छु । पाँच जना जन्मदेखिको अन्धाहरुलाई हाती छुन लाएर हातीको बर्णन गर्न लगाउँदा विभिन्न व्यक्तिले विभिन्न तरिकाले व्याख्या गरेको हुन्छ । पुच्छर समाउने व्यक्तिले हाती भनेको नरम वस्तु रहेछ, खुट्टा समाउने व्यक्तिले हाती भनेको गोलो खम्बा जस्तै भन्नु, दाँत समाउने व्यक्तिले हाती भनेको कडा बस्तु रहेछ आदि इत्यादि भने जस्तै आज समाजको हरेक क्षेत्रमा समस्यालाई आ आफ्नै तरिकाले व्याख्या गर्नुलाई सही शिक्षाको अभाब र अज्ञानताले भएको हो भन्न सकिन्छ ।

अर्को उखानको कुरा गर्नु पर्दा 'एउटा फोहर माछाले तलाउको सबै पानी फोहर पार्दछ', वा 'एउटा कुहेको स्याउले टोकरीमा भएको अन्य फलफूललाइ पनि सडाँउछ' भने जस्तै आज देश समाज र विश्वमा देखा परेको समस्याको मूल जड भनेको व्यक्तिको अज्ञानता, हठधर्मी, अनैतिकता नै हो । यदि तलाउको पानी स्वच्छ र निर्मल राख्नु छ भने





फोहर माछालाइ बेलैमा सफा गर्नु पर्दछ, त्यसैगरी अरु फलफूल सडाउन बाट बचाउन कुहेको स्याउलाई पहिले नै टोकरीबाट अलग्ग पार्नु पर्दछ ।

चिकित्सा क्षेत्रको प्रचलित भनाई- 'रोगलागी सके पछि उपचार गर्नु भन्दा रोग लाग्न नदिनु नै कोशिश गर्नु पर्दछ' वा क्यान्सर भएको विरामीको उपचार गर्दा क्यान्सर भएको सबै अंङ्ग काट्न नितान्त जरुरी छ नत्र रोग निको हुँदैन भने झै, आज देश समाजमा देखा परेको व्यक्तिको अज्ञानता अनैतिकता रुपी क्यान्सरलाई हटाउने एउटै शल्यक्रिया हो - प्रत्येक व्यक्तिमा धर्मको आवश्यकता । सही उपचार विना रोगको निदान खोज्नु व्यर्थ नै हुन्छ र सबभन्दा ठूलो कुरा रोगको कारण पता लगाउनु हो । रोग पता नलागी गरेको औषधि आफैमा गलत र अनुपयोगी हुनु कुनै अस्वाभाविक ठहरिदैनन् । आज देश समाज र विश्वमा भएको समस्याको मूल जड व्यक्तिको अज्ञानता, अनैतिक र अधार्मिकता नै हो भनी थाहा नपाउनु सबभन्दा ठूलो दुर्भाग्य भएको छ ।

यहाँ अज्ञानता भन्नाले आफूले गरेको कुनै पनि कार्यको विपाक भोग्नु पर्दछ भन्ने थाहा नहुनु, गलत कार्य गर्दा त्यसको परिणाम देश समाजमा गलत नै हुन्छ अनि त्यसको परिणाम भयावह हुन्छ भनी थाहा नहुनु नै हुन् । यदि व्यक्तिहरुमा यसको ज्ञान भएको भए भूतकालमा यस्तो गलत कार्य गर्ने थिएन र आज यस्तो दुर्भाग्य भोग्नु पर्ने थिएन । यसै गरी आज जुन गलत कार्य भईरहेको त्यसले पनि भोली झन खराव स्थिती निम्त्याउने निश्चित छ भने थाहा भएको भए आज समाजको हरेक क्षेत्रमा गलतकार्य गर्न होडवाजी चल्ने थिएन ।

बुद्ध धर्मले अहिलेको कार्यको फल भोग्न स्वर्ग वा नरक जान पर्दैन यहीं त्यसको फल भोग्न पाउँदछ भन्छ भने मान्यता राख्दछ। आज देश समाजको भयावह अबस्था र त्यसको दुष्परीणाम भोग्नु भनेको हामीले यहीं गरेको गलत क्रियाकलापको फल-नतिजा भएकोमा दुईमत छैन । त्यसै गरी आज देश समाजले सही कार्य गर्न सक्यो भने त्यसको फल नतिजा पनि राम्रो हुनेमा शंका छैन ।

देश समाजको हरेक क्षेत्रमा देखा परेका समस्या ऊनको धागो बल्झिएझै एक आपसमा बल्झिएको छन् । यसको टुप्पो खोज्न गाह्रो लाग्नु स्वभाविक हो तर व्यक्तिको अज्ञानता र अनैतिकताको उपचार नै सही अर्थमा देश समाजको समस्याको सही निदान हुन सक्दछ । आज देश समाज अनि व्यक्तिमा, प्रत्येक व्यक्तिलाई धर्म प्रदान गरेर



Downloaded from http://www.dhamma.digital

त्यसको नतिजा कुर्न धैर्य गर्ने शक्ति छैनन् भने देश समाज झन भडखालोमा जाने प्रस्ट छ । धर्म विनाको व्यक्तिहरुको बाहुल्यभएको समाजका यावत क्षेत्रमा अराजकता, अस्तव्यस्त, मनपरी तन्त्र, छाडापन देखा पर्नमा केही आश्चर्य छैन । जुन सुकै कुरा बिगार्न सजिलो छ तर बिग्रेको कुरा सपार्न निश्चय नै गाह्रो छ, तर धर्मले मान्छेमा धैर्य धारण गर्ने शक्ति प्रदान गर्दछ तथा व्यक्तिमा द्वेष, राग र ईर्ष्या रहित हुन मद्दत गर्दछ ।

बुद्ध धर्म कर्म र विपाकको बयान गरेर भाग्यवादीमात्र हुन सिकाउँदैन बरु आफ्नो कर्म र विपाक थाहा हुने भएकोले हिजोको गलत कार्यको फललाई निस्तेज पार्न धर्म धारण तथा, भविष्यमा राम्रो फलकोलागी आज राम्रो कार्यगर्न उद्धत गराई कर्मवादी हुन सिकाउँदछ । धर्मले सही अर्थमा व्यक्तिको परीक्षा लिन्छ र आफ्नो राग द्वेष र इर्ष्या हटाई स्वच्छ हुने तथा आफूलाइ दुषित वातावरणबाट अलग्ग राखी स्वच्छ हुन प्रेरित गर्दछ छ । त्यसैले भगवान गौतम बुद्धले भन्नु भएको छ, 'अरुलाइ जित्नु ठूलो कुरा होईन आफैले आफैलाइ जित्नु ठूलो कुरा हो'।

गौतम बुद्धकालिन समाजमा पनि हिंसा, द्वेष, बली दिने प्रथा तथा अन्य सामाजिक अवस्था खराव नै थियो र वहाँले त्यस्तो समाजमा शिक्षाको ज्योति छर्नु भयो । वहाँकै समयमा पनि सबै व्यक्तिले धर्म बुझ्नु भएन र पालन गर्न सकेनन् भने आजको समाज पनि यो भन्दा कसरी पृथक हुन सक्दछ र ? बुद्ध धर्म अनुसार यही नै व्यक्तिको भेद पनि हो र यही अनुरुप समाजको गती निर्धारीत र चल्ने पनि हुन । तर आज जसले धर्म बुझेको तथा धारण गरेका छ तिनीहरुले आफूलाईमात्र धर्ममा ढालेर पुग्दैनन् बरु देश समाजको भयाबह अबस्थालाई मध्यनजर गर्दा, अरु व्यक्तिलाई पनि धर्म धारण गराउँन मद्धत गर्नु तथा समाजको हरेक व्यक्तिले आ-आफनो क्षेत्रबाट देश समाजको लागी थप योगदान दिनु अति आवश्यक भएको छ ।

आज हरेक क्षेत्रका व्यक्तिमा व्यर्थको कुराकानी गर्ने बानीले देश समाजको महत्वपूर्ण र महंगो समय अनुपयोगात्मक रुपमा खेर गईरहेको छ कि छैनन ? यही अर्थमा पनि भगवान गौतम बुद्धद्वारा व्यर्थको गफ गर्नलाई पनि शील भंग गर्नु हो भन्नु भएको र धर्मले हामीलाई आफनो हैसियत र औकातमा चित बुझाई, उद्योगशील हुन प्रेरित गर्दछ । यही सिलसिलामा आज देश समाजमा बहुसख्यक जनतामा बुद्ध धर्म भन्नाले एउटा भ्रम सृजना हुन्छ - यो धर्म मान्नेहरु गृहत्यागी हुन्छन्, जुन सरासर गलत छ ।





भगवान् गौतम बुद्धले रथको चार पांग्राझै धर्मको चार पांग्राको रुपमा भिक्षु, भिक्षुणी तथा उपासक र उपासिकालाई (गृहष्ठ पुरुष र आईमाई) भन्नु भएको थियो । यसैले पनि यदि गृहस्थ पुरुष र आईमाई धर्ममा परिपक्व र व्यबहारिक भएन भने घर, समाज अनि देशमा कलह झै भगडा र अराजकताको स्थिती हुनमा के आश्चर्य भयो ? यस अर्थमा भगवान् गौतम बुद्धले प्रत्येक व्यक्तिलाई आ-आफूले गर्नु पर्ने व्यबहारीक धर्म पालन गर्न जोड दिनु भयो । भगवान् गौतम बुद्धले आफूलाई खाली मार्गदर्शकको रुपमा मात्र दर्शाउनु भयो न कि तारकको रुपमा । जुन व्यक्ति वहाँको मार्गदर्शन अनुरुप हिड्न सक्नु हुन्छ तिनीहरुले आफूलाई ज्ञानको मार्गमा हिडाउने छन् साथै देश समाजमा पनि नैतिकता र धर्मको वातावरण प्रदान गरीरहनेमा शंका छैन ।

धर्म भन्नाले कुनै कर्मकाण्ड आदिमा मात्र अल्झियो भने कार्लमार्क्सले भनेझै अफिममात्र हुन्छ तर यसलाइ प्रत्येक व्यक्तिले धारण गर्यो र व्यबहारमा उतार्यो भने यसले देश समाज नै सुन्दर र शान्त पार्ने निश्चित छ । यही अनुरुप भगवान् गौतम बुद्धले पनि धर्मको सैद्धान्तिक ज्ञानलाई भन्दा व्यवहारमा उतार्न जोड दिनु भयो र यही नै आजको देश समाज र विश्वको अपरिहार्य आवश्यकता हो ।

सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !! सबैको भलो होस् !!!

- धर्मकीर्ति वर्ष २५, अकं ११, २०५४



Downloaded from http://www.dhamma.digital

# मानव संशाधन विकासको लागि बौद्ध शिक्षा

समाज देश र विश्वको समेत भयावह अवस्था तथा समस्या नै समस्यामा जेलिएको हालको अवस्थामा कुनै एकजना व्यक्ति, निकाय, कार्यालय वा सरकारले मात्र समस्या समाधान गर्न सकिँदैन । यसकोलागि हरेक समाज, क्षेत्र, कार्यालय वा सरकारका यावत निकायमा कार्यरत व्यक्तिहरुको कार्य दक्षता, नैतिकता, शुद्ध आजीविका, चरित्र, समग्र रुपमा मानव संशाधन विकासको सही परिचालन हुन आवश्यक छ । आज देशका हरेक क्षेत्रमा देखा परेका अस्तव्यस्त मानवीय श्रृजित समस्या हुन भने यसको निराकरण पनि मानव संशाधनको विकासवाट मात्रै संभव छ । मानवीय गुणको विकास विना भौतिक रुपमा यान्त्रिक वा उपकरणहरुको सहयोगले मात्र विकासले सही गति लिन नसकिने देखिन्छ ।

नेपालको आजको भयावह अवस्थालाइ विचार गर्दा दक्षता विहिन कर्मचारी तन्त्र, अनैतिकताको पहाड, आध्यात्मिक शिक्षाको अभाव, कार्य र परीणामको अन्तरसम्वन्धको मूल्याङ्कन गर्ने परीपाटी नहुनु, खाली भाषणवाजी, कागजी कार्य तथा अपुरो अधुरो अभिलेख प्रणाली नै मुख्य कारक तत्व मान्न सकिन्छ । जब अधुरो तथा अपुरो अभिलेख प्रणाली हुन्छ वा कुनै सूचना आफैमा अपुरो र अधुरो हुन्छ सम्पूर्ण गल्तिको शुरुवात नै त्यहीँवाट हुन्छ ।

नेपाली समाज तथा विश्वमा कमशः धर्म लोप हुँदै गएकोले इतिहासको कालखण्डमा विकासको अवस्था देखि सकेका नेपालले हालको विकराल अवस्थासम्मको नियति भोग्नु परेकोमा सायद दुइमत हुँदैन । लिच्छवीकालमा विकासको स्वर्ण युगमा बुद्ध धर्मले पनि विकास गरेकोमा कमशः मल्लकाल तथा राणाकालमा बुद्धधर्म र अनुयायीहरु प्रति भएका भेदभाव पूर्ण व्यवहारले गर्दा समाजबाट बुद्ध धर्म लोप हुन गएकोमा विगत सातआठ दशक देखि पुनः यस्को आगमन वा पुनरुत्थान भएको छ । तर देश समाज विग्रने परिमाण तथा धर्मको प्रचार प्रसारको अनुपातमा निकै अन्तर भएकोले समाज अझ विग्रने तिर उन्मुख भएको अनुभुति हुन्छ ।

विगत सातआठ दशक देखि जनमानसमा बुद्ध धर्मको प्रचार प्रसारले व्यापकता पाए पनि, देशका विभिन्न क्षेत्रमा कार्यरत कर्मचारी, न्यायाधिश, वकिल, प्रहरी,





चिकित्साकर्मी, शिक्षक, आदि पेशागत क्षेत्रमा धर्मको पहुँचको अनुपात निकै कम भएकोले धर्म मौलाउन नपाएको अवस्था छ । आज एकातिर धर्मको प्रचार प्रसार सिमित संघ संस्था, व्यक्तिले आफनो सिमित श्रोत साधनबाट परिचालन गर्न बाध्य भएका छन भने देशको नीति कार्यक्रम, बजेट आदि धर्मको संयोजन विना परीचालन हुन्छ भने देश समाजले सही गति कसरी हासिल गर्न सक्छ ? राज्यको मानव संशाधन विकासको परिकल्पना विना, व्यक्तिको सही मानवीय पहलुको विकास गर्ने परिपाटी विना, व्यक्तिमा हुनु पर्ने नैतिकता विना, खुल्ला रुपमा कानूनको उपहास विधमान भएको अवस्थामा देश समाजले विकासको परिकल्पना गर्नु हास्यास्पद हुन्छ ।

आज देश समाजको भयावह अवस्थाबाट पार लगाउन विभिन्न निकायमा कार्यरत व्यक्ति - कर्मचारी, प्रशासक, नेता, व्यापारी, उद्योगी, चिकित्सक, न्यायकर्मी, पत्रकार, वकिल, शिक्षक, प्रहरी, मजदूर आदि हरेकमा धर्मको आवश्यकता छ ।
यस सन्दर्भमा धम्मपद श्लोक ३०८ राख्न सान्दर्भिक होला ।
सेय्यो अयोगुलो भुत्तो - तत्तो अग्गिसिखू'पमो ।
यञ्चे भुञ्जेय्य दुस्सीलो - रट्ठपिण्डं असञ्ञतो ।।

अर्थ : दुःशील दुराचारी भएर राष्ट्रपिण्ड खाएर बस्नु भन्दा रातो डामिएको फलामको डल्लो खाएर बस्नु नै उत्तम हुन्छ । (श्रोतः भिक्षु अमृतानन्द, धम्मपद)

देशका यावत क्षेत्रमा कार्यरत व्यक्तिहरुले आ-आफ्नो भूमिकाको पुनर्मूल्याङ्कन गर्न जरुरी छ । नत्र राष्ट्रपिण्ड खाएर बसेका व्यक्तिहरुवाट देश समाज विकासको बाटोमा लाग्न नसक्ने मात्र नभइ विनाशको वाटोमा लाग्ने निर्विवाद छ । आज देश समाजको यावत क्षेत्रमा देखा परेका विभिन्न समस्याको जड नै अपुरो अधुरो गलत सूचनाको आधार मा गलत संयन्त्र, गलत संयन्त्रमा कार्यरत अदक्ष व्यक्तिहरु नै हुन भने यसमा सुधार को लागि बुद्ध शिक्षाको पंहुच सबै क्षेत्रमा पुऱ्याउनु र सही रुपमा मानव संशाधनको विकास गर्नु आजको आवश्यकता हो ।
सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !! सबैको भलो होस् !!!

- आनन्द भूमी वर्ष ३६ अंक ८, वि.स. २०६५



Downloaded from http://www.dhamma.digital

# मानव व्यवस्थापन नै वास्तविक चूनौती

विश्व लगायत नेपालको आजको चूनौती भन्नु नै सही मानव व्यवस्थापन को अभाव हो । आज नेपालमा लोकतन्त्र, गणतन्त्र, सार्वभौमसत्ताको माग जतातते धन्किन थालेको छ । मानव इतिहासमा ढुंङ्गे युगदेखि आजको आधुनिक युग सम्म कयौं राजनीतिक, प्रशासनिक, व्यवस्थापकीय सिद्धान्तहरु लेखन, पुनर्लेखन, नयाँ सिद्धान्त परिकल्पना तथा लागु पनि भइसकेको अवस्थामा आज विश्व झन् झन् समस्यामाथि समस्यामा जकडिदैजानु को अर्थ के होला ? के विगतको समस्या समाधानको नाममा कुनै नयाँ व्यवस्था, सिद्धान्तको परिपाटी आफैमा कहिल्यै पूर्ण हुन सकेन ?

विश्वमा प्रशासन वा व्यवस्थापनका कयौ सिद्धान्तहरु लेखिसके, कार्यान्वयन भइसके (के कस्तो रुपमा भयो वा भएन आफ्नो ठाँउमा छँदैछ) तर पनि विकासोन्मुख राष्ट्रको कुरा छाडे पनि विकसित राष्ट्रले पनि कहिल्यै पनि सबै समस्याको समाधान गर्न असमर्थ नै भएको देखिन्छ । आज समस्याहरुको वास्तविक पहिचान विना, हचुवाको भरमा कसैलाई मन परेको भरमा, कसैलाई रिझाउने नाममा समस्याको समाधान गर्ने परिपाटीले विश्वको कल्याण गर्न नसकिने यथार्थ हो । संसारको स्वभाव धर्म अनुसार कुनै पनि नित्य शाश्वत नभएको यथार्थतामा कुनै पनि श्रृष्टि नाशवान नै हुन्छ भने पून: मानव निर्मित कुनै सिद्धान्त, वादले निर्विवाद पूर्ण रुपमा समस्या समाधान गर्न सक्षम नहुनुमा के को आश्चर्य ?

अझ कुनै पनि सिद्धान्त आफैमा पूर्ण नहुनाले यसले कुनै पनि राष्ट्रको समस्या समाधान गर्न नसक्नु कुनै अनौठो नै भएन । संसारमा जति पनि सिद्धान्तहरु भए, बनाए खाली कुनै वस्तु, चिजलाई निर्देशन गर्नमात्र बनाएको हो कि मानवहरुको मनोबैज्ञानिक विकास तर्फ पनि उत्पेरीत छ ? यस सन्दर्भमा लरेन्स ए. एपले (Lawrence A. Appley) को "Management is the develpoment of people and not the direction of things. ............ Management is personnel administration" सम्झन योग्य छ (साभार: डा. भीमदेव भट्ट, सार्वजनिक प्रशासनको आधारभूत सिद्धान्त, आषिशदेव भट्ट, डिल्लीबजार काठमाण्डौं, वि.स. २०५४ पृ. ८८ ) । यस परिभाषामा उनले कर्मचारी प्रशासनलाई बढी महत्व दिएकाछन् । त्यसैले उनी लेख्दछन् व्यवस्थापन भनेकै मानिसको विकास गर्नु हो । यो कुनै वस्तुको निर्देशन होइन । यसबाट पनि स्वत: शिद्ध हुन्छ मानव





संशाधनको सही विकास विना कुनै पनि व्यवस्थापकिय, प्रशासनिक सिद्धान्तले मात्र कुनै संगठन, समाज वा राष्ट्रको विकास हुन सक्दैनन् ।

प्रंशगबश धम्मपदको एउटा श्लोक (गाथा ३३) राख्नु उपयुक्त हुन्छ ।
फन्दनं चपलं चित्तं -दुरक्खं दुन्निवारयं ।
उजुं करोति मेधावी - उसुकारो' व तेजनं ।।

अर्थ: बुद्धिवान्हरुले चंचल चपल रक्षा गर्न गाह्रो चित्तलाई वाण बनाउनेले वाणलाई सिधा बनाएझै आफ्नो चित्तलाई सिधा गरेर दमन गर्दछ ।

आज नेपाल लगायत विश्वका समस्याको समाधानको लागि जस्तो सुकै आधुनिक कार्यक्रम, योजना ल्याए पनि जब सम्म व्यक्तिहरुको कुशल कर्मप्रति उद्दत गराउने प्रयत्न हुँदैनन; संगठन, कार्यालय, समाज र राष्ट्रप्रति उत्तरदायी र जिम्मेवार वहनगरी निम्नतम श्रोत साधनको उच्चतम प्रयोगगरी उच्चतम प्रतिफल प्राप्त गर्ने मनोविज्ञान हुँदैनन; तथा श्रोत साधनको दुरुपयोग, न्युनत्तम प्रतिफल, गैरजिम्मेवारी प्रथा-कार्यको अन्त हुँदैनन तब सम्म कुनै पनि विकासको कल्पना गर्नु व्यर्थमात्र होइन घोर हास्यास्पद समेत हुन जानेछ ।

व्यक्तिहरुको कुशल कर्म, दक्षता अभिबृद्धि प्रति कस्तो रुचि जगाउन सकिन्छ वा सकिदैन, त्यसले व्यक्ति, समाजको परिचय दिन प्रयाप्त छ । पुन: धम्मपदको एउटा श्लोक(७७) सम्झन योग्य छ ।

ओवदेय्यानुसासेय्य - असब्भा च निवारये ।
सतं हि सो पियो होति - असतं होति अप्पियो ।।

अर्थ: उपदेश दिनु, अनुशासन कायम गर्नु, असभ्य बानी छुटाईदिनु भनेर भन्ने व्यक्ति सत्पुरुषहरुले रुचाँउछ, असत्पुरुषहरुले रुचाँउदैन ।

आज समाज विश्व वातावरणको भयावहबाट जोगाउन व्यक्तिहरुको कुशल कर्म तथा कुशल व्यवस्थापनको कुनै विकल्प छैन ।

सबैको मंङ्गल होस् !

- अमृतोपदेश वर्ष ६ अंक ७, वि.स. २०६७



Downloaded from http://www.dhamma.digital

# व्यक्तिगत चरित्र र मानसिक विकास आजको आवश्यकता

आज देशको हरेक क्षेत्र विविध समस्याहरुले जकडिएको छ । हरेक क्षेत्रमा कार्यरत व्यक्तिहरुको चरित्र सुधार र उच्चतम प्रयोग विना आजको समस्याको समाधान निकाल्न पनि कठिन हुने देखिन्छ । सार्वजनिक संगठनमा कार्यरत अधिकांश जनशक्तिको न्युन उपयोग भएको कारणले सार्वजिनक संघ संस्थान तथा सरकारी कार्यालयहरुले तथा देशले समुचित विकास गर्न सकिरहेको छैन । कर्मचारीहरुको उचित परिचालन विना यो संभव पनि नहुने भएकोले आज संपुर्ण कर्मचारी संयन्त्रको पुनरावलोकन गर्न जरुरी भएको छ ।

सामाजिक र राजनीतिको सवालमा मध्यकालमा काजी भीम मल्ल देखी आधुनिककालमा भीमसेन थापा, माथवरसिंह देखि लिएर वैज्ञानिक गेहेन्द्र शम्शेरको घटनाहरुको अध्ययनवाट पनि वास्तविक क्षमता, सिपको कदर नहुनुमा देशको सामाजिक, सांस्कृतिक संस्कारले पनि ठूलो भूमिका निवार्ह गरेको देखिन्छ । भीम मल्लको निधन पछि भीम मल्लकी पत्नीले दिएको अभिशाप 'यो राज्यमा विवेक नरहोस्' वा भीमसेन थापाले न्यायालयमा दिएको अभिशाप 'यदि यस्तै बुद्धि लिएर हिंड्यौ भने सरकारले मानामा भरी खोपामा राखिदिएको खाना खाएर निर्वाह गर्नु पर्नेछ' भन्ने भनाइ आजको हाम्रो समाज देशमा कटु सत्यको रुपमा स्थापित हुन आएको छ ।(साभार: प्रो. ढुण्डिराज भण्डारी, नेपालको ऐतिहासिक विवेचना) । समाजमा प्रचलित "बोल्नेको पिठो विक्छ नवोल्नेको चामल पनि विक्दैनन" भन्ने उखानबाट पनि देश समाजको वास्तविक चित्रण गर्न मद्दत पुग्ने देखिन्छ । अब यो परिस्थितीबाट पार लाउन प्रत्येक व्यक्तिको कडा मेहनत, बौद्धिक क्षमता विकास र चरित्र निमार्ण विना संभव नहुने देखिन्छ ।

यस सन्दर्भमा एउटा श्लोक राख्न सान्दर्भिक ठान्दछु ।
एकं धम्मं अतीतस्स - मुसावादिस्स जन्तुनो ।
वितिण्ण परलोकस्स - नत्थि पापं अकारियं ।। (धम्मपद, श्लोक १७६)





अर्थ :- एउटा धर्म (सत्य)लाइ छोड्नेले, झूट कुरा गर्नेले, परलोकको विश्वास नगर्नेले, यो लोकमा नगर्ने पाप केही छैन ।

देशको हरेक क्षेत्रको भयावह अवस्थालाइ मध्यनजर गर्दा वास्तवमा समाज, संस्कार र व्यक्तिहरुको चरित्रले नै समाजको यावत क्षेत्रको चित्रण गर्ने भएकोले पनि व्यक्तिको चरित्र सुधारविना अन्य क्षेत्रको वास्तविक विकास पनि हुन नसक्ने प्रष्ट देखिन्छ । देशको सामाजिक आर्थिक राजनीतिक कारणले सार्वजनिक संगठनमा कार्यरत अधिकाश जनशक्तिको न्यून उपयोग भइरहेको कारणले नै देश समाजले विकास गर्न नसकेको प्रष्ट छ । आज देशको वास्तविक समस्या - व्यक्तिको मनोवृति, गरिबी, सामाजिक दरीद्रता आदिको ख्याल नगरी गरीने कुनै पनि प्रयासले समस्याको दिगो र स्थाई समाधान हुन नसकिने यथार्थ हो ।

भगवान् गौतम बुद्धले कूटदन्त सुत्रमा देशको प्रशासनिक सामाजिक अवस्था राम्रो हुन देशको आर्थिक अवस्था नै पहिला राम्रो हुनु पर्ने कुरा कूटदन्त ब्राह्मणलाई दिनु भएको उपदेश आजको विश्व, देश र जुनसुकै समाजले पनि उदाहरणको रुपमा लिन योग्य छ । वहाँले दिनु भएको उपदेश अनुरुप देशको आर्थिक अवस्था राम्रो पार्नको लागि चोर डाँकाहरुलाई निर्मुल पार्नु पर्दछ । यसको अर्थ चोर डाँकाहरुलाइ मार्ने भनेको होइन। चोर डाँकाहरुलाइ मार्यो भने बाँकी भएकाहरुले दु:ख नदिने होइन। त्यसैले त्यसको जरालाइ नै निमुर्ल गर्नु पर्दछ। त्यसो भनेको उनीहरुको आर्थिक अवस्था राम्रो बनाउनु पर्दछ । आर्थिक अवस्था राम्रो बनाउनकोलागि, किसान वर्गलाई बिउ आदिका व्यवस्था सहित रोजगारको व्यवस्था गर्नु, व्यापारी (उद्योगी)हरुलाई लगानीको व्यवस्था गरीदिनु, तथा कर्मचारीहरुलाई खानापिना र तलवको व्यवस्था गर्नु पर्दछ । यसरी समाजको प्रत्येक वर्गको व्यक्तिलाइ रोजगारको व्यवस्था गर्नु पर्दछ ।

सार्वजनिक संगठनमा कार्यरत अधिकाश जनशक्तिको उचित परिचालनको लागि व्यक्तिको नैतिक चरित्रको सुधार, सामाजिक उत्थानको साथै संगठनको उद्देश्य लक्ष्यवारे कार्यरत जनशक्तिलाइ उचित जानकारी दिनु र कर्मचारीहरुलाइ कामप्रति जिम्मेवार वनाउनु र कार्य विभाजनमा समेत निश्चितता गरी (कुनै कर्मचारीहरुले प्राय सबै ठाउँमा हात हालिरहेको हुन्छ - बहुकार्य सर्वनाश्ती) सोको कार्यन्वयन बारे आवश्यक निरिक्षण हुन आवश्यक छ । यही नै आजको हाम्रो देश समाजको लागि सार्वजनिक संगठनमा तथा



Downloaded from http://www.dhamma.digital

जनशक्तिको उचित परिचालनको लागि चाहिने पूर्वाधार र आवश्यकता हो ।

व्यक्तिको आफ्नो चरित्र र मानसिक विकास नभएसम्म कुनै पनि कार्य क्षेत्रको वास्तविक र सही विकास हुन सक्दैन । अर्को शब्दमा भन्ने हो भने व्यक्तिको बौद्धिक विकास नै कुनै पनि संघ संस्था, कार्यालयको विकासको लागि पूर्वाधार हुन् । जुन सुकै क्षेत्रमा कार्य गर्ने व्यक्तिको विकास (बौद्धिक तथा आध्यात्मिक) विना जस्तो सुकै कानून ल्याए पनि देश समाजले प्रगति र विकास गर्न नसकिने देखिएको सन्दर्भमा सार्वजनिक संघ संस्था, सरकारी निकायमा कार्यरत कर्मचारी जनशक्तिहरुको चरित्र र बौद्धिक विकासद्वारा देश कार्यालयको समय, साधन श्रोतको दुरुपयोग हुनवाट रोकी, सही परीचालन र उच्चतम प्रयोग गरी सामाजिक आर्थिक विकासको आधार तयार पार्नु आजको अपरिहार्य आवश्यकता हो ।

सबैको मङ्गल होस् !

- धर्मकीर्ति वर्ष २५, अंक १२, वि.स. २०६४





# व्यक्तिको दैनिक जीवनमा धम्मपदको उपयोग

आज समाज देश विश्व नराम्रो अवस्थाबाट गुज्रिरहेको छ र यसवाट कुनै पनि व्यक्ति अप्रभावित भएर रहन सकेको छैन । हाम्रो देश समाजको कुरा गर्नु पर्दाखेरी हरेक क्षेत्रमा समस्या नै समस्याको पहाड छ । आम उपभोग्य वस्तुको अभाव, मंहगी, मिसावट देखि लिएर कार्यालय संगठन आदिले आफ्नो भूमिका प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकेको यथार्थ छ । शिक्षा स्वास्थ्य लगायतको समस्या देखि हिंसा हत्या, बन्द हडतालले जनजीवनमा व्यापक असर गरीरहेको छ । यस्तो अवस्थामा सरकारको कुनै पनि संयन्त्रले सही निर्णय गर्न सकेको अवस्था छैन र खाली टालटुल नीतिबाट नै कार्य भइरहेको आभाष हुन्छ ।

हरेक क्षेत्रमा भएको खराव स्थिति अनि त्यस अवस्थामा बनाउने नीति कार्यक्रम आफै टालटुले नीति अन्तर्गत हुन्छ भने देश समाजले अझ पनि वास्तविक रुपमा समस्याको समाधान पाउन मुश्कील लाग्दछ । यस्तो अवस्थामा समाज देश र व्यक्तिहरु आफै झन झन समस्याको भूमरीमा फस्दै जाने मात्र देखिन्छ । आज समाज देश र व्यक्तिहरुको समस्याको सही समाधान हेतु व्यक्तिहरुलाइ सही शिक्षाको आवश्यक छ, जुन शिक्षाले व्यक्तिहरुमा भएका लोभ द्वेष मोहलाइ हटाउन मद्दत गर्दछ र नैतिकवान जनमत तयार गर्दछ ।

जहाँ सम्म शिक्षाको कुरा छ संसारमा तथागत भगवान् गौतम बुद्धले दिनु भएको शिक्षा अमूल्य छ । तर नेपालको इतिहासमा राजनीतिक कारणले यो शिक्षाले वास्तविक महत्व पाउन सकेनन् । अव गणतान्त्रिक नेपालमा यसले आफ्नो गरिमा बढाउन सकुन तथा स्कुल कलेजको पाठ्यक्रममा समेत समावेश गर्न सबै सम्वन्धित संघ संस्थाबाट विशेष पहल हुन आवश्यक देखिएको छ ।

भगवान् गौतम बुद्धले विभिन्न व्यक्ति, भिक्षु भिक्षुणीहरुलाई विभिन्न प्रशंगामा विभिन्न उपदेश दिनु भयो । वहाँले दिनु भएको उपदेशहरु त्रिपिटकमा लिपिबद्ध भए अनुरुप सुत्तपिटकको खुद्धकनिकाय अन्तर्गत धम्मपदको शिक्षा मात्र हामीले दैनिक व्यवहारमा ग्रहण गर्न सक्यौ भने मात्र पनि व्यक्ति समाज देश र विश्वको कल्याण हुने छ ।



Downloaded from http://www.dhamma.digital

अव धम्मपदको केही केही श्लोकहरु राख्नु सान्दर्भिक ठान्छु ।

**मग्गानट्ठङ्गिको से□ो - सच्चानं चतुरो पदा ।**
**विरागो से□ो - धम्मानं द्विपदानञ्च चक्खुमा ।।**

**अर्थ : मार्ग मध्य अष्टाङ्गिक मार्ग ठूलो, सत्य मध्य चार आर्यसत्य ठूलो, धर्म मध्य वैराग्य ठूलो, देव - मनुष्य मध्ये चक्षुवान बुद्ध ठूलो । (श्लोक २७३)**

पापं चे पुरिसो कयिरा - न तं कयिरा पुनप्पन ।
न तम्हि छन्दं कयिराथ - दुक्खो पापस्स उच्चयो ।।

अर्थ: यदि पाप गरेको छ भने फेरी फेरी पाप नगर्नु, पाप गर्ने इच्छा पनि नगर्नु, कारण पाप जम्मा गर्नु दु:खको मूल हेतु हो । (११७)

**अक्कोधेन जिने कोधं - असाधुं साधुना जिने ।**
**जिने कदरियं दानेन - सच्चेन अलिकवादिनं ।।**

अर्थ : अक्रोधले क्रोधलाइ जित्नु पर्दछ:, गलत गर्नेलाइ सही गरेर जित्नु पर्दछ, कंजुसलाई दान गरेर जित्नु पर्दछ, झुटावादीलाई सत्यवादी भएर जित्नु पर्दछ ।। (२२३) (क्रोध वर्ग)

वज्जञ्च वज्जतो ञत्वा -अवज्जञ्च अवज्जतो ।
सम्मादि□समादाना - सत्ता गच्छन्ति सुग्गतिं ।।

अर्थ: दोषलाइ दोष भनेर, निर्दोषलाइ निर्दोष भनेर बुझ्ने व्यक्ति, सम्यक धारणा भएका व्यक्ति स्वर्ग भुवनमा जान्छ । (३१९)





न जटाहि न गोत्रेहि न जच्चा होति ब्राह्मणो ।
यम्हि सच्चञ्च धम्मो च - सो सुची सो च ब्राह्मणो ।।

अर्थ : जटाधारी हुँदैमा, गोत्र, जाति मात्रले ब्राह्मण हूँदैन, जो संग सत्य र धर्म हुन्छ, उही पवित्र हो, उही ब्राह्मण हो । (३९३)

चरं चें ना'धिगच्छेय्य - सेय्य सदिसम'त्तनो ।
एकचरियं दल्हं कयिरा - नत्थि बाले सहायता ।।

अर्थ : सकुन्जेल आफु भन्दा उत्तम व्यक्तिको सतसंगत गर्नु, अथवा आफु समान व्यक्तिहरुसंग सतसंगत गर्नु, त्यस्तो व्यक्तिहरु छैन भनी बाल मूर्खहरुको सतसंगत गर्नु भन्दा दृढतापूर्वक एक्लै नै विचरण गर्नु उत्तम हुन्छ। (६१)

भगवान् गौतम बुद्धले फरक फरक परीस्थितिमा यी गाथाहरु वताउनु भए पनि आज देश समाज र विश्वको भयावह अवस्थालाइ मध्यनजर गर्दा यो शिक्षाको प्रयोग गर्न सकिने देखिन्छ । समाज देश र विश्वलाई विकासको गतितिर लम्काउने व्यक्तिहरुमा नैतिकता अपरिहार्य छ भने राष्ट्रले यस्तो शिक्षा दिनु आजको आवश्यकता हो ।

सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !! सबैको भलो होस् !!!

- धर्मकीर्ति वर्ष २६, अंक १०, वि.स. २०६५



Downloaded from http://www.dhamma.digital

# दण्डहीन र अराजकता नियन्त्रणको लागि बुद्ध शिक्षा

देश समाजको दुरावस्था, अराजकता र दण्डहीन अवस्थाबारे निकै चर्चा परिचर्चा हुन थालेको छ र आज नेपालको अवस्था इतिहासकै सबै भन्दा खराव र निकै दयनीय अवस्थाबाट गुजरिरहेकोमा शायदै कसैको विमति होला ।

देशको यावत क्षेत्रमा देखा परेका समस्याहरु निकै जटिल देखि साधारण पनि छन् तर यहाँ साधारण समस्याको पनि समाधान भएको देखिदैन । यसरी समस्या माथि समस्या थपिदै जानु तर समाधानको नाममा खाली व्यर्थको भाषणबाजी, नारा जुलुस, सभा, समारोह, बन्द हडताल आदिमात्र हुनाले झन समस्या समाधान भन्दा टाढामात्र पुगेको देखिन्छ । आज समाजमा देखा परेका अस्तव्यस्त, अशान्ति, अराजकता, दण्डहीनताको अन्त्यको लागि नेपाल र नेपालीमा सोच सामर्थ्य बाहुवलमा कमी आएको त होइन ? देखावटी सामर्थ्य, कोरा नारावाजी, एक आपसमा लडाउने र पछार्ने गलत प्रवृति तथा मानवीय शोच शक्तिमा ऱ्हास आएवाट के सही समस्याको निराकरण गर्न सकिन्छ र ? सार्वजनिक प्रशासन, राजनीति, आर्थिक, स्वास्थ्य, न्यायिक, उद्योग व्यापार व्यवसाय आदि कुनै पनि क्षेत्रमा लागेका व्यक्तिहरुमा नैतिकता, धार्मिकता, दक्षता, विश्लेशणात्मक क्षमता, पक्षपात नहुने गुण धर्म विना देश समाजमा दण्डहीनता अराजकता र लुट प्रथा विकास हुनमा के को आश्चर्य मान्नु पदर्छ ?

समाजमा हुने र नहुनेको बीचमा खाडल बढ्नु, भ्रष्टाचार अनीति बढनुमा व्यक्तिको चरित्रको कस्तो भूमिका रहन्छ ? व्यक्तिको चरित्रमा सुधार विना देश समाजमा अनीति, अशान्ति, अराजकता, दण्डहीनतामा नियन्त्रणको कल्पना गर्नु पनि व्यर्थ हुन्छ । देश समाजको विकास, शान्तिकोलागि अराजकता, दण्डहीनता नियन्त्रण अत्यावश्यक छ भने त्यसका लागि व्यक्तिका चरित्र सुधार नै पहिलो आवश्यकता हो ।

नेपालमा थेरवाद पुर्नजागरणको करिव आठ दशकको गौरवमय इतिहासमा निकै सघर्षका घटनाहरु देख्न र पढ्न पाउँछौ । ती सघर्षका इतिहास र अझ त्यो भन्दा पूर्वकालमा ज्ञात अज्ञात व्यक्ति महानुभावहरुले जे जस्तो सघर्ष गरे त्यसको लागि हामी धर्मका अनुयायीहरुले नतमस्तक हुनु नै पर्दछ । अझ हामी धर्मको, तत् महानुभावहरुको





ऋणको भागिदार हौ कि होइन ? विगतमा नेपालबाट थेरवाद बुद्ध धर्म नै लोप भइ सकेको अवस्थामा विभिन्न किसिमले सघर्षको अवस्था पार गरी वर्तमान अवस्थामा आई पुग्नुबाट अहिलेको पुस्ताबाट कस्तो किसिमले ऋण चुक्ता गर्नु पर्ने हुन वा कस्तो जिम्मेवारी निभाउने पर्ने हुन ? आज देश समाजको भयावह अवस्थालाइ मध्यनजर गर्दा धर्मको कस्तो भुमिका रहनु पर्ने हुन वा धर्मावलम्वीहरुले कस्तो भूमिका निभाउने पर्ने हुन ? देश समाज अवस्था खराव भन्नु, राजनीति प्रशासन लगायत अन्य क्षेत्रमा समस्या छ भन्नु तर विभिन्न निकायहरुमा धर्मको पहिचान विना कायक्रम हुन, नीति निर्माण हुन अनि देश समाज खराव अवस्थामा डुवेर बस्नु तर देशको राजनीति, प्रशासनमा धर्मको अभाव हुनु आफैमा विरोधाभाष भएन र ? अर्को शब्दमा भन्नु पर्दा विगतमा थेरवादको पुनर्जागरणको लागि सघर्ष भए जस्तै आजको समाजको शान्ति, विकासको लागि सार्वजनिक प्रशासन, राजनीति लगायत अन्य क्षेत्रमा धर्मको पहुँच पुऱ्याउने आवश्यकता होइन र ? वा यो नै विगतको ज्ञात अज्ञात महानुभावहरु प्रति सच्चा श्रद्धान्जली वा ऋण मुक्तिको बाटो त होइन ? नभए देशको प्रशासन राजनीति र अन्य क्षेत्र धर्म र नैतिकता विपरीत तथा अराजकता र दण्डहीनताको अवस्था बाट चलिरहुन अर्कोतिर धर्मका अनुयायीहरुबाट धर्मको रागमात्र जप्दै गर्नुबाट के देश समाजमा शान्ति आउन सक्दछ ?

आज देश समाजमा अराजकता, दण्डहीनता बढ्नुमा व्यक्तिको अकुशल कर्म, अज्ञानताबाट भएकोमा शंका छैन । यस सन्दर्भमा धम्मपदको केही श्लोक (क्रमश: ६,३६,२३९) सान्दर्भिक ठान्छु ।

परे च न विजानन्ति - मय'मेत्थ यमामसे ।
ये च तत्थ विजानन्ति - ततोसम्मन्ति मेधगा ।।

अर्थ: मूर्खहरुले 'हामी अवश्य पनि एक दिन मर्नु' पर्दछ भनी विचार गर्दैन, हामी मर्नु पर्दछ भनी विचार गर्यो कि कलह शान्ति हुन्छ ।

सुदुद्दसं सुनिपुणं - यत्थ कामनिपातिनं ।
चित्तं रक्खेथ मेधावी - चित्तं गुत्तं सुखा'वहं ।।

अर्थ: हेर्दा देख्न गाह्रो निकै सुक्ष्म, आफु मन लागेको स्थानमा जाने, यस्तो चित्तलाई मेधावी (पण्डित) हरुले वशमा राख्नु पर्दछ, चित्तलाइ वशमा राख्न सकेमा मात्र सुख प्राप्त हुन्छ ।



Downloaded from http://www.dhamma.digital

अनुपुब्बेन मेधावी - थोक थोकं खणे खणे ।
कम्मारो रजतस्सेʼव -निद्धमे मलʼमत्तनो ।।

अर्थः सुनारले विस्तारै चाँदिको कसर हटाएर पठाएझै, मेधावीहरुले विस्तारै अलि अलि गरेर बेला बखतमा आफ्नो चित्तमा भएका खराबीहरु हटाउनु पर्दछ । (साभारः भिक्षु अमृतानन्द, धम्मपद)

यी श्लोकहरुको अर्थबाट पनि देश समाजमा व्याप्त अराजकता, दण्डहीनताको नियन्त्रणकोलागि व्यक्तिहरुको कुशल कर्म अनिवार्य भएकोमा दुइमत हुँदैन । कुनै पनि देश समाजमा अराजकता, दण्डहीनता पूर्ण अन्त्य त हुन सक्दैन तर सवाल कस्तो अवस्थामा छ र सरकारी संयन्त्रको नियन्त्रणमा छ वा छैन भन्ने हुन् । आज नेपाल लगायत विश्वका कयौ देशमा अराजकता, दण्डहीनता सरकारी संयन्त्रवाट नियन्त्रणको अवस्था भन्दा निकै टाढा पुगेका देखिन्छ । महामानव, महान गुरु भगवान् गौतम बुद्धले पनि सबैलाई पार लगाउने जिम्मा लिनु भएन खाली बाटो देखाउने कार्य गुर्न भयो । वहाँको उपदेश शिक्षामा हामी बरोवर पाउँछौं - तथागतले खाली बाटो देखाउने हुन गन्तव्यमा हिडने, बाटो पहिल्याउने व्यक्तिहरु आफैले हुन ।

आज देश समाजको भयावह अवस्थाबाट पार लगाउन, विगतका महानुभावहरुको ऋण चुकाउन, देश समाजको विकास शान्ति तथा भविष्यको पुस्तालाई समेत सही बाटो देखाउन, देश समाजमा सुख शान्ति पुर्वक जिउने वातावरण, अवसर दिनको लागि समेत राजनीति, सार्वजनिक प्रशासन लगायत अन्य क्षेत्रमा नैतिकता तथा धर्मको पहुंचद्वारा दण्डहीन र अराजकता नियन्त्रण आजको आवश्यकता हो ।

सबैको कल्याण, मङ्गल, भलो होस् !

- धर्मकीर्ति वर्ष २७, अंक ५, वि.स. २०६६





# धार्मिक कार्यक्रम आयोजन हुनु, उपदेश सुन्नु मंगलकार्य

देश विकासको लागि सक्षम, नैतिकवान, उधमशील, जनमत हुनुपर्दछ । आज हाम्रो देशमात्र नभइ विश्व नै भयावह अवस्थामा गुज्रिरहेको आभाष मिल्छ । व्यक्तिको गुण, क्षमता, नैतिकताको आधारविना घर, समाज, राष्ट्र र विश्वको विकासको परिकल्पना गर्नु नै व्यर्थ हुन्छ । धार्मिक कार्यक्रम आयोजना हुनु, उपदेश सुन्नु र मनन गरी व्यवहारमा उतार्ने नैतिकवान, दक्षतायुक्त जनमत तयारगर्नु पर्ने आजको तड्कारो आवश्यकता हो । यस्तो कार्यक्रम आयोजना हुनु, उपदेश सुन्न पाउनु पनि ठूलो अवशर हो भने उपदेश सुन्ने क्रममा नया कुरा सुन्न पाउनु, पुरानो कुरा पुनः स्मरण हुनु, असल मान्छेहरुसंगाको सतसंगत हुन पाउनु आदि फाइदाजनक कुरा नै भयो ।

आज देशमा भएको कयौ नीति कार्यक्रमहरु लागु भए पनि जनस्तरमा विकासको प्रतिफल पाउन नसकेको कटु यथार्थ त छदै छ, अझ केही सिमित वर्ग, व्यक्तिहरुलेमात्र फाइदा लिने शिक्षा, योजना, कार्यक्रमहरुको मात्र बाहुल्य छन कि ? देशको बेरोजगारी, आर्थिक असमानता हटाउन वास्तविक रुपमा चाहिने मानसिक दक्षता, नैतिकवान, कुनै पनि कार्यक्रम, योजनालागु गरेपछि सोको प्रतिफल प्रति जिम्मेवार बनाउने, उतरदायित्व बनाउने जनमत नै तयार गर्न सोच सम्म बनाउन सक्यौ कि सकेनौ ? आज समाज राष्ट्रमा हातीको देखाउने दाँत झै विभिन्न योजना, कार्यक्रमहरुको नाममा खाली पैसा बगाउने गलत संस्कृति, अरुको देखासिकी गर्ने होडवाजीमात्र हुनु तर आम जनताको कार्यस्तर, सोचाइको स्तर, मानसिकताको अभिबृद्धि र विकासको कुनै योजना वा परियोजनाको अभाव छ कि छैन ?

धम्मपदको श्लोक (६९) राख्नु सान्दर्भिक हुनेछ ।

मधुʼव मञ्ञती बालो - याव पापं न पच्चति ।
यदा च पच्चति पापं - अथ बालो दुक्खं निगच्छति ।।



Downloaded from http://www.dhamma.digital

अर्थ : पापको फल नआएसम्म मूर्खले आफूले गरेको पापलाई महभै सम्झिरहेको हुन्छ तर जुनबेला पापको फल भोग्नु पर्ने हुन्छ त्यसबेला मात्र त्यो मूर्ख दु:खी हुन्छ । (साभार: धम्मपद, भिक्षु अमृतानन्द, नेपालभाषा) ।

आज समाज, राष्ट्र नै गलत परम्परा, गलत संस्कारको होडवाजीमा व्यस्त त छैन ? राष्ट्रको गलत परम्परा वा नैतिकवान जनमत तयार गर्ने सोच नहुनु आदिको प्रतिफल नै आजको अवस्थालाई मान्न सकिन्छ कि सकिदैन ?

राज्यले यस्तो जनमत तयार गर्ने जमर्को, कार्यक्रम नबनाउँदा पनि कुनै धार्मिक संघ सस्थाहरुले धार्मिक कार्यक्रम आयोजना गरीरहनु निश्चय नै खुसीको कुरा हुन । प्रशंगावश २०६६ माघ २ गते देखि ८ गते सम्म धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिको आयोजनमा ललितपुरको सुनाकोठी स्थित बौद्धजन विहारमा आयोजना भएको प्रवज्या, गुरुमा, र ऋषिणी कार्यक्रमलाई जति प्रशंसा गरेपनि अपुग हुने ठान्छु । बाल बालिकाहरुको स्कुलको जाडो विदाको अवसरमा बुद्ध शासनमा प्रवजित हुनु, बुद्ध शिक्षा, व्यवहार उतार्न पाउनु बालबालिकाहरुको भविष्य सुधार हुनुको साथै देशको सक्षम जनमत तयार गर्ने खुडकिलोको रुपमा समेत लिन सकिन्छ । यस अर्थमा आयोजक संस्था लगाएत भन्ते गुरुमा र अन्य प्रत्यक्ष अप्रत्यक्ष रुममा सहयोग गर्ने सबैलाई धन्यवाद दिनु पर्ने कर्तव्य ठान्छु ।

कार्यक्रममा विहारका धर्मगुप्त भन्तेसंगको छोटो दर्शन, पुग्गलपञ्ञत्ति (पुद्गलप्रज्ञप्ति, Designation of Human Types ) पुस्तक पाउनु लगायत भन्ते र धम्मवति गुरुमाबाट धर्म उपदेश सुन्न पाउनु पनि ठूलो अवसर हुन । भन्तेको वाचन “आज एकजना आमा/बुबाले १५ जना छोराहरु पाल्न सक्छ तर १५ जना छोराहरुले एक जना आमा/बुवा पाल्न सक्दैनन”- निकै मर्मस्पशी, हृदय विदारक र दर्दनाक छ; आजको समाजको सही चित्रण गर्न प्रयाप्त र सक्षम छ । नैतिकवान जनमत विना यो अवस्था आउनुमा समाज राष्ट्र र विश्वको शिक्षा, संस्कृतिको के कस्तो भूमिका छ वा छैन ? (समयको आरोह अवरोह, सामाजिक, साँस्कृतिक परम्परा (?), विभिन्न व्यक्तिहरुका बौद्धिक र मानसिकताको मिश्रण, संयोजन वा व्यक्तिगत कमिकमजोरीको कारणले म पनि आज संयुक्त परिवारिक अवस्थाबाट विमुख छु )। राज्यको दायित्व सामाजिक साँस्कृतिक परम्परा अक्षुण्ण राख्न चाहिने सवल व्यक्ति तयार गर्न आवश्यक हुने शिक्षा, नैतिक शिक्षा प्रदान गर्नु र अन्य भौतिक पुर्वाधार तयार गर्नु हो कि होईन ?





उक्त कार्यक्रमको अन्त्यमा आयोजक तर्फबाट सो कार्यक्रममा सरीक हुने बालबालिका, अभिभावकहरु लगायत अन्यलाई धन्यवाद दिएको सन्दर्भमा व्यक्तिगत रुपमा (अभिभावकहरुको सहमति भएमा सबैको तर्फबाट समेत) यस्तो धार्मिक कार्यक्रममा धर्म श्रवण गर्न अवसर तथा देशको लागि नैतिकवान जनमत तयार गर्ने (राज्यले गर्नु पर्ने ) कार्य समेत गर्नु भएकोमा साधुवाद व्यक्त गर्दछु । कुनै पनि स्कुलले जाडोयामको छुट्टिमा यस्तो कार्यक्रमको आयोजना गर्न प्रेरित होउन भनी कामना समेत गर्दछु ।

सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !! सबैको भलो होस् !!!

- धर्मकीर्ति वर्ष २७, अंक ११, वि.स. २०६६



Downloaded from http://www.dhamma.digital

# सम्मा आजीवो (शुद्ध आजीविका)

बौद्ध दर्शनमा आउने आर्य अष्टांगिक मार्ग (आठवटा मार्ग भएको बाटो) मध्ये एउटा मार्ग सम्मा आजीवो (शुद्ध आजीविका) हो । आज देश समाजमा व्याप्त भ्रष्टाचार, अनाचार, हत्या, हिंसा, आंतङ्कको आदिको गहन विचार गर्ने हो भने समाजको विकास, शान्ति सुव्यबस्थाको लागि बौद्ध दर्शनको तडकारो खाँचो देखिन्छ ।

देश समाजमा आर्थिक भ्रष्टाचार, दुराचार आदिको थालनी कहिले र कहाँबाट भयो भन्ने खोजीनीति गर्ने हाम्रो चासोको विषय नभए पनि प्राचिनकालदेखि नै भ्रष्टाचार, अनाचार आदि मौलाएको प्रष्ट छ र सोही अनुरुप निश्चय नै बौद्ध दर्शनमा शुद्ध जीविकाको प्रशङ्गग आएकोमा दुइमत हुँदैन ।

अब हाम्रो देश समाजमा विगत केही महिना यता भ्रष्टाचारको जुन छवि उजागर भएको छ देश समाजले गहिरिएर सोच्नु आवश्यक छ हाम्रो भविश्य कस्तो हुने ? तथा भावी पुस्तालाई हामीले के कस्तो सामाजिक परिवेश जिम्मा लगाउने ?

हरेक व्यक्तिको आ- आफ्नो सोचाई, ईच्छा, कर्म र विपाक(फल) अनुरुप आफूले गर्ने कार्य र परिणाम फरक आउनुलाई स्वाभाविक ठान्नसकिन्छ । तर कुनै व्यक्ति विशेषलाई सही बाटोतिर हिडाउने वा गलत बाटोतिर हिडाउनुमा समाज अनि राष्ट्रको के कस्तो भूमिका रहन्छ त ? आज देशको हरेक क्षेत्रमा देखिएका विकृती आदि विचार गर्दा के व्यक्ति आदिको गलत आचरण मात्र यसको लागि जिम्मेवार हुन कि सामाजिक परिवेश, सोचाई, क्षमता, ईच्छा तथा व्यक्तिगत गल्तीलाई नियन्त्रण गर्न नसक्ने समाज यसका जिम्मेवार हुन ?

मानवकालको इतिहासमा जङ्गली अवस्थादेखि आजको वैज्ञानिक विकासको युगसम्म आईपुग्नुमा मानव विचार शक्ति, ईच्छा, कार्यक्षमता आदिको हात रहेकोमा शंका छैन तर नेपालको परिप्रेक्ष्यमा कतै हाम्रो सामाजिक परिवेशले त हामीलाई विकासको बाटो तर्फ जान रोकिरहेको छ कि ?

अब शुद्ध आजीविका (सम्मा आजीवो) तिर विचार गर्ने हो भने कर्मचारीहरुको भ्रष्टाचार आदिद्वारा अर्जित धनलाई शुद्ध कमाई मान्न सकिँदैन भने व्यापार व्यवसायमा पनि विभिन्न किसिमको मिसावट, भन्सार चोरी, ठगी आदिद्वारा कमाइएको धनलाई शुद्ध मान्नसकिँदैन । त्यस्तै, अन्य सेवामूलक कार्यद्वारा आय आर्जन गर्नेहरुले पनि





गैर जिम्मवारी तथा नियमवेगर धन कमाएको छ भने त्यो पनि शुद्ध जीविका हुनसक्दैन ।

बौद्ध दर्शनमा वर्णित पाँच जीविकाहरु, अश्त्रशस्त्रको व्यापार, विषको व्यापार, मानव शरिरको व्यापार, मासुको व्यापार, रक्सीको व्यापार, व्यवसायलाई वर्जित ठानेकोमा, निश्चय नै समाजको फेरिदो परिस्थिति अनुरुप अन्य क्रियाकलापहरु पनी यदि समाज राष्ट्रलाई अधोगतीतर्फ लानेमा जिम्मेवारी छन् भने त्यस्तो जीविकालाई पनि शुद्ध आजीविका मान्न कदापी सकिँदैन ।

देशको हरेक क्षेत्रमा देखिएका छाडापन, अराजकता,गैरजिम्मेवारीपन, अकर्मन्यता आदिले समाजमा परको व्यापक असरलाई ध्यानमा राख्ने हो भने समाजले थुप्रै समय अनुत्पादक रुपमा खेर फालेको प्रस्ट हुन आउँछ भने अझ यसले भविष्यमा ल्याउने नकारात्मक परिणामलाई विचार गर्ने हो भने अझ भयावह देखिन्छ । कर्मचारी वर्गले कार्यालयको समयमै पनि ठट्टा मस्करीगरी समय बिताउँदा एकातिर देश समाजले गरेको लगानीको प्रतिफल प्राप्त गर्न सकिरहेको छैन भने सर्वसाधारण जनताले सुशासन, छिटो प्रशासनको अनूभति प्राप्त गर्न नसकी देश समाजले दोहोरो मार भोगिरहेको प्रस्ट हुनआउँछ । कर्मचारी वर्गले नियम कानुन बमोजिम कार्य गर्नु सट्टा आफूलाई फाईदा हुने र नहुने स्वार्थमा अभिप्रेरित भई कार्य गर्नु, व्यापारी, उद्योगीवर्ग तथा राजनेताहरुले आ- आफ्नो स्वार्थपुर्तिको लागि कर्मचारी संयन्त्रको गलत प्रयोग र हस्तक्षेप गर्नुबाट सामाजिक जीवन स्वच्छ नभएको देखिन्छ ।

अल्पविकसित अवस्थामा रहेको समाजमा निश्चय नै व्यक्तीगत सोच, क्षमता, आदी पनि विकसित नहुने सन्दर्भमा अब समाज र हामीले सोच्नु पर्दछ कतै हाम्रो सामाजिक मूल्य मान्यतामा पो खराबी छ कि ? कतै हाम्रो सामाजिक वातावरण, आवोहवा, साँस्कृतिक चाड पर्व, रीतिथिति परम्परा आदिले भ्रष्टाचार, दुराचार तथा अशुद्ध आजीविका जिउने उर्वर भूमि त प्रदान गरको छैन ? अन्यथा आज राजनीतिक नेताहरुमा र उच्च प्रशासक वर्गहरुको आचरणमा सुधार हुनु पर्थ्यो भनी जुन जनआवाज आएको छ त्यो स्वंयमा हास्यास्पद छ । के कसैको आचरणमा एकैचोटी आमूल परिवर्तन आउन सक्छ ? के समाज अनि राष्ट्र एकैचोटी अल्पविकसित अवस्थाबाट विकसित राष्ट्रको रुपमा परिवर्तन हुन सक्छ ? अब जबकी समाज अनि राष्ट्रको ठूलो भाग हिस्सा गलत वातावरण पैदा गर्नमा लगानी भइ रहेको छ भने सामाजिक वातावरण प्रदूशण हुने नै भयो । तसर्थ अब आउने पुस्तालाई सही शिक्षा दिई, सही सामाजिक वातावरणमा हुर्कने अवसर प्रदान गरी,



Downloaded from http://www.dhamma.digital

भविष्यमा देश र समाज स्वच्छ अनि विकासको बाटोमा डोऱ्याउने नीति अवलम्बन गर्नु आजको नितान्त खाँचो हुन आएको छ ।

देशमा हजारौंको संख्या रहेका एन.जी.ओ. आई.एन.जी.ओ. हरुको क्रियाकलाप पनि देश तथा समाजको विकासमा सार्थक भूमिका नदेखिएको सन्दर्भमा यी सङ्घ संस्थाहरुको उपादेयतामा पनि प्रश्न उठाउन सकिन्छ । के त यी आई.एन.जी.ओ. तथा एन.जी.ओ.हरुले देशको बेरोजगार हटाउन तथा सामाजिक विकासमा कस्तो योगदान दिएको छ ? अथवा यिनिहरु कुनै वर्गबिशेषको लागि मात्र कमाउने भाँडोको रुपमा रही झन् देश समाजमा आर्थिक खाडल बढाउनमा जिम्मेवार छन ? निश्चय नै देश समाजमा हुने र नहुनेको बीचमा खाडल बढी समाजमा जुन असन्तुन आउँछ त्यसको मार गरिब वर्गमा प्रत्यक्षत पर्छ तर जब समाजमा विविध समस्या देखा पर्दछ तब हुने खाने वर्ग पनि त्यसको असर बाट बच्न कठिन हुन्छ । त्यसलै सामाजिक वातावरण सन्तुलनमा राखीराख्नु पनि सबै वर्गको दायित्व हुन आउँछ - सामाजिक सहिष्णुता कायम राख्नु, शुद्ध आजीविका वमोजिम जीविका निर्वाह गर्नु ।

यसरी समाजमा शुद्ध आजीविका नभएमा देश समाजको हरेक क्षेत्रमा यावत समस्या हरु आईलागदछन् । माथी भने झै बौद्धदर्शनमा आएको आर्य अष्टांङ्गिक मार्गमा (आठ वटा अङ्ग भएको मार्ग) एउटा सम्मा आजीव हो भने अरु सात वटामा सम्मा दिट्ठी (ठीक धारणा),सम्मा संकल्प (ठीक संकल्प), सम्मा वाचा (ठीक वचन), सम्मा कमन्त (ठीक कर्म), सम्मा व्यायाम (ठीक प्रयत्न), सम्मा सति (ठीक स्मृति), सम्मा समाधी (ठीक एकाग्रता) हुन । देश समाजको विकासको लागि यी अङ्गहरुको निकै महत्व भएको नकार्न सकिँदैन ।

तसर्थ देश तथा समाजको विकासको लागि व्यक्तीगत आचरण नै प्रमुख आधार हो भने अब आउने पुस्तालाई सही आचरण बनाउन स्वच्छ र सन्तुलित समाजको परिकल्पना र सही शिक्षा दिने हेतु बौद्ध दर्शनको आवश्यकता रहेको छ ।

सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !! सबैको भलो होस् !!!

- गोरखा पत्र, २०५९ पुस ८





# व्यक्तिगत आचरण, सामाजिक दायित्वको बीचमा धर्म

आज शान्तिका अग्रदुत भगवान् गौतम बुद्ध जन्मनु भएको नेपाल स्वंय शान्तिको लागी प्रयत्नशील भईरहेको अवस्था छ । विश्वका कयौं राष्ट्रले बुद्ध धर्म राष्ट्र घोषित गरी शान्तिको सन्देशको प्रवर्तकको रुपमा भगवान गौतम बुद्धलाई मान्दै आईरहेको छन् । तर नेपाल स्वंय आज शान्तिको खोजीमा हिड्नु परेकोमा हामीले आफूलाई भगवान् गौतम बुद्ध जन्मेको देश भनी कुन अर्थमा भन्न सकिन्छ ? यस अर्थमा के हामीले धर्म बुझ्न सकेनौं वा बुझ्न कोशिश नै गरेनौ ? यस अर्थमा के हामी भगवान् गौतम बुद्धको सच्चा अनुयायी हुन सकेनौं र यही नै नेपाल र नेपालीको ठूलो दुर्भाग्य हुन गएको हो ?

हामी बहुसंख्यक जनताहरुले बौद्ध दर्शन के हो र यसको मर्म के हो भनी बुझ्न सकेको छैन बरु यसलाई नकरात्मक दृष्ठीकोणले हेरी रहेको हुन्छ । केही सभा समारोह र अन्तराष्ट्रीय वातावरणमा जानु पर्दा, आफुले आफनो परीचय दिनु पर्दा आफु बुद्ध जन्मेको देशको नागरिक हुँ भन्दा गर्वित महशूश गर्दछ - आफूले बौद्ध दर्शन र सिद्धान्त अनुरुप आचरण गर्ने त परै जावस, बौद्ध दर्शनको सामान्य क ख पनि नजानेकै किन नहोस् !

आज व्यापार व्यवसायमा कालो धन्दा, नक्कली सामान, तौलमा ठगी देखी विविध तरीका देख्न सकिन्छ भने शैक्षिक क्षेत्रमा पनि एक तिर जागिर गरी अन्त अन्तै पनि काम गर्नु पर्ने बाध्यता (आर्थिक स्थिती कमजोर भएकोले गर्दा) भएकोले, बिधार्थीहरु ट्युसनको मारमा परेको छन भने ट्युसन नगरेका विधार्थीहरुले वान्छित सेवा नपाउने नै भयो । त्यसै गरी चिकित्सा क्षेत्र पनि महँगो शिक्षाको कारणले नर्सिङ्ग होमको व्यवस्था पछि महँगो त भयौ नै व्यक्तिगत महत्वकांक्षाले गर्दा व्यक्तिगत आचरण, नैतिक जिम्मेवारी तथा सामाजिक दायित्वबाट पन्छिदै गएको भान हुन्छ । त्यसै गरी बौद्धिक वर्गहरु पनि आ-आफ्नो डफुली बजाउनमा त व्यस्त छैनन ? देश समाजको वास्तविक छवी र त्यही वमोजिमको सुझाव सल्लाह दिनको साटो सैद्धान्तिक बुद्धिविलासमा पो अल्झिएको छन् कि ? यस्तै कयौ संचारको माध्यमहरु एकनासले आ आफ्नो स्वार्थ र समुहको प्रचार प्रसारमा एकतर्फी रुपमा लागेको त छैन ?



Downloaded from http://www.dhamma.digital

बुद्ध धर्ममा आएको साधारण गृहस्थीले आफ्नो जीवन यापनको क्रममा दैनिक अपनाउनु पर्ने पंचशील - (१) जीव हत्या नगर्नु, (२) चोरी नगर्नु, (३) व्यभिचार नगर्नु, (४) झूटो नबोल्नु, (५) लागु पदार्थको दुर्व्यशनी नहुनु, के धार्मिक व्यक्तिहरुलाई मात्र लागु हुने हुन् ? अन्य क्षेत्र - सामाजिक, शैक्षिक, बौद्धिक, व्यापार व्यवसाय तथा राजनीतिक गर्ने व्यक्तिलाई यसको औचित्य छैनन ?

आज हाम्रो देश समाजमा राजनीतिक शैक्षिक तथा अन्य क्षेत्र जस्तै धार्मिक क्षेत्रलाई अलग्ग क्षेत्रको दृष्टिकोणबाट हेर्नु नै आफैमा गलत हो, जबकी धर्म प्रत्येक व्यक्तिहरुको क्षण क्षणको क्रियाकलापमा अभिव्यक्त भइरहेको हुन्छ । प्रत्येक व्यक्तिको क्षण क्षणको शरीर वचन र चित्तद्वारा हुने काम कारवाहिको व्यक्तिगत जीवनमा र सामाजिक जीवनमा के कस्तो असर परिरहेको हुन्छ ? व्यक्तिहरुको नैतिक आचरणमा सुधार नआउनु, ल्याउन नचाहनु अनि व्यक्ति आफैले आफैलाई जीवनको भव चक्रमा अल्झाइराख्ने हो भने अनैतिक व्यक्तिहरुको बाहुल्य भएको देश समाजको वातावरण पनि दूषित हुनुमा केही शंका रहँदैनन् । व्यक्तिगत सजक र सचेतता अपनाउन धर्म र साधनाको कस्तो भुमिका छ ? यस्तोमा एउटा पक्षले अर्को पक्षलाई देश समाज बिगारेको भनी आरोप गर्नु नै फजुल र व्यर्थको कुरा बाहेक केही हुन सक्दैनन् । प्रत्येक व्यक्ति जुनसुकै क्षेत्रमा संलग्न भए पनि धार्मिक हुन नितान्त जरुरी छन। त्यसो नभएमा समाजको हरेक क्षेत्रमा विसंगती विकृती आउन स्वाभाविक नै हुन्छ भने देश समाजले वान्छित विकास गर्न सकेनन् भनी भन्नु पनि सर्वथा अनुचित नै हुन्छ ।

नेपाल र नेपाली बुद्ध जन्मेको देश भए पनि व्यक्तिगत रुपमा बौद्ध दर्शन, सिद्धान्तबाट अनभिज्ञ हुनमा हाम्रो कुन मानसिकताले काम गरेको छ ? सरकारी तवरबाट यसलाई आवश्यक सहयोग र समर्थन नमिलेको हो ? आज नेपाल र नेपाली शान्तिको खोजीमा भौंतारीन परेको कारण आफूसँग भएको ज्ञान र दर्शनलाई अंगिकार गर्न नसकेकोले हो ?

आज देशको हरेक क्षेत्रमा अराजकता हुनु भनेको व्यक्तिहरुमा धर्म भ्रष्ट भई लागु पदार्थको दुर्व्यशनी, चोरी, व्यभिचार, हिंसा हत्या, चुगली, झूट, कडा वचन र व्यर्थको गफ, लोभ द्वेष र मोह जन्य अकुशल कर्म बढ्न गएकोले हो । व्यक्तिले निरन्तर रुपमा धर्म प्रती समर्पित भै लागेमा निश्चित रुपमा बुद्धि बिवेक क्षमतामा अभिबृद्धि हुन गई





व्यक्ति स्वंयको भलो मात्र हुने नभइ समग्र रुपमा देश र समाज पनि स्वच्छ र स्वस्थ्य वातावरण निर्माण तर्फ अग्रशील हुन सक्छ ।

अब व्यक्तिको आचरण सुधार गर्न प्रत्येक व्यक्तिले दैनिक रुपमा धर्म पालन गर्नु आवश्यक छ । एक जना व्यक्तिले दैनिक रुपमा आफुले शील पालन गर्ने र त्यही अनुसार आफ्नो क्रियाकलापमा पनि सामजस्यता ल्याउनु सक्नु पर्दछ अन्यथा व्यक्ति स्वंय धार्मिक पाखण्डी र आडम्वरमा मात्र सिमित रहन्छ ।

यसरी व्यक्तिको आचरण सुधारको लागि धर्म नभई नहुने आधारहरु हुन भने आजको विषम परिस्थितिबाट पार लगाउन व्यक्तिहरुको बौद्धिक क्षमता, आचरणमा सुधार हुन पर्ने आजको अपरिहार्य आवश्यकता हो ।

सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !!

- धर्मकीर्ति वर्ष २५, अंक १९, वि.स. २०६४



Downloaded from http://www.dhamma.digital

## युवा वर्ग हो सचेत बनौ
## व्यक्तिगत सचेतता र नैतिकता नै देश समाज विकासको मूल आधार

कुनै पनि देशको विकास र समृद्धीको लागि समाजको सबै वर्गको भूमिका महत्वपूर्ण हुनेमा कसैको दुईमत नहोला । जब सम्म समाजमा रहने सबै वर्ग, क्षेत्र, जाति आदिको समानुपातिक विकास भएको हुँदैनन त्यहाँ विषम परिस्थिति, विकृती, अन्याय, अत्याचारजन्य आदि समस्याहरुले पनि सँग सँगै आश्रय पाईनै रहेको हुन्छ । अझ हाम्रो जस्तो देश जहाँ भौगोलिक विकटता, विभिन्न सामाजिक रहन सहन, विभिन्न जात जातिहरु भएको समाजमा त झन विकास र समृद्धी उपलब्धी गर्न निकै गाह्रो हुन स्वाभाविकै हुन ।

विश्वका राष्ट्रहरुका विकसित, विकासोन्मुख र अल्पविकसितको विभाजनको रेखा खिँच्नूमा त्यस त्यस देशको सामाजिक परिस्थिति, सोचाई, कार्य क्षमता आदिले निश्चय नै ठूलो भूमिका खेलको छन् । देश समाजको सामाजिक परिवेश, रीति थिती, शिक्षा, सोच आदि नै गलत छ भने व्यक्तिको सोच, कार्यक्षमता, शिक्षा त्यही कमजोरीमै रुल्मलिरहने भई आफनो सोच, कार्यक्षमता बृद्धी गर्न नसक्नुलाई अस्वाभाविक मान्नु पर्दैन । व्यक्तिको सोच, क्षमता, व्यवहार नै समाजको परिचय हुन भने, व्यक्तिले आफ्नो इच्छा, क्षमता पनि सामाजिक परिवेशबाट नै पाउने भएकोले व्यक्ति र समाज एक अर्कामा अन्यान्योश्रित छन् । सामाजिक परिवेश गलत भएकोले व्यक्तिको आचरण, सोचाई आदि गलत भएको र व्यक्तिगत सोच, आचरण, ईच्छा, गलत भएकोले समाजिक परिवेश पनि दुषित भएकोमा शंका रहदैन । अब यहाँ समाज पहिले खराब भयो कि व्यक्ति पहिले खराब भयो भन्ने हाम्रो खोजिनीतिको विषय होइन किन भने यो आफैमा अण्डा पहिले कि कुखरा पहिले भन्ने प्रश्नझै निरुत्तर हुनेछ । तर हाम्रो चासोको विषय भनेको विगतको गल्तीमा वाद विवाद गरिरहुनको सट्टा व्यक्ति, समाजमा भएको कमी कमजोरलाई पत्ता लगाई समाजलाई विकास र समृद्धी गर्नको लागि उद्योगशिल हुनु आजको आवश्यकता हो र त्यसको लागि यही समाजमा भएका व्यक्तिहरुबाट पहल हुनु आवश्यक छ । तर माथि भनिएझै समाजकै परिवेशवाट व्यक्तिहरुको सोच, इच्छा, क्षमता हुने भएकोले (जबकी समाज स्वंय प्रदुषित छ) र व्यक्तिहरु फेरी त्यही सामाजिक परिवेशको भूमरीमा नै अल्झिरहने हुनाले, समाजको विकास र समृद्धीको कल्पना गर्न पनि निकै उराठ लाग्दो छ । तसर्थ





देश समाजको सच्चा विकास गर्ने हो भने प्रत्येक व्यक्तिले आफनो सामाजिक परिवेश भन्दा बाहिरको सोच बनाउन आवश्यक हो भने निश्चय नै यो प्रत्येक व्यक्तिलाई ठूलो चूनौती पनि हो ।

आज देशको जुन सामाजिक आर्थिक राजनैतिक माहौल छ त्यो निकै कहाली लाग्दो छ भने निश्चयनै राजनीतिक, आर्थिक दुराबस्था आफ्नो सामाजिक परिवेश र सोचाई भन्दा पृथक हुन सक्दैनन । के आज देश समाज विकास नहुनुमा हाम्रो मानसिक सोचाईको कमजोरी होईन ? के मानसिक दरिद्रता संगसगै आर्थिक दरिद्रता भई गरिबीको समस्याबाट देश समाज विकासको पथ तिर अग्रसर हुन नसकेको होईन ? के देश समाज विकास नहुनु र हरेक क्षेत्रमा यावत समस्या देखा पर्नु सामाजिक परिवेश र सोचाईको असफलता तथा गलत माहौल नै हो भन्न काफी छैनन् ?

समयको आरोह अवरोह सगै परिवर्तनहरु हुनु स्वाभाविक नै हुन् तर परिवर्तन विकासतिर अग्रसर छन् की विनाशतिर उन्मुख छन् यो शोचनीय कुरा हो । आज भौतिक विकासलाई मात्र विकासको परिचायक मान्ने जुन मापदण्ड छ त्यो स्वयम गलत सामाजिक परिवेश र मानसिकताको उपज मान्न सकिन्छ । के आज चिल्ला विल्डिङ्ग, मोटर कार, सडक आदिलाई मात्र विकासको पूर्वाधार मान्ने ? होईन भने आजे सामाजिक वातावरण जुन किसिमले विग्रिएको छ त्यसलाई देश समाज विनाशतिर उन्मुख भएको भन्न सकिन्छ कि सकिदैन ? आज समाजमा हुने नहुनेको बीचमा दुरी झन् झन् बढदै जानु, बेरोजगारीको समस्या बढ्दै जानु, उत्पादकत्वमा ह्रास आउनु, मंहगी र गरिबीले देश समाजको यावत क्षेत्रमा समस्या देखा पर्नुले निश्चय नै राम्रो भविष्यको संकेत गर्दैनन् ।

आज विशेष गरी युवा वर्गमा देखा परेको मानसिक कुण्ठा, उच्च महोत्वाकांक्षा, असन्तोषपन, बेरोजगारीले गर्दा लागू पदार्थको दुर्व्यशनी बढ्न जानु, समाजको अन्य क्षेत्रमा विकृती विसंगती देखा पर्नुबाट देश समाजको बागडोर सम्हाल्नु पर्ने युवा वर्गले पथ पर्दशकको अभावबाट आफू पनि दिगभ्रमित हुन गई भबिष्यमा समेत देश समाजले सही नेतृत्व नपाउने स्वतः शिद्ध छन् । यसरी भन्ने हो भने देश समाजले विकासको झलक देख्नलाई ठूलो बाधा अवरोधको सामना गर्न पर्ने निर्विवाद छ र भबिष्यमा समेत विकास र समृद्धीको कल्पना गर्नु निरर्थक हुने छ ।

यस्तो विषम परिस्थितिमा पनि आज विभिन्न राजनीतिक दलहरुले आ-आफ्नो दलगत स्वार्थ प्रेरीत मूद्धाहरु उठाएका छन् त्यो निश्चय नै देशको सामाजिक धरातल -



Downloaded from http://www.dhamma.digital

गरिबी, बेरोजगारी, अशिक्षा, कमजोर मानसिकता बिर्सी देश समाजलाई दिगभ्रमित पार्ने आफ्नो मानसिक कुण्ठाको परिचय दिएको भन्नु पर्दछ ।

आज २१ सौ शताव्दीको संसार विश्व संचार माध्यमको द्रुतगती विकासले गर्दा साँघुरो भएको छ र हामी पनि विश्वको प्राविधिक विकास लगायत अन्य राजनीतिक उठलपुथल, चाहना बाट मुक्त हुन सक्दैनौं । तर हामीले विश्वको अन्य राष्ट्रहरुको देखासिखीमात्र गर्ने कि, आफ्नो सामाजिक धरातलनै कमजोर छ भने पहिला त्यसलाई सुधार गर्ने ? विकसित राष्ट्रहरुको राजनीतिक पद्धती मात्र नक्कल गर्न खोज्ने कि विकसित राष्ट्रका जनताहरुको मानसिक क्षमता, आचरण, व्यबहार, राष्ट्रप्रतिको कर्तव्य र उतरदायित्व सहितको सामाजिक परिवेश पनि अध्ययन गरी त्यही अनुसारको हाम्रो व्यक्तिगत आचरण, व्यवहार, शिक्षामा आवश्यक सुधार ल्याउन प्रयास गर्ने ?

देशको सर्वसाधारण जनता, विशेष गरी युवा र विद्यार्थी वर्ग देश समाजको यथार्थ धरातल प्रति सचेत वनी आफ्नो आचरण नैतिकवान वनाउन तर्फ अग्रसर हुन आजको आवश्यकता हो । नेतृत्व वर्गले सोच्नु पर्दछ देश समाजमा विकराल परिस्थिति भई देश नै नरहेमा कहाँ के को राजनीती गर्ने ? फेरी एक पल्ट युवा र विधार्थी वर्ग हो, देश समाजको सामाजिक वास्तविक धरातल - गरिबी, बेरोजगारी, अनुत्पादक, भुखमरीलाई सम्झी सस्तो नारावाजी र दिगभ्रमित राजनीतीमा अल्झनुको साटो, स्थायी शान्ति सुव्यबस्था र आथिर्क, सामाजिक समृद्धिको लागि सचेत बनौं ।

अन्त्यमा देश समाजको सही र स्वच्छ विकासको लागि, भावी पुस्ताको सुन्दर भविष्यको तथा हामी आफ्नो देश समाजको ऋण बाट मुक्त हुनको लागि सबैले सही सोच बनाउन सकुन ।

सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !!

- धर्मकीर्ति वर्ष २६, अंक २, वि.स. २०६५





# समयको सद्धुपयोग नै वास्तविक धर्म

आज देशको हरेक क्षेत्रमा देखा परेको अस्तव्यस्त, अराजकता, छाडापन, गैर जिम्मेवारीपन, दण्डहीन अवस्था कानूनी राज्यको खुल्ला उपाहासको उदाहरण दिनहुँ जसो सुन्न देख्न र भोग्न परीरहेको अवस्थालाई कसैले विमती नजनाउला । यस्तो अवस्थामा व्यक्ति समाज र देशको विकासको स्वप्न देख्नु झन् झन् टाढाको कुरा हुनपुगेको छ । आज समाज र व्यक्तिको कुरा गर्दा समस्या नै समस्यामा जेलिएको मुख्य कारक तत्व पहिचान नगरी खाली हचुवाको भरमा देखावटी कुरा गर्नेमात्र परम्परा बन्न थालेको छ ।

आज देश समाज र विश्व पनि ठूलो आर्थिक मन्दीवाट गुज्रिनुपरेको अवस्थाबाट पार लगाउन कुनै भाषण नारावाजीले समस्या समाधान गर्न नसकिने प्रष्ट छ । देश र समाजको अवस्थाको विचार गर्दा व्यक्तिहरुको कार्य दक्षतामा प्रश्न उठाउन त छँदैछ अझ गर्नु पर्ने काम नगरी वा नगर्नु पर्ने काम गरेर कहीं समय र साधनको दुरुपयोग त गरिहेको छैन ?

जबसम्म व्यक्तिको क्षमता अभिबृद्धि गराउने कार्यक्रम हुँदैन, समय बरबाद हुनबाट बचाउन सकिँदैन, व्यक्तिले गर्नुपर्ने कार्य गर्ने र नगर्नु पर्ने कार्य माथि विचार गर्दैन तब सम्म देश समाजले सही कार्यक्रम र नीति पनि पाउन सक्दैन र विकासको कल्पना गर्नु पनि व्यर्थै हुन्छ ।

यहाँ धम्मपदको दुइवटा श्लोक राख्न सान्दर्भिक ठान्छु ।

उट्ठानकालम्हि अनुट्ठानो
 युवा बली आलसियं उपेतो ।
संसन्नसङ्कप्पमनो कुसस्तो
 पञ्ञाय मग्गं अलसो न विन्दति ।।

अर्थ : उद्योग गर्नु पर्ने समयमा उद्योग नगरी बलवान युवक भए पनि अल्छी भएर, भएको नभएको चिन्तन गरेर मन अल्छी भएर बस्ने अनुद्योगीहरुले प्रज्ञाको मार्ग प्राप्त गर्न सक्दैनन् । (धम्मपद २८०)



Downloaded from http://www.dhamma.digital

यं हि किच्चं तदपविद्धं - अकिच्चं पन कयिरति ।
उन्नलानं पमत्तानं - तेसं वड्ढन्ति आसवा ।।

अर्थ : गर्नु पर्ने कर्तव्य नगरी, नगर्नु पर्ने काम गरी, अभिमानी, अंहकारी भएर बस्नेहरुको आस्रव बृद्धी हुन्छ । (धम्मपद गाथा २९२)

आज देश समाजको भयावह अवस्थालाइ विचार गर्दा हामीले निकै समय बरबाद गरेको भान हुन्छ । साथै सही कुशल कार्य गर्नुको साटो अकुशल कार्यमा मात्र अल्झिई सही रुपमा ज्ञान हासिल नगरेको भन्नु पर्ने अवस्था देखिन्छ । भगवान् गौतम बुद्धले आफ्नो जीवनकालमा व्यक्तिहरुलाई अज्ञान नै सबभन्दा ठूलो सत्रु हो भनी शिक्षाको ज्योति छर्नु भयो । तर नेपाली समाजले यो शिक्षालाइ वास्तविक रुपमा ग्रहण नगरेको देखिन्छ ।

व्यक्तिको अज्ञानता, क्षमतालाई विचार गर्दाखेरी देश समाजको अवस्था बिगार्नुमा व्यक्तिको भूमिका छ भन्ने विषयमा शंका नै छैन । तसर्थ भविष्यमा समाज र देशको विकासको लागि मानवीय क्षमता अभिबृद्धि, समयको सही सदुपयोग, गर्नुपर्ने काम र नगर्नुपर्ने काम छुटाउन सक्ने क्षमता विकासको लागि बुद्ध शिक्षा दिनु, सोही अनुरुप जनमत तयार गर्नु मात्र देश र समाज विकासको लागि सही माध्यम हुन सक्दछ ।

सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !! सबैको भलो होस् !!!

- अमलेख साप्ताहिक वि.स. २०६५ मंसिर ३०





# सेवाग्राहीको सेवा भावविना समाज विकास असंभव

समाजको हरेक क्षेत्रका व्यक्ति आजको भयावह अवस्थाबाट निकै आत्रान्त, भयभित तथा चिन्तित छन् । आज हरेक क्षेत्रका मानिसहरु समाज, देश, र विश्वको राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक, प्रशासनिक, स्वास्थ्य लगायतका यावत समस्याहरुमा छलफल गरीरहेको भेटिन्छन्, देख्न सकिन्छ । सबैको मुखमा समाज, देश नराम्रो भन्नुमा छ तर यस्को कारण पत्तालगाउन उद्धत नभएको कि भन्ने आभाष हुन्छ ।

हरेक मानवहरुको आफ्नो सोचाईको स्तरअनुसार चाहना हुन अस्वाभाविक होइन । जुनसुकै कार्यक्षेत्रमा कार्यरत व्यक्ति आफ्नो स्वार्थ मात्र सिद्धि गर्ने, अरुको सेवामा समर्पणको अभाव हुनु वा स्तरीय सेवा प्रदान नहुनु नै आजको समस्याको मूल कारण त होइन ? देशको सार्वजनिक प्रशासनमा कार्यरत कर्मचारी, प्रशासकहरुले सर्वसाधारण जनताको हकहित हुने खालको सेवाभावद्धारा कुशल कार्य गर्न सकिरहेको छ वा छैन ? यसै गरी समाजका अन्य यावत क्षेत्रमा कार्यरत व्यक्तिहरुले आ-आफ्नो क्षेत्रबाट दिने सेवा स्तरीय छ वा छैन ? वा खाली धनको लागि, देखावटीको लागि, आफ्नो स्वार्थ सिद्धिको लागि मात्र वा अरुलाई बेवकुफ बनाउनुमै आफ्नो पुरुषार्थपना, बल वा शक्ति त ठानिरहेको छैन ?

विश्वका मनुष्यहरुमा बौद्धिक क्षमता, बुद्धि विवेकमा ह्रास आएको त होइन ? यदि होइन भने समस्याहरु थप माथि थप कसरी हुँदै गएको हो ? समस्याहरुमाथि समस्या थपिंदै जानु तर समाधान गर्न मानविय क्षमता, बलबुद्धिले नभ्याएको खण्डमा विश्व ध्वस्त हुन कति बेर ? आज समाज, देश र विश्वमा नै व्यक्तिगत स्वार्थहावी हुँदै जसो भए पनि धन कमाउने, जम्मा गर्ने प्रवृत्ति मौलाँउदै गएको छ । त्यसलाई हामीले मानव बौद्धिक क्षमता, बुद्धिविवेकमा न्हास आएको मान्न सकिन्छ कि सकिदैन ? मानवहरुको प्रथम कर्तव्य त अरु व्यक्तिहरुप्रति सेवाभाव राख्नु, आफ्नो कार्यले अरु प्राणी, समाज देशलाई कस्तो प्रभाव पर्दछ त्यो सोच्नु पर्दथ्यो वा पर्दैन ?

देश समाजमा जसरी भए पनि धन कुम्ल्याउने, अरुलाई छल्ने (?), ठग्ने (?), अरुको सम्पतीमा कुदृष्टि (?) लगाउने, सम्पती चोर्ने (?), कामकुरा ठग्ने (?), समय



Downloaded from http://www.dhamma.digital

बरर्बाद गर्नेहरुको (?) जमातमात्र बढेको हो कि होइन ? यस्तो जमातद्वारा देश समाजको विकास, शान्ति सुव्यवस्था हुन्छ भनी सोच्नु अर्को ठूलो मूर्ख्याईं हुन्छ कि हुँदैन ?

आज राज्य, राज्यका विभिन्न संयन्त्रहरुमा नानाप्रकारको समस्या देखापर्नु यस्तै व्यक्तिहरुको मुर्ख्याइको कारणले भएको हो कि होइन ? यस्तो अवस्थाबाट पार लगाउन राज्य, राज्यका संयन्त्रहरुले कुन प्रकारको योजना नीति, कार्यक्रम बनाएको छ वा छैन ? व्यक्तिहरुको व्यक्तित्व, कुशलतातर्फ उन्मुख गराउने शिक्षा दिने नीति राज्यले अवलम्वन गरेको छ वा छैन ?

व्यक्तिहरुको चरित्र सुधारहेतु भगवान बुद्धले भिन्न भिन्न स्थानमा व्यक्तिहरुको स्तर हेरी विविध किसिमका उदाहरण सहित उपदेश दिनुभएको सन्दर्भमा आजको समाज, देश र विश्वको अवस्थालाई मध्येनजरगरी एउटा श्लोक राख्नु उपयुक्त हुनेछ ।

न तं दल्हं बन्धनमाहु धीरा
यदायसं दारुजं बब्बजञ्च ।
सारत्तरत्ता मणिकुण्डलेसु
पुत्तेसु दारेसु च या अपेखा ।।

अर्थ : फलामको, काठको, डोरीको बन्धनलाई धीरजनहरुले बन्धन भन्ठान्छ तर धन सम्पत्ति, स्त्री पुत्रपुत्रीमा हुने अनुराग नै साँच्चैकै बन्धन हुन्छ । (धम्मपद ३४५)

आज समाजमा जसरी भए पनि धन कमाउने गलत होडवाजी गर्ने व्यक्तिहरुले धन सम्पत्तिलाई बन्धन ठान्न नसक्नु ठूलो मूर्खता हो कि होइन ? राज्यले यस्तो शिक्षा (बुद्ध शिक्षा) नदिएको अवस्था, नैतिक शिक्षाको अभावमा, राज्यको उदाहरणीय व्यक्तिहरुवाट नै गलत कार्य पेश भएको अवस्थामा देश समाज भडखालोमा जानुको विकल्प अरु हुन सक्दैनन् । घरमा सेवाभावना नभएको र कर्मचारी प्रशासक वा अन्य यावत क्षेत्रमा व्यक्तिहरुमा सेवाभाव नभएको जनमत तथा कुशलकर्मीहरुको साटो, सेवाभाव थाहा नहुने, अकुशल कर्मीहरुको बाहुल्यता भएको समाजको विकास असंभव नै छ ।





यस्तै मुर्ख्याइँ, मूर्खहरुको कारणले सबै ध्वस्त हुनेछ भनी सम्झन अझ धम्मपदको अर्को गाथा स्मंरण गर्नु मननीय छ ।

यावदेव अनत्थाय - ञतं बालस्स जायति ।
हन्ति बालस्स सुक्क'स - मुद्ध'मस्स विपातयं ।।

अर्थ: मुर्खहरुको बुद्धि सबै अनर्थकर हो, मुर्खहरुले आफ्नो मुर्खताले आफ्नो प्रज्ञा तथा कुशल कर्म सबै ध्वस्त गर्दछ । (धम्मपद ७२)

समाजको हरेक क्षेत्र, व्यक्ति आजको भयावह अवस्थाबाट निकै आत्रान्त, भयभित तथा चिन्तित भइरहेको अवस्थामा समाजका हरेक क्षेत्रका व्यक्तिहरु चाहे राजनीतिक, आर्थिक, शैक्षिक, प्रशासनिक ,स्वास्थ्य, न्यायिकलगायतका किन नहुन, आफ्नो मुर्ख्याइँ, मुर्खता हटाउन,कुशल कर्म प्रति उद्यत हुन, विश्वलाई विनाशवाट बचाउन प्रयासरत बनाउन बुद्धशिक्षा अनूरुप जीवन जिउनु आजको आवश्यकता हो ।
सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !! सबैको भलो होस् !!!

- आनन्द भूमी वर्ष ३७, अंक ११, वि.स. २०६६



Downloaded from http://www.dhamma.digital

# मानवीय इतिहास मुर्ख्याइँहरूको संग्रह

नेपाललगायत विश्वको आजको वातावरण निकै विषादयुक्त, भययुक्त, त्राशपुर्ण छ । विश्वको कयौं भाग भुखमरी, अनावृष्टि, अतिबृष्टि, ज्वालामुखी, भुकम्प आदि इत्यादीको प्रभावबाट गुज्रिरहनु पर्ने यथार्थ हो । यस बाहेक मानवीय मुर्ख्याइँको कारणले हुने युद्ध, अपराध, द्वेष, बदला, गालिगलौज आदि ईत्यादीबाट हुने क्षति बेग्लै छन । संसारको कुनै पनि श्रृष्टि, वा जीवन अनित्य, छण भंगुर हुन भन्ने नजान्नु, जातजाती, समुहमा अंहता प्रर्दशन नै विश्व समाजको सबभन्दा ठूलो मुर्ख्याईं हुन ।

## जातजातिको अभिमान :

आज नेपालमा जातीय, संघिय सार्वभौमसत्ता आदि इत्यादि नाराहरुको गुंजमान छ । संसारका सर्वश्रेष्ठ कहिलएका मानव जातिहरु आफै पुन: विभिन्न जात जातिमा विभाजित हुन, विभिन्न जातिहरु मध्य कुनै उँच, कुनै नीच हुनमा के को आधार मान्यता हुन्छ ? के कुनै  कुलमा जन्मेको आधारमा उँच र नीचता हुन्छ ? व्यक्तिको विद्या, शीप कलाको मान्यता हुँदैनन ? मानव इतिहासमा कुनै एक सभ्यता, समुहले कुनै सभ्यता, समुह, वस्ती, टापुमा अतिक्रमण गरेर आफनो समुह वस्ती बढाउदै गएको, विभिन्न स्थानहरुमा एक आपसमा धुलमिल भइ नयाँ मिश्रण भएबाट के कुनै जात जातिमात्र शुद्ध र श्रेष्ठ भएर रहने अवस्था छ ? वा कुनै पनि जातजाति कुल शुद्ध छैनन ?

प्रशंगावश अम्बट्ठ सुत्तको घटना उल्लेख गर्नु सान्दर्भिक हुन्छ । भगवान् बुद्ध कोशल देशमा चारिका गर्नु हूँदै इच्छानङ्गल भन्ने ब्राह्मण गाँउमा बस्नु भयो । पोक्खरसाति ब्राह्मणले भगवान बुद्ध ३२ लक्षणले युक्त भएका हुन कि होइनन भनी जाँच्न आफ्नो शिष्य अम्बट्ठलाई पठाउनु भयो । अम्बट्ठ मानवले ब्राह्मण जाति ठूलो भन्ठानेकोले भगवान बुद्धसंग उठेर नै कुरा गर्नु भयो । यसमा भगवान् बुद्धले  ब्राह्मण विधा पूर्ण नभइ पूर्ण भयो भनी विचार गर्ने हुन भने पश्चात, अम्बट्ठ मानवले शाक्यहरु दासी परम्पराबाट आएको र ब्राह्मणजातिलाई मान्नु पर्ने बतायो। भगवान बुद्धले अम्बट्ठ मानवलाई कपिलबस्तुमा शाक्यहरुले आदर सत्कार नगरेको कारणले शाक्यहरुप्रतिको द्वेष भएको तथा शाक्यहरु पनि कपिलवस्तुको वासिन्दा हुनुको नाताले अभिमान भएका हुन भनी,





अम्बट्ठ मानवलाई कुन गोत्रका भनी प्रश्न गर्नु भयो । अम्बट्ठ मानवले आफू कण्हायनगोत्र भनी जवाफ दिनु भएकोमा, शाक्यवंश ओक्काकराजको क्षत्रीय कुल भएको तर कण्हायन गोत्र ओक्काक राजाको दासी दिशा भन्नेबाट आएकोले आफ्नो वशं परम्परालाई विचार गरी हेर्न बताउनु भयो । अम्बट्ठ मानवसँग आएकाहरुले कोलाहल गरे । भगवान् बुद्धले कण्हायनहरु दक्षिणमा गइ ब्रह्म मन्त्र जानेर मद्यरुपि ओक्काकराजाको छोरी विहा गरेर आउने क्षेत्री परम्पराबाट आएको पनि छन् भन्नु भई समग्र रुपमा जात जाति भन्दा विद्याको महत्व हुने दर्शन दिनु भयो ।[१]

आज नेपाल लगायत विश्वमा कुन जाति शुद्ध रुपमा रहन सकेको छन होला वा कति मिश्रण भइसकेको होला ? के कुनै वंश जातिको नाममा उँचनीचताको मान्यता कायम हुन सक्दछ ? आज जातीय पहिचान, स्वतन्त्रता, संघियताको माग हनु तर  व्यक्तिलाई चाहिने मानवीय गुण, शिक्षा, विद्याको माग गौणहुनबाट विश्व, मानव श्रृष्टिको अन्तको नजिकिदै गएको परिचयात्मक रुप लिन सकिन्छ कि सकिदैन ?

## स्वआत्मलोचन/हारजित :

विश्वको इतिहासमा कुनैपनि व्यक्ति पूर्ण रुपमा सफल असफल वा पूर्णताले भरेको हुन सक्दैनन् । मानव इतिहास एकले अर्कोलाई हराउने, आफु जित्ने, आफ्नो इच्छालाई परिपुर्तिगर्न अरुलाई झुक्याउने, पछार्ने खेलहरुको संग्रह सिवाय अरु केही होइन । यसको विपक्षमा अध्यात्मधर्मले व्यक्तिलाई अकुशलबाट पारहुने र कुशलकर्ममा उद्यत हुन प्रेरीत गर्ने हुन ।

आज नेपाल लगायत विश्वमा मानवत्ताको अभाव, अराजकता, लुट, भ्रष्टाचार, चोरी डकैतीहरुको बिगबिगी बढ्नुसिवाय अरु के भइरहेको छ ? के कुनै व्यक्ति, संगठन वा राज्यले आफूले गरेको गल्ति, भूलको संगालो प्रकाशन, प्रायश्चित गर्न सक्दछ ? मानव इतिहासलाई सही शिक्षा सिकाउने जमर्को गर्न सक्दछ ? वा यस्तो केही नगरी खाली गालीगलौच, आफ्नो गल्तिलाई खाली धाकछोप गर्न अरुको गल्तिमात्र उजागर गरी आरोप प्रत्यारोपकोमात्र खेल खेली रहने ? जीवनमा व्यक्तिले जानी नजानी कयौ भूल

[१] भिक्खु  सुमेध धीरसुमेधो( अनु.) सम्पुर्ण बुद्धवचन तिपिटकया सार, (नेपाल भाषा) सद्धर्म प्रचारक पुच:, ई.सं २००२, पृ. ३७



Downloaded from http://www.dhamma.digital

गल्तिहरु गरेका हुन्छ नै तर यस्लाई स्वीकार गर्न पनि ठूलो बल, ईच्छाशक्तिको जरुरत पर्दछ । प्रशंगवश महात्मा गांधीको एउटा घटना स्मंरणीय छ । युवा अवस्थामा गलत संगतले, विडी फुक्ने आदिको कारणले वहाँको दाजुमाथि केही ऋण भएकोमा दुइजनाको सल्लाहबाट नै दाजुको हातमा लाउने गरेका सुनवाट केही कटाई बिक्री गरेर ऋण तिर्ने काम गरेको महात्मा गांधीलाई निकै पछुतो भयो तर आफनो बुबाको रीसाउने बानीले गर्दा मुखले नभनी, एउटा कागजमा सबै बृतान्तलेखी अब उप्रान्त यस्तो गल्ति नडोहऱ्याउने व्यक्त गऱ्यो । महात्मा गांधीको बुवा निकै रिसाउने व्यक्ति भएपनि एक शब्द पनि नबोली आँखाबाट आँसु बरबर झारी कागज च्याति दिनु भयो ।[२] के महात्मा गांधीको पिताले शान्तिको रुप प्रदशर्न गर्नु भएको हो ? आज नेपाल लगायत विश्वको विनाश नजिकिदै आएको (?) अवस्थामा व्यक्तिहरुको कुशल कर्ममा बृद्धि गर्न, पारमिता धर्म बढाउनुको विकल्प छैन ।

**पारमिता :**

आज नेपालमा संधियता, जातीय स्वतन्त्रताको राजनीतिक माग चुलिर्दो अवस्थामा कुनै एक जाति, भाषा र  धर्म विरुद्ध अन्य जाति, भाषीबीच युद्ध, द्वेष, वैमनस्य नभई शान्ति आउने कामना कसरी गर्न सकिन्छ ?

विश्व समाजको भयावह अवस्था मानवीय अकुशल कर्म, मुर्ख्याईंहरुको कारणले आएको हुन भने यसको केही हदसम्म निराकरण तथा व्यक्तिको स्वंयको मुक्तीको लागि पारमिता धर्म बृद्धि गर्नु आजको आवश्यकता हो ।

आज जतातत्तै देखापरेको लुट, भ्रष्टाचार विरुद्ध दानपारमी, व्यभिचार दु:शील विरुद्ध शील पारमी, स्वार्थीपन विरुद्ध नैष्क्रम्य, मुर्ख्याईं अज्ञानताको विरुद्ध प्रज्ञा; अल्छी, बकवासयुक्त गफ, नारा, कार्यक्रको विरुद्ध वीर्य (उत्साह); द्वेष, दुराग्रह विरुद्ध क्षान्ति (सहनशीलता); झुट, बकवासको विरुद्ध सत्य (यथार्थ वचन); गल्ति डोहऱ्याउने, अकुशल कर्म गर्ने तथा झुटको खेतीको विरुद्ध कुशल कर्म गर्ने, कुसंगत नगर्ने अधिष्ठान (प्रतिज्ञा); आफू, आफ्नो समुह विचारमात्र ठीक ठान्नु विरुद्ध सबैको वीचमा मैत्री (समभाव)

[२] मो. क. गांधी, सत्येके प्रयोग अथवा आत्मकथा - हिन्दी), नवजीवन मुद्रणालय, अहमदाबाद, ई.स. २००१, पृ. २२





र कुनै समुह जाति दलगत स्वार्थमा नलागी वा कुनै पक्ष विपक्षमा नलागी सबैमा उपेक्षा (मध्यथस्ता/तथस्थता) पारमिता विकास बृद्धि गर्न तत् अनुरुपको शिक्षा दिनु आजको आवश्यकता हो ।

**अनित्य:**

"संस्कार धर्म अनित्य हुन् । तिनीहरुमा अति नै उद्विग्न लाग्नु योग्य छ । तिनीहरुबाट मुक्त हुनु योग्य छ । विश्व(पृथ्वी) सुमेरु पर्वतसरह सातवटा सूर्यहरु उदय भएर आउने बेलामा दन्किएको आगोको गोला हुनेछ । राप र तापले दन्किएर यो महापृथ्वी आगोले विनाश हुनेछ । केही पनि बाँकी रहने छैन । यो विषयमाथि आर्यपुद्गलहरुलाई छाडी कसले जान्न र विश्वास गर्न सक्ने होला ?" ( अं.नि. सत्तनिपात सत्तसुरिय सुत्त) [३]

Betrand Russel ले विश्व(पृथ्वी) निरवशेष रुपमा निरोध र लोप भई विनाश हुने घटनालाई निम्न प्रकारले लेखेको छन् । "विश्वका मानिसहरु बसोबास गर्ने ठाउँको रुपमा केही समय बेरसम्म स्थीर रहिरहने छ । सदासर्वदा स्थीर रहिरहने छैन । वायुधन आकाशमाथि शनै:शनै: उडिरहेमा त्यो पनि उडिरहने छ । समुद्री छालको पानीको लहरको कारणले विश्व एक पार्श्वद्वारा मात्र निरन्तर मुखातीब भई विश्वको आधा भाग निकै गरम भई बाँकी आधा भाग निकै शीतल भइरहने छ । चन्द्रमाले पृथ्वीसँग टक्कर खाएमा त्यसले पनि टक्कर खानेछ" । यस किसिमका घटनाहरुसित बिल्कुल सामना भएन नै भनौ; Sir James Jean को विचार अनुसार "अन्तिम एक दिनमा सूर्य चकनाचूर भई विश्व विनाश हुनु नै पर्नेछ । त्यसरी विश्व विनाश हुन कोटान्कोटी वर्ष आवश्यक छ । त्यो समयभित्र हामीहरुले आगामी भयको निमित्त व्यवस्था गरी तयार रहन सकिन्छ । नक्षत्र विज्ञान र Rocket विज्ञान विकास हुन सकिन्छ । नक्षत्र प्रज्ञाविद्हरुले मानिसहरु रहन सकिने ग्रह फेला पारी मानिसहरु प्रकाशको आवेग जतिको द्रुतगतिले त्यो ग्रह रहेको क्षेत्रतिर जान सकिने छ । तर विज्ञानको जति विकास भएता पनि मानिसहरुले चक्रवालभित्र परिक्रमा र भ्रमण द्वारा सत्वलोकलाई निरन्तर जीवन जोडेर रहन सक्ने छैन । किनभने Thermodynamics दोश्रो धर्म नियम अनुसार Energy शक्ति एकदम धनिभूत भइरहेको

[३] भिक्षु ज्ञानपुर्णिक (धम्माचरिय)(अनुवाद), बुद्ध र बुद्धवाद, प्रथम भाग, ताइवान, द कर्पोरेट बडी अफ बुद्ध एजुकेशन फाउण्डेशन, ई.स. २००२, पृ. २३९-२४०



Downloaded from http://www.dhamma.digital

स्थितिबाट सँधै परीवर्तन भइरहेको कारणले सर्वन्तिम अवस्थामा सत्वलोक निरवशेष रुपमा निरोध र शान्त भएर नै जानेछ ।" [४]

यदि मानव संस्कृति, भाषा, जातजाति, सभ्यताको इतिहास हेर्ने हो भने पनि भाषा, जाति, सभ्यता, संस्कृति आदी कुनै पनि निरन्तर रुपमा स्थाई रहन सकेको छैन । आज इजिप्ट, मेसोपोटामिया, सिन्ध सभ्यताको बाँकी के कस्तो रुपमा छ ? वा कुनै भाषा जाति, संस्कृति सभ्यताको आयु कति वर्ष सम्म हुन्छ ?

मानिसहरुको जीवन ५०-६०-८० वर्ष, भाषा, जाति विशेषको आयु २००० वर्ष ? कुनै सभ्यताको आयु ४००० -५००० वर्ष ? मानव जाति, पृथ्वीको आयु कति वर्ष ?

मानव इतिहास हेर्ने हो भने एउटा जात, भाषा, संस्कृति, सभ्यताले अरु कुनै ठाँउ, बस्ती, भाषी, संस्कृति, सभ्यतामाथि आक्रमण गर्ने, जित्नेले शासन, भाषा, संस्कृति, सभ्यता नै लादिएको परम्परा होइन र ? आज नेपाल लगायत कयौं मुलुकमा अशान्ति, युद्ध, विषमता देखा पर्नु पनि यस्तै कडीको निरन्तरता सिवाय अरु के हो ? कुनै सभ्यता र अझ मानव श्रृष्टि नै विनाश तिर उन्मुख भएको अवस्थामा आज नेपालमा स्वायत्तराज्य, भाषिक स्वतन्त्रताको नाममा झै भगडा हुनु पनि विनाशको ठुलो लक्षण मान्न सकिन्छ कि सकिदैन ? विश्व इतिहास नै यस्तो मुर्ख्याईहरुको संगालो हुन भने आज काठमाण्डौं, नेपाल यसबाट गुज्रिन परीरहेकोमा के को आश्चर्य ?

"एक प्रकारको मनुष्यजातिको रीतिरिवाजलाई अर्को प्रकारको मनुष्यजातिको विचार व्यवहार र ज्ञान र दृष्टिद्धारा तुलना गरेर नराम्रो विवेचना र परामर्शगार्नु सजिलो काम होइन ।" यस क्षेत्रमा हामीहरुले बुद्धसंघको आस्था र विश्वासलाई फेरी ख्यालराख्नुपर्दछ । त्यो विश्वासअनुरुप यो ठाँउ मनुष्यभूमि, दु:खभूमी हो । मनिसहरुले मनुष्यलोकलाई जतिसुकै प्रयत्नगरेर स्याहार सम्हार गरेतापनि दु:खबाट मुक्त हुने छैन । [५]

[४] पूर्वोक्त पाद टिपणी ३, पृ. २३८-२३९

[५] भिक्षु ज्ञानपुर्णिक (धम्मचरिय)(अनुवाद) ,बुद्ध र बुद्धवाद, दोश्रो भाग, श्रीमान् अंगुरमान तुलाधर, श्रीमती लक्ष्मी हीरा तुलाधर, ई.स. २००९, पृ. २८५-२८६





**निश्कर्ष :**

विश्व समाज वा नेपाल वा काठमाण्डौ पतनको संघारमा उभिएको होइन ? मञ्जुश्रीले डाँडा काटी बसोवास योग्य बनाएको यस काठमाण्डौ भूमिमा कति जनसंख्याको बसोवास गर्ने क्षमता छ ? वा स्वंय यस काठमाण्डौको आयु कति वर्ष ? के यसको कुनै अन्त्य छैन ? एक जना व्यक्तिको जीवन अन्त्य(मृत्यु) झै काठमाण्डौ लगायत नेपाल र विश्वको अन्त्य छैन ? यदि सबै वस्तु अनित्य हुन, नाशवान हुन भने व्यक्ति समूह, दल- जातिहरुमा धन संग्रह, जातिय अभिमानकोलागि युद्ध, हारजितको खेल केको लागि ?

धम्मपदको एक श्लोक ( ६) मननीय, पठनीय, वन्दनीय छ । [६]

परे च न विजानन्ति - मय'मेत्थ यमामसे ।
ये च तत्थ विजानन्ति - ततो सम्मन्ति मेधगा ।।

अर्थ: मूर्खहरुले 'हामी अवश्य पनि एक दिन मर्नु' पर्दछ भनी विचार गर्दैन, हामीहरु मर्नु पर्दछ भनी विचार गर्यो कि कलह शान्त हुन्छ । (६)

संसारको नाशवान, अनित्यतालाइ सम्झिदै व्यक्तिहरुमा पारमिताको गुणधर्म बृद्धि गर्दै मूर्खतापूर्णकार्यहरुबाट विमुख हुनु व्यक्तिको पहिलो कर्तव्य हो ।

सबैको मङ्गल होस् !

- आनन्द भूमी वर्ष ३८, अंक १, वि.स. २०६७

[६] भिक्षु अमृतानन्द(अनु.), धम्मपद(पाली नेपालभाषा) काठमाण्डौं, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि, बि.स. २०४७



Downloaded from http://www.dhamma.digital

# निणर्य प्रक्रियाको लागि बुद्धशिक्षा

निर्णय कार्य दैनिक जीवनमा सबैले सधै गरीरहने सामान्य क्रिया हो यो जीवन सँगसंगै हिडिरहने र हरपल गरीरहनु पर्ने कार्य हुन । यो निर्णय सामान्य से सामान्य कार्यदेखि निकै गहनतम र समस्या समाधानार्थ पनि गरीरहनु पर्ने हुन्छ । निर्णय कार्यमा हरेक व्यक्ति, हरेक वर्ग र हरेक उमेरका व्यक्तिहरुको समेत संलग्न हुन्छ । तर पनि निर्णयको गहनता र महत्व नबुझी गलत निर्णयहरुबाट हुने गलत कार्य नै आजको विश्वको भयावह अवस्थाको कारण हो कि ? वा निर्णयको महत्व बुझाउने शिक्षाको अभाव, दक्ष जनमत तयार गर्ने सोचाइको सर्वथा अभावको कारणले गलत निर्णय गर्ने जनमतहरुको बाहुल्यता नै समाज, विश्वको विनाशको कारक तत्व त होइन ?

दैनिक जीवनमा विहान उठ्दादेखि नसुत्दासम्म, सामान्य तरकारी किन्ने, खाना पकाउने, किनमेल गर्ने, घर परिवारमा चाहिने सरसामान जोरजाम गर्ने, कुनै कार्यक्रम आयोजन गर्ने वा नगर्ने, कार्यक्रममा भाग लिने वा नलिने, कति बजे जाने, कसरी जाने, कति वजे फर्किने, कतै जाने वा नजाने, स्कूल, अफिसमा आ-आफूले गर्नुपर्ने कार्यको समाधान कुन बेला कसरी गर्ने आदि सामान्य निर्णयहरुको साथै कुनै समस्यामूलक समाधानार्थ पनि निर्णय गरीरहनु पर्ने हुन्छ । यी सबैलाई मध्यनजर गर्दा आम मानिसहरुको जीवनमा निर्णयको महत्व र भूमिका निर्विवाद रुपमा रहेको छ । तर यस्तो महत्वपूर्ण भएको यसको गरिमा र मर्मअनूरुप कार्य गर्ने जनमत छ वा छैन ? वा यसको महत्व नै बुझ्न सकेको छैन र हचुवा निर्णय गर्ने सामाजिक परिपाटी त होइन ? गलत निर्णयको परिणाम गलत आउने तथा समाज र विश्वलाई नै सखाप पार्ने कुरामा कति सचेत देखिन्छ ? वा निर्णयको नाममा खाली व्यक्तिगत स्वार्थ, राग, लोभजन्य कुरामा आशक्त भइ गलत माथि गलत निर्णय गर्ने खोक्रो परम्पराको पात्रमात्र भइरहेको छ कि ?

आज समाज र विश्वको स्थिति निकै नाजुक देखा परेको छ । मानवीय, प्राकृतिक दुर्घटनाका श्रृंखलाहरु बढनु, श्रोतसाधनहरुको अधिकतम दुरुपयोग,





मानवीय स्वार्थ लिप्सा बढदैजानु अनि निर्णय गर्नुपर्ने तथ्यहरु बढदै जानु, व्यक्तिको असक्षमता, अदक्षताले गलत निर्णयमाथि गलत निर्णय थोपर्दै जानु, समयको बरबादी हुने, चाहिने कार्य गर्न समयको अभाव हुनु आदि, ईत्यादि नै मानव इतिहास हो भने त्यसको प्रतिविम्व नै आजको वर्तमान विश्व हो ।

यसरी मानव जीवनको हरेक पल, विहान, दिउँसो, राति हरेक क्षणमा गर्नु पर्ने निणर्य अकुशल कर्मद्धारा प्रेरीत भयो भने मानव जीवन, समाज र विश्व नै भयावह अवस्थामा पुग्नु के को आश्चर्य भयो । धम्मपदको केही श्लोक राख्न सान्दर्भिक ठान्छु ।

**अभित्थरेथ कल्याणे - पापा चित्तं निवारये ।**
**दन्धं हि करोतो पुञ्ञं - पापस्मिं रमती मनो ।। (११६)**

अर्थः चाँडो चाँडै कुशल कर्म गर । पाप चित्तले पछ्याइ, अल्छीपनले पुण्यगर्नाले पापमा मन लाग्छ ।

**पापो'पि पस्सति भद्रं - याव पापं न पच्चति ।**
**यदा च पच्चति पापं - अथ पापो पापानि पस्सति ।।(११९)**

अर्थः पाप कर्मको फल नआएसम्म पापीले पापलाई पुण्य ठानीरहन्छ, पापको फल भोग्ने बखतमामात्र पापलाई पाप भनी जान्दछ ।

आजको विश्व र नेपाल यही पापको फल भोगिरहेको हो वा होइन ? यसको विपरीत समाज, विश्व र मानव जीवनलाई सफलता पूर्वक जिउन प्रत्येक व्यक्तिले हरेक पलमा कुशल कार्य गर्न अभिप्रेरित रहन आवश्यक छ । फेरी अर्को श्लोक मननीय छ ।



Downloaded from http://www.dhamma.digital

**पुञ्ञं चे पुरिसो कयिरा - कयिराथे'तं पुनप्पुनं ।**
**तम्ही छन्दं कयिराथ-सुखो पुञ्ञस्स उच्चयो ।।(११८)**

अर्थ: यदि पुण्य गर्यो भन फेरी फेरी पुण्य गर्नु ! पुण्य गर्ने इच्छा पनि गर्नु । कारण पुण्य संग्रह सुखको मूल हेतु हो ।

आज नेपाली समाजको हरेक क्षेत्रमा देखापरेको अराजकता, अस्तव्यस्तता, भ्रष्टाचार, आर्थिक अनियमितता, पक्षपाति व्यवहार आदि ईत्यादिको समाधानार्थ, व्यक्तिहरुको निर्णय गर्ने क्षमतामा कुशल कार्य द्वारा अभिप्रेरित हुने गरी गराउन सक्षम जनमत तयार गर्न बुद्ध शिक्षा आजको अपरिहार्य आवश्यकता र चूनौति पनि हो ।

सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !! सबैको कल्याण होस् !!!

- आनन्द भूमी वर्ष ३७, अंक १२।१३, वि.स. २०६६।२०६७





# बुद्धशिक्षा – विश्व वातावरणको रक्षाको लागि

आज भोली विश्वको तापक्रम, वायु, खडेरी, अतिबृष्टी, अनावृष्टि, समुन्द्रको जलसतह, हिमालको हिउँ पग्लिने आदि समस्याहरुको बारे निकै चर्चा परिचर्चा हुन्छन् । संसारको विनाशका यस्ता प्रशंगहरुमा मानवहरुको कस्तो भूमिका छ ? विकासिल राष्ट्रहरुले यसको जिम्मा विकसित राष्ट्रहरुलाई दोष देखाउने, विभिन्न खालको उद्योग कलकारखानवाबाट प्रदुशित ग्यासहरुलाई जिम्मेवार ठन्हयाउने प्रयासमात्र गरेको देखिन्छ । मिति २०६७।२।२२ मा विश्व वातावरण दिवश मनाईयो र यसमा पनि विभिन्न प्रकृतिजन्य प्रसंगहरुको कुराकानी भयो तर सवै भन्दा ठूलो कुरा व्यक्तिको धर्मको सम्वन्ध प्रकृतिसंग जोडने जमर्को देखिएन ?

आज वन जंगल, तापक्रम, पानी आदिमा वातावरणको प्रसंग चल्छ तर समाज विश्वको अराजकता, अनैतिकता, लुट, डकैति, भ्रष्ट आदि मानवीय चरित्रको वातावरण सम्वन्धि कुनै अन्तराष्ट्रिय गोष्ठि, कार्यक्रमको आयोजना हुन्छ वा हुँदैनन ? के मानवीय चरित्र भन्दा ठूलो र मूल्य वातावरण विश्वमा अरु हुन सक्दछ ? सारा संसार यो साढे तीनहातको शरीरमा भएको, वातावरणको उद्गाम यही सोच, चित हुन भन्ने कल्पना पनि गर्न सक्दैनन् ?

## धर्म एक एक व्यक्तिको :

धर्म एक एक व्यक्तिको हुन्छ । 'एकं एव चरे धम्म' एक एक व्यक्तिले धर्म आचरण गर्दछ भने समाजको कल्याण हुन्छ । जब सवै जंगल सुखा हुन्छ हामी चाहन्छौ कि जंगल पुनः हराभरा होउन्, तब सबै बृक्षहरुलाई पानी दिनु पर्दछ । जब सबै रुखहरुले आवश्यक पानी प्राप्त गर्दछ तब सबै जंगल हराभरा हुन्छ । त्यसैगरी सवै व्यक्ति धर्मवान नभइ समाजमा शान्ति छाओस्, सुखी होउन् भनी कामना गरेर समाजमा सुख र शान्ति आउन सक्दैन ।[९] आजको विश्वको माहौल, वातावरण प्रदुशित हुनमा धर्मवान व्यक्तिहरुको अभाव हो वा होइन ? विश्व

[९] **गोयन्का, सत्यनारायण, निर्मल धारा धर्म की (हिन्दी) विपश्यना विशोधन विन्यास, धम्मगिरि, इगतपुरी, मार्च १९९५, पृ. ३५**



Downloaded from http://www.dhamma.digital

वातावरण प्रदुशित भएको विभिन्न प्रशंग चलेकोमा मानव चरित्रबारे कुरा नउठनु नै विश्व वातावरण विनाशको सबभन्दा ठूलो कमी कमजोरी हो वा होइन ? आज मानव चरित्र केन्द्रित शिक्षाको उचित व्यवस्थापनविना विश्वको वातावरण दिनानुदिन ह्रासोन्मुख हुनमा के को आश्चर्य ?

एकजना शाक्य राजकुमारको प्रशंग राख्नु उचित हुनेछ । राज कुमार भृगु सद्धर्मको सम्पर्कमा आएपछि श्रद्धापुर्वक प्रवजित भएर विपश्यना साधनामा लिन हुनु भयो । तर बारम्बार अल्छीपनले बाधा पुऱ्याएपछि चंक्रमण गरेर ध्यान गर्न थाल्नु भयो र उच्चस्थानमा गई ध्यान गर्दा निद्राको कारणले माथिवाट लड्नु भयो । तर यो घटनावाट विचलित तथा हतोत्साहित हुनको साटो साधनामा झन लिन हुनु भयो र मनलाई सजक गर्नुभयो र समाहित पनि । त्यस अवस्थामा **'ततो मे मनसीकारो योनिसो उदपज्जथ'** अर्थात मेरो मनमा योनिसोमनसिकार जाग्यो अर्थात सम्यक सकल्प जाग्यो । **'आदिनवो पातुरहु'** - यो चित्त र शरीर प्रपंच प्रति जुन आसक्ति छ त्यो कति खतरनाक छ, यो बोध भयो। यसको परिणाम स्वरुप, **'निब्बिदा समतिथ'** - यो प्रपंचप्रति निर्वेद जाग्यो र मन स्थिर भयो भनी व्यक्त गरे। यसरी नै **'ततो चित्त विमुच्चि मे'** - यसबाट मेरो चित्त विमुक्त भयो । सबै संस्कारबाट छुटकारा मिल्यो। **'पस्स धम्मसुधम्मतं'** - हेर धर्मको यो सुधर्मतालाई हेर, महिमालाई हेर, महत्तालाई हेर। **'तिस्सो विज्जा अनुप्पत्ता'** - मैले तीनवटै बिधा प्राप्त गरें । **'कतं बुद्धस्स सासन'** - बुद्धको शासनको शिक्षालाई पुरा गरें भन्ने ब्यक्त भयो । [८]

## सुरक्षित र असुरक्षित :

जेतवन विहारमा ध्यान गर्दा गर्दै कोशल राजा प्रसेनजितले असुरक्षाको भयावह प्रति विचार गर्नु भयो । को सुरक्षित छ ? को असुरक्षित छ ? हात्ती, घोडा, रथमा सवार वा पैदल अंग रक्षक सहित पनि कुनै पनि व्यक्ति तब सम्म सुरक्षित हुन सक्दैनन् जब सम्म शरीर मन र चित्तको दुराचारबाट विरत हुन सक्दैनन् । शरीर, मन वचनवाट हुने दुराचारबाट भित्री शुख शान्ति हराउँदछ र मन आकुल व्याकुल हुन्छ । यो आन्तरिक सुख पाउनको लागि दुराचारबाट बच्नु पर्दछ र असली

[८] सत्यनारायण गोयन्का, जागे मंगल प्रेरणा(हिन्दी), यशपाल जैन, सस्ता साहित्य मण्डल, दिल्ली, ई.सं. १९९०, पृ. २२५





सुरक्षा आफ्नो आचरण सुधार नै हो । यो सम्झी भगवान गौतम बुद्धसंग आफ्नो सम्यक् संकल्प बताउँदा, भगवान बुद्धले उद्धरण गर्नु भएको गाथा हो,

**कायेन संवरो साधु, साधु वाचाय संवरो ।**
**मनसा संवरो साधु सब्बत्थ संवरो ।**
**सब्बत्थ संवुतो लज्जी, रक्खितोति पवुच्चतीति ।**

शरीरको संयम राम्रो छ, राम्रो छ वचनको संयम । मनको संयम राम्रो छ, राम्रो छ सबैको संयम । जुन लज्जावान व्यक्ति सबै प्रकारको संयम गर्दछ त्यही सुरक्षित छ । [९]

## धन सग्रह :

आज संसारमा व्यक्तिहरुको अज्ञानता वा मुर्ख्याइँको कारणले धन संग्रहलाई नै सुखको कारण ठानी जस्तो सुकै दुराचरणगरी धन संग्रहमा उद्यतहुनुबाट संसार नै असुरक्षित भइरहेको छैन ? धनको कारणले घर परीवार, समाज विश्वमा देखा परेको युद्धलाई बुझ्न सकिरहेको छैन ?

केही समय अधि भारतको मेधालयमा नेपाली भाषीप्रति खासी भाषीहरुले गरेको आक्रमण, हत्याको कारक तत्व के हो ? कजिकस्तानमा उज्बेकीहरुलाई लखेटनु, सयौ मानिसहरुको ज्यान जानु, ७० हजारौ मानिसहरु उज्बेकीस्तान पलायन हुनुमा कुन कारक तत्व जिम्मेवार छ ?

**पुत्त म'त्थि धनम्मत्थि - इति बालो विहञ्ञति ।**
**अत्ता हि अत्तनो नत्थि - कुतो पुत्ता कुतो धनं ?**

अर्थः मेरो छोरा छ, मसंग धन छ भनी चिन्तन गरेर बस्ने मूर्खजनहरु दुःखित हुन्छ । आफ्नो शरीर नै आफुले भनेझैं छैन भने पुत्रादि धन आफुले भनेजस्तो कहाँ हुन्छ ? (धम्मपद श्लोक ६२) [१०]

[९] सत्यनारायण गोयन्का, जागे मंगल प्रेरणा(हिन्दी), यशपाल जैन, सस्ता साहित्य मण्डल, दिल्ली, ई.सं. १९९०, पृ. **१६४-१६५**

[१०] भिक्षु अमृतानन्द(अनु.) धम्मपद (पाली - नेपालभाषा) काठमाण्डौं, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि, बि.स. २०४७



Downloaded from http://www.dhamma.digital

**वास्तविक संसार र वातावरण :**

विश्व वातावरण दिवस मनाउने, तापक्रम, ग्यास, रसायन, ईन्धन, वन जंगल आदिको यावत कुरा हुन्छ तर व्यक्तिको आफ्नो भित्री संसार, वातावरण मनको कुरा हुँदैनन् ?

"आर्य सत्यको अनुभूति पाउन, शरीरको पञ्चस्कन्धको कारणले हुने राग द्वेष मोहलाई बुझी त्यसलाई निर्मूलगरी वास्तविक सुख पाउन शरीरको भित्र नै साक्षात्कार गर्न सकिन्छ, बाहिर होइन । दुःखबाट मुक्त हुने मार्ग आर्य अष्टांगिक मार्ग शरीरको भित्र नै छ वाहिरी संसारमा होइन ।" [११]

यस अर्थमा आज संसार, वातावरण वातावरण भन्ने जुन हौआ छ त्यो आफै अपूर्ण मात्र होइन दिग्भ्रमित पनि छ । वास्तविक संसार, वातावरण व्यक्तिको शरीर भित्रै छ र मन वचन शरीरबाट हुने अकुशल कर्मबाट विरत नभई, विश्व, संसार र वातावरणको उच्चारण गर्नु समेत गलत हुनेछ र मात्र संसार भयावहतर्फ उम्मुख हुन्छ। आजको यो वास्तविकतालाई हृदयमगम गर्न सकिन्छ वा सकिदैन ? व्यक्तिको आफ्नो शरीरको क्रियाकलाप बुझ्ने शिक्षा, प्रचार प्रसारको कस्तो अवस्था छ ? वास्तविक संसार शरीर र वातावरण दुषित हुनाका कारण व्यक्ति स्वयं नै हुन भने यसको प्रदुशणबाट जोगाउन पनि व्यक्तिको शिक्षा नै महत्वपुर्ण हुने निर्विवाद छ । तसर्थ विश्व वातावरण प्रदुशित हुनवाट जोगाउन बुद्धशिक्षा आजको आवश्यकता हो ।

सन्दर्भ सामग्री

१) गोयन्का, सत्यनारायण, निर्मल धारा धर्म की (हिन्दी) विपश्यना विशोधन विन्यास, धम्मगिरि, इगतपुरी, पार्च १९९५

२) सत्यनारायण गोयन्का, जागे मंगल प्रेरणा (हिन्दी), यशपाल जैन, सस्ता साहित्य मण्डल, दिल्ली, ई.स. १९९०

३) भिक्षु अमृतानन्द (अनु.) धम्मपद - (पाली -नेपालभाषा) काठमाण्डौं, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि, बि.स. २०४७

४ ) विभिन्न दैनिक पत्रिका

- आनन्द भूमी वर्ष ३८, अंक २, वि.स. २०६७

[११] **पुर्वोक्त पाद टिप्पणी ८, पृ. १८८**





# गलत शिक्षा, गलत संस्कृति र धर्ममय जीवनको अभावमा देश विकास असंभव

देश विकासको लागि सवल सक्षम, दक्ष जनशक्तिको आवश्यकता हुने र त्यसको लागि सही शिक्षा, सही संस्कृति र व्यक्तिहरुमा धार्मिक जीवनको अपरिहार्यतामा कसैको दुई मत नहोला । आज विश्वको (कुनै देश अपवाद हुन सक्छ र त्यहाँ पनि विश्वको वातावरणले प्रभाव पार्ने हुन्छ होला) र नेपालको सामाजिक आर्थिक अवस्थाको विकराल अवस्थालाई विचार गर्दा व्यक्तिको धर्म वा अधर्म, समाजले दिइरहेको शिक्षा, संस्कृति नै देशको भयावह अवस्थाको कारक तत्व मान्ने कि नमान्ने ? कुनै पनि कारण विना परिणाम आउँदैन भने आज विश्व र देशको विकराल अवस्थाको कारक तत्व व्यक्तिको कार्यको परिणाम हो भनी सोच्न बाध्य हुन पर्ने हो । आज देश समाजको अवस्थालाई विकासतर्फ लानु छ भने शिक्षामा सुधार, संस्कृतिमा परिवर्तन र व्यक्तिको अधर्ममयबाट धर्ममयकार्यको खाँचो छ । केही महिना अधि अमेरीकी राष्ट्पतिले भन्नु भएको थियो २१ औं शताव्दीको समस्या कुनै राष्ट्लेमात्र समाधान गर्न सकिदैन । यो वाक्य आफैमा निकै गहन छ र एक देशको समस्या अरु देशको समस्या होइन भनी चुप लाग्ने अवस्था पनि छैन तर विश्वमा देखा परेका समस्याहरुको पहाडलाई एक देशले मात्र समाधान गर्न नसकिने यथार्थता पनि झल्काउँछ । आज के गरिबी के धनी मुलुक सबैलाई विभिन्न समस्याहरुले जकडिएको नै छ । संसारका व्यक्तिहरुको धर्ममय जीवनको अभावमा समस्याहरु थपिदै जाने सिवाय समाधानको नाममा देखावटी कार्यमात्र हुन र त्यसले अरु समस्याहरु क्रमश निम्त्याउने देखिन्छ । यसरी कार्य कारणको सिद्धान्त बमोजिम नै गलत शिक्षा, गलत संस्कृति र धर्ममय जीवनको अभावमा विश्व, देशको भयावह अवस्था भएकोमा के को आश्चर्य हुन्छ ?

भगवान् गौतम बुद्धले प्रतित्य समुत्पाद व्याख्या गर्ने क्रममा बताउनु भयो ।

**इमस्मिं सति इदं होति** - यो कारण हेतुधर्म रहेमा यो फल कार्यधर्म रहन्छ ।

**इमस्सुपादा इदं उप्पज्जति** - यो कारण हेतु धर्मको उत्पतिको कारणले यो कार्य फलधर्म उत्पन्न हुन्छ ।



Downloaded from http://www.dhamma.digital

**इमस्मिं असति इदं न होति** - यो कारण हेतुधर्म नरहेमा यो कार्य फल धर्म रहन्न् ।
**इमस्स निरोधा इदं निरुज्भति** - यो कारण हेतुधर्मको निरोधको कारणले यो कार्य फलधर्म निरोध हुन्छ ।

आज देश समाजको विकराल अवस्था गलत शिक्षा, गलत संस्कृति र धर्ममय जीवनको अभावले भएको हो भने यसको निराकरणको लागि सही शिक्षा, सही संस्कृति र धर्ममय जीवनको आवश्यकता छ ।

संयोगले यो लेख पूर्णभएको थिएन एउटा कार्यक्रममा सहभागी हुन पाइयो । प्रस्तुतीकरण थियो बर्ड फ्लु रोग सम्वन्धि र विभिन्न निकायहरुको भूमिका आदि । यो कार्यक्रममा जानकारी पाए अनुरुप विश्वमा अरबौ रुपिया यो रोगको रोगथामको लागि खर्च भई सकेको छ । हाल विश्वमा केही मानवमात्र यसबाट सक्रमित र मृत्यको सिकार भए पनि लाखौको संख्यामा कुखराहरु मारीसकेको (रोग लागेकाहरुको सक्रमित हुनबाट जोगाउन) थाहा भयो । यो भन्दा खतराजनक कुरा त यदि यो महामारीको रुपमा फैलियो भने लाखौ मानवको ज्यान जान सक्ने र हाल यसको भाइरसको शक्ति विगतको तुलनामा बढ्दै गएको समेत जानकारी भयो । विश्व स्वास्थ्य संगठन लगायत अन्य संस्थाहरुको अध्ययनको आधारमा प्रत्येक ३०-४० वर्षमा यस्तो महामारी फैलिने गरेकोमा हाल ३५ वर्ष देखि यस्तो नभएकोले अब कुनै पनि बखतमा हुन सक्ने अध्ययन निश्कर्ष समेत थाहा भयो । त्यो कार्यक्रमको मुख्य उद्धेश्य यो रोगको जानकारी सर्वसाधारणलाई दिनु, विभिन्न निकायहरुको सहयोगबाट रोगको रोकथामको कार्यक्रममा सहयोग लिनु हो । यो रोग घुमन्ते चराहरुबाट पनि सर्न सकिने, मासुजन्य पदार्थको ओसार पसार र रोगलागेको कुखुरा भेटेको ठाँउको तीन कि.मी संक्रमित क्षेत्र तथा देश र अन्तराष्ट्रियस्तरबाटै रोकथाममा लाग्नु पर्ने भएकोले खर्चिलो र अन्तराष्ट्रिय खतरा र चूनौति समेत भएको जानकारी प्राप्त भयो । लेखको सन्दर्भमा यो कार्यक्रमको जानकारी अनौठो लाग्न सक्छ तर पशुपंछी जन्य उत्पादनको ओसारपसारमा कुनै सावधानी भएन वा एक जनाको गल्तिले (जानी वा नजानी वा लोभको कारण) ठूलो क्षेत्र, विश्व र कयौ मानवीय जीवनको सवालमा प्रश्न चिन्ह खडा गर्न सक्दछ । यो चर्चा गर्नुको अर्थ पनि हो एक व्यक्ति वा प्रत्येक व्यक्तिको धर्म वा अधर्म क्रियाकलाप नै देश समाजको अवस्थाको परिणाम हो भनी देखाउनु ।

बुद्धधर्मको सम्यक आजीविका (सम्मा आजिवो, लेख ९ मा छ) अनुसार पशुपंछिको व्यापार व्यवसाय नै गर्नु हुँदैन भन्ने भावनालाइ एकातिर विर्से पनि यदि यो रोगलागेमा





सर्व प्रथम यो व्यवसायमा लागेका ठूलो रकम त बरबाद हुने नै भयो भने मानव जीवनको ठूलो सख्यामा असर पर्ने त देखियो नै ।

अब समाज देश र विश्वको अवस्थाबाट पार लाउन धर्म (बुद्ध धर्म)ले कसरी सक्छ वा यो धर्मको गुण के हो ? माथि भनिएझै आजको दुरावस्थाको जिम्मा व्यक्तिको अधर्म - कर्म जिम्मेवार छ भने यदि व्यक्तिहरुले धर्ममय कर्म गर्यो भने देश समाजको अवस्था राम्रो हुनेमा शंका छैन साथै धर्मको फल पनि यही जीवनमा देख्न सकिन्छ । धर्मले यहीँको यही नै फल दिने अर्थात् आर्य पुद्‌गलहरुले स्वंय साक्षात्कार गर्न सकिने भएकाले “सन्दिट्ठिक”, समय नबित्दै फल दिने भएकाले “अकालिक” तथा “आऊ” र “हेर” भनी बोलाएर देखाउन योग्य भएकाले “एहिपस्सिक” गुणले संयुक्त छ । आजको भयावह अवस्थाबाट पार पाउन देश समाजको अवस्था कायापलट भएको हेर्न देखाउन समेत गलत शिक्षा, संस्कृतिको साटो बुद्धशिक्षाद्वारा, कार्यालय वा राजनीतिक कार्यमा स्तरीय, धर्ममय वा कुशल कर्म आजको अपरिहार्य आवश्यकता हो ।
सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !! सबैको भलो होस् !!!

- आनन्द भूमी वर्ष ३७, अंक ९, वि.स. २०६६



Downloaded from http://www.dhamma.digital

## नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स
## राम्रो नियत(मन)ले काम गर्ने व्यक्तिको पछाडी सुख आउंछ

आज समाज, देश र साँच्चै भन्ने हो भन्ने यो विश्वको परिवेश समेत राम्रो अवस्थामा रहेको छैन । यसो हुनाका मुख्य कारण हाम्रो मन स्वच्छ नहुनु हो । मानिसको आचरण उसको विचारमा भरपर्छ । उसको विचार मनको शुद्धतामा निर्भर रहन्छ । कुनै कसैको पनि यदि मन शुद्ध र स्वच्छ छ भने उसको आचार विचार पनि तदअनुरुपकै हुनेगर्छ । तसर्थ हामीले आफ्ना मनलाई स्वच्छ राख्नु परम आवश्यक छ । किनमने हाम्रो मन नै सबथोक हो । हामी हिंडनु, डुल्नु, खानु, पिउनु, सोच्नु चिन्तन मनन गर्नु आदि सबै कुरा मनमै आधारित हुन्छ । सबै मनका उपजहरु हुनु । यस सन्दर्भमा एउटा घटना याद आउँछ, कुरा श्री लङ्काको हो ।

एक जना माझी थियो। उ सधैंभरि खोलमा गई त्यहाँको भित्तामा जहाँ जहाँ प्वाल छ त्यहाँ त्यहाँ हात छिराएर माछा झिक्ने काम गर्‍थ्यो । त्यस बुद्धले धेरै जसो लामो खालको माछाहरु हात पर्दो रहेछ । माछा हात पर्नासाथ त्यसलाई टोकरीमा राखी उफ्री जाला भनी तुरुन्तै त्यसको मुख बन्द गर्दो रहेछ ।

एक दिन माछा समात्न जाँदा उसलाई टोकेको अनुभव भएछ । तर उसले ख्यालै गरेन । सदा झैं माछा जम्मागरेर उ घर गएछ र उसले एउटा लामो माछा तरकारी बनाउन घरमा छाडेर अरु माछा बेच्न बजार गएछ । माछा बेचिसकेपछि उ घरमा आएछ र आफ्नी श्रीमतिलाई सोधेछ, - 'माछा पाक्यो ?' उनको कुरा सुनी श्रीमतीले जवाफ दिएछ,- कहाँको माछा हुनु तपाइँले छोडेर गएको त्यो त सर्प पो रहेछ । उनको कुरा सुनी त्यो माझी झसङ्ग भएछ । तत्क्षण उनलाई याद आयो - माछा मार्न जाँदा कसैले टोकेको । उनले आफ्नो हात हेरेछ । नभन्दै उनको हातमा टोकेको घाउ थियो । तत्क्षण उनले चाल पाएछ । उनलाई सर्पले टोकेको पो रहेछ । यसरी सर्पले टोकेको थाहा नहुदा सम्म उ बाँचिरह्यो तर जब सर्पले टोकेको थाहा भयो अनि मृत्यु भयो । [१२]

[१२] भिक्षु अश्वघोष, निन्दाबाट बच्ने कोही छैन, ढल्को, काठमाण्डौं, प्रकाशक, लेखक स्वंय, वि.सं. २०५५, पृ. ४९





यो हो मनको क्रिया । जबसम्म मन बलियो हुन्छ, स्वास्थ्य पनि त्यसै अनुसार हुने गर्दछ । मन कमजोर भएपछि स्वास्थ्य पनि बिग्रिन्छ र आयु कम हुन जान्छ। त्यसैले मन बलियो पार्नु पर्दछ । तसर्थ भगवान् बुद्धले मन स्वच्छ हुनुपर्ने कुरामा विशेष जोड दिने गर्नु भएकोछ । उहाँ भन्नु हुन्छ, -

मनोपुब्बङ्गमा धम्मा - मनोसेट्ठा मनोमया ।
मनसा चेपदुट्ठेन भासति वा करोति वा
ततो नं दुक्खमन्वेति चक्कं'व वहतो पदं ।।। [१३]

भावार्थ: - जुन सुकै अवस्थामा पनि सबै भन्दा पहिले मन नै जानेगर्छ । तसर्थ मन नै मुख्य हो । सबै कुरा मनबाटै व्याप्त रहेको छ । यदि खराव नियतले कुनै कसैले केही काम गर्दैछ भने त्यस व्यक्तिको साथमा गाडा तान्ने गोरुको पछिपछि पाङ्ग्रा आए झैं दु:ख आउने गर्छ ।
यसर्थ कुर्न पनि काम गर्दा पहिले मन नै राम्रो हुनुपर्छ ।

आज हाम्रो देशमा जुन अशान्ति र भयावह स्थिति श्रृजना भइरहेको छ, विकासको गति उल्टो भइरहेको छ, त्यसको मूलकारण हाम्रा अधिकांश नेताहरुको मन स्वच्छ नहुनु हो । अशुद्ध मनवाट असल चरित्र निर्माण हुने गर्दैन । दुश्चरित्रले गर्दा ती नेताहरु दलगत स्वार्थ भन्दा माथि उठ्न सकेनन । परिणाम स्वरुप देश अन्योलको स्थितिमा रहन गयो । तसर्थ देशलाई उँभो लगाउन सर्व प्रथम अस्वस्थ मन भएका नेताहरुको मन स्वस्थ हुनुपर्छ। यसको लागि सही धर्मको श्रवण गर्नु, चिन्तन मनन गर्नु आवश्यक छ । यसो हुन नसकेकोले नै देशको गति नकारात्मकतिर लम्केको हो । यसको लागि बुद्ध शिक्षाको राम्रो जानकारी हुन नितान्त आवश्यक छ ।

परन्तु त्यसो हुन सकेन र उल्टो बुद्ध धर्मबारे अनेक किसिमको भ्रमहरु सिर्जना हुन गयो, त्यो हो - बुद्ध धर्म अंगाल्न हुँदैन, किनकि यस धर्मले मानिसलाई

[१३] भिक्षु अमृतानन्द (अनु.), धम्मपद, (पाली-नेपाल भाषा) काठमाण्डौ, धर्मकीर्ति विहार, वि.सं. २०४७, पृ. १



Downloaded from http://www.dhamma.digital

गृहत्याग गर्न लगाउँछ । यो त केवल बौद्ध भिक्षुहरुले मात्र अंगाल्ने धर्म हो आदि आदि । यस्तो धारणाको विकासले व्यक्तिको आचरणलाई सुदृढ बनाउनको साटो नकरात्मक दिशातर्फ उन्मुख हुनगयो । यथार्थमा बुद्धधर्म भनेको नैतिकताको यथार्थ धरातलमा अभिएको मानवताको धर्म हो । अत: यो कुनै खास व्यक्ति विशेष वा सम्प्रदायको मात्र धर्म नभई सम्पूर्ण मानवताकै धर्म हो ।

इतिहासलाई नियालेको खण्डमा मल्लकालमा यस धर्ममा धेरै नै गडवडीहरु आएको देखिन्छ । "यसको लागि खासगरी त्यसबेलाका राजा जयस्थिति मल्ल जिम्मेवार हुन आउँछ । त्यसबेला उनले ठूला विद्वान मानिएका किर्तीनाथ उपाध्याय काव्यकुन्ज ब्राह्मणको सहयोग र सल्लाहबाट सुधारको नाममा जातीय र धार्मिक विधि विधानहरु बनाएर जातपातको भेदभाव नमान्ने बौद्ध समाजभित्र अनेक जातजाकितको प्रादुर्भाव गराइदिए। भिक्षु बन्ने प्रचलन लोप गराइयो । त्यहाँदेखि बौद्ध धर्ममा धेरै विकृतिहरु आए । कर्मकाण्डले जोड पक्र्यो । शील र सदाचार लोप हुँदे गए । बुद्ध धर्मको रुप बदलिंदै गए । बुद्ध धर्मको त्यही विकृत रुपलाई हिन्दुकरण गर्ने प्रयास भयो र त्यसको प्रचार प्रसार हुँदै गयो ।" [१४]

मूल कुरा हाम्रो मन स्वच्छ हुनुपर्यो । खराव मनले काम गर्दा दुष्परिणामहरु निस्कने भै असल मनसायबाट काम गर्दा त्यसको परिणाम सुखकर हुनेगर्छ । यसर्थ हाम्रो मन स्वच्छ हुनु नितान्त आवश्यक छ । यस सम्बन्धमा भगवान् बुद्ध भन्नु हुन्छ ।

मनोपुब्बङ्गमा धम्मा - मनोसेट्ठा मनोमया ।
मनसा चेपसन्नेन - भासति वा करोति वा
ततो नं सुक्खमन्वेति - छाया'प अनपयिनी ।। [१५]

भावार्थ : - जुन सुकै अवस्थामा पनि मन नै पहिला जाने हुन्छ । तसर्थ मन मन नै प्रमुख हो । मनले नै सबै ठाँउ व्याप्त भएको छ । यसर्थ असल नियत अर्थात मनले गरेको काम कारवाहीमा आफू सँगै सदा आइरहने छाँया भै सुख पछि पछि आउने गर्दछ ।

[१४] गुभाजु, तिलकमान, के बुद्धधर्म हिन्दुधर्मको शाखा हो र ?, धर्मकीर्ति विहार, वि.सं. २०४७, पृ. २२, २३
[१५] भिक्षु अमृतानन्द (अनु.), धम्मपद, (पाली-नेपाल भाषा) काठमाण्डौ, धर्मकीर्ति विहार, वि.सं. २०४७, पृ. १





आज भगवान् बुद्धको जन्मभूमि हाम्रो देशमा, बुद्धधर्मको व्यावहारिक शिक्षाको निकै अभाव भइरहेको छ । बुद्धधर्म सम्वन्धी भाषण गर्न जाँदैमा वा बुद्ध धर्मको उच्च शिक्षाको प्रमाण पत्र प्राप्त गर्दैमा सच्चा बौद्ध हुने होइन । बुद्धधर्म भनेको आचरणको धर्म हो । यसर्थ हाम्रो देश एंव समाजको राजनितिक आर्थिक सामाजिक धार्मिक आदि प्रत्येक क्षेत्रमा भइरेको अस्तव्यस्ततालाई निराकरण गरी सुमार्गमा लैजान यथार्थ बौद्ध शिक्षाको अध्ययन, अध्यापन गर्नु मात्र नभई त्यसलाई आचरणमा उटार्न सक्ने क्षमतावान जनमत बनाउन अनिवार्य रहेको छ । यसको लागि प्रथमत: बौद्ध धर्मका शिक्षक, उपदेशक धर्मदेशकहरुवाट तदअनुरुपको आचरण हुनु अनिवार्य छ । गुरु आचरण सम्पन्न भएपछि चेला पनि अवश्यमेव चरित्रवान हुनेछ । अस्तु ।


सन्दर्भ सामग्री

(१) गुभाजु, तिलकमान के बुद्धधर्म हिन्दुधर्मको शाखा हो र ?
धर्मकीर्ति विहार, वि.सं. २०४७

(२) भिक्षु अमृतानन्द, (अनु.) धम्मपद(पाली-नेपाल भाषा)
काठमाण्डौं, धर्मकीति बौद्ध अध्ययन गोष्ठी, वि.स. २०४७ ।

(३) भिक्षु अश्वघोष, निन्दाबाट बच्ने कोही छैन, काठमाण्डौ, लेखक स्वंय, वि.स. २०५५ ।

(४) वन्ध,आर.वि.(अनु.) जीवनको पत्येक घडीमा अभिधर्मको उपयोग मुल लेखक
एन.भी. गोरकम, ताईवान, द कर्पोरेट बडी अफ एजुकेशन फाउण्डेशन, ई.स. २००२ ।

(५) गोरखापत्र

(६) राजधानी दैनिक

(७) समाचारपत्र दैनिक


- बुद्धयान, नेपाल बौद्ध परिषदको नवौ स्मारिका, वि.स. २०६५



Downloaded from http://www.dhamma.digital

# उदाहरणीय कार्य : आजको आवश्यकता ।

देश अहिले विषम परिस्थितिबाट गुज्रिरहेको कुरामा कसैको विमति नहोला । यसको सही निराकरण नहुन र त्यसमाथि झन् गलतमाथि गलत क्रियाकलापहरु भइरहनु निश्चय नै देशको लागि दु:खद कुरो हो ।

समाजका हरेक क्षेत्र अस्तव्यस्त हुनु, गरिबी, बेरोजगार र मंहगी बढ्नुले एकातिर देशमा विकराल परिस्थिति बनेको छ भने अर्कोतिर विगतका सरकारहरुको विफलता, प्रशासनमा कार्यचुस्तता, एंव पारदर्शीताको अभाव र कार्य दक्षताको खांचो हुनुले पनि देशमा विकासले गति लिन नसक्नुको कारण देखिन्छ । राजनीति र प्रशासनमा कार्यदक्षता अभिबृद्धि गर्नु वा भ्रष्टाचारको रोकथाम र चुहावटमा नियन्त्रण विना स्वच्छ समाजको परिकल्पना गर्न नसकिने मात्र नभइ देश विकासको नारा आफैमा हास्यास्पद हुने देखिन्छ ।

आज आमजनताले भोग्नु परेका कष्ट, अभाव, बेरोजगारीको समाधानाको लागी पनि खाली खोक्रो नारा भाषण, सभा समारोह, र कागजी प्रतिवेदनले मात्र झारा टार्ने व्यर्थको प्रयासको साटो वास्तविक रुपमा कार्यन्वयन गर्ने कार्यक्रमको खाँचो छ । देश र समाजको गतिशीलताको लागि नयाँ कार्यक्रमको त आवश्यक हुन्छ नै तर हुने गरेका कार्यक्रमहरुमा पनि लगानी अनुरुपको प्रतिफल ल्याउनु, भ्रष्टाचार हुन नदिनु र चुहावट रोकथाम गर्न सकेमा मात्र पनि समाजले ठूलै लाभ पाउने सक्ने देखिन्छ ।

समाजको भ्रष्टाचार र चुहावटको कुरा नारावाजीमा मात्र सीमित राख्ने काम मात्र नगरी त्यसलाई रोकथाम गर्ने उदाहरणीय कार्य गरेर देखाउनु सक्नु पर्दछ । यसको लागि जिम्मेदार र उत्तरदायी व्यक्तिहरुले विशेष भूमिका पनि निर्वाह गर्नु आवश्यक भएको छ । यस सिलसिलामा धम्मपदको दुइवटा गाथाहरु राख्न सान्दर्भिक ठान्छु ।

अत्तानं एव पठम - पटिरुपे निवसये ।
अथञ्ञम'नुसासेय्य - न किलिस्सेय्य पण्डितो ।।

अर्थ : पहिला आफैले आफूलाई नै राम्रो स्थानमा राम्रो गरी राख्नु र त्यसपछि अरुलाई उपदेश दिनु, यस्तो गर्ने पण्डितका चित्तमा क्लेश (दु:ख) आउँदैन ।





अत्तान चे तथा कयिरा - यथञ्ञमनुसासति ।
सुदन्तो वत दम्मेथ - अत्ता हि किर दुद्दमो ।।

अर्थ : जुन उपदेश अरुलाइ दिने हो, त्यसलाई प्रथमत: आफैले पालन गर्न सक्नु पर्दछ, आफूलाई नियन्त्रण गरेमा मात्र अरुलाई नियन्त्रण गर्न सक्दछ । वास्तवमा आफूलाइ नै पहिले नियन्त्रण गर्न गाह्रो छ । (श्रोत: भिक्षु अमृतानन्द ,धम्मपद श्लोक, क्रमश १५८ र १५९)

आज देश समाजमा जुन माहौल छ त्यसको निकास भनेको राजनीति र प्रशासनमा भएका व्यक्तिहरुबाट उदाहरणीय बनेर देखाउनु हो न कि खोक्रो नाराबाजी, भाषणमा मात्रै सीमित हुनु ।

व्यक्तिको चरित्र नै ठूलो बल हो । तसर्थ भगवान् बुद्धले बुद्धत्व प्राप्ति पश्चात् नैतिकताको शिक्षालाई नै प्रचार प्रसार गर्नु भयो । भगवान् गौतम बुद्धले कोशल राज्यका वेलुद्वार नामक ब्राम्हण गाउँमा गृहस्थहरुको लागि दिनु भएको एउटा उपदेश यहाँनिर स्मरणीय छ ।

भगवान् बुद्धले - "तपाईहरुलाई कसैले दु:खदिने, हिंसाकर्म गर्ने, चोरी गर्ने, व्याभिचार गर्ने, झूठो बोल्ने, चुगली गर्ने, व्यर्थको गफ गर्ने, लोभी, बदला लिने आदि गरेको मन पर्छ कि पर्दैन" भनी सोध्दा, गाउँलेहरुले "मन पर्दैन" भन्ने जवाफ दिए । त्यसपछि भगवान् बुद्धले आफूलाई मन नपर्ने कुराहरु आफैले पनि गर्ने नहुने उपदेश दिनु भयो । (श्रोत: भिक्षु अश्वघोष, बुद्धको सँस्कृति र महत्व, पृ.११, प्रकाशक धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि, वि.स. २०५७)

यसर्थ देश समाजका यावत क्षेत्रहरुमा देखा परेको विसंगति विकृतिको समाधानको लागी जिम्मेदार व्यक्तिहरु नैतिकतावान हुनु र उदाहरणीय कार्य गरेर देखाउनको लागि शीलधर्मको ग्रहणको जरुरत पर्दछ । यहाँनिर फेरि सँयुक्त निकायको एउटा उपदेश मननीय छ । एक जना उपासकले भगवान् बुद्धसँग - "बूढो नभएसम्म आफ्नो भलो हुने काम गर्नका लागि के गर्नुपर्दछ ?" भनी सोधेकोमा - "आफ्नो भलो चाहने व्यक्ति सधैं शील सदाचारको गुणले सम्पन्न हुनुपर्दछ, बानी ब्यहोरा राम्रो हुनु नै बूढो नभएसम्मका लागि भलो हुने गुण हो" भन्नु भएको स्मरणीय छ ।

तसर्थ प्रत्येक व्यक्तिले देश र समाजको हक हितको लागि तथा शील सदाचार पूर्ण जीवन जिउनको लागि नैतिक शिक्षा ग्रहण गर्नु आजको आवश्यकता हो ।
सबैको कल्याण होस् ! सबैको भलो होस् !! सबैको मङ्गल होस् !!!



Downloaded from http://www.dhamma.digital

# गृह विनयको अभावमा देश समाजको विकास असंभव

आज हरेक घर घरमा, अफिस अफिसमा, व्यापारीक स्थल, पसलहरुमा, औद्योगिक, शैक्षिक संस्थाहरुमा, साथीभाइ, नातेदारहरुको जमघटमा, रेडियो कार्यक्रममा, राजनैतीक सामाजिक लगायत अन्य जुनसुकै कार्यक्रमहरुमा समेत देशको नाजुक अवस्थाको बारेमा चर्चा परीचर्चा हुने गरेको पाइन्छ । यी सबै समस्याहरुको जड समाजमा गृह विनयको अभावले भएको होइन ?

निश्चित रुपमा आज देशको हरेक क्षेत्रमा यावत समस्याहरु छन, समस्याहरुको समाधान हुन सकिरहेको अवस्था छैन । यसका विभिन्न कारणहरुमा समस्या समाधानको लागि प्रयासमा कमी कमजोरी भइरहेको वा समस्याको समाधान हेतु चाहिने आवश्यक श्रम श्रोत साधनको अभाव हुन सक्दछ । वा श्रम श्रोत साधनका उचित प्रयोगमा समस्या वा आवश्यक क्षमता नहुन सक्दछ । यस्तो साधन मानवीय वा भौतिक रुप दूवै हुन सक्दछ ।

देशमा गरिबी बेरोजगार, अनुत्पादक महंगीको चक्र एकातिर हुनु तर अर्कोतिर चाहिने श्रम श्रोतको अभाव हुनु, त कतै श्रम श्रोत साधनको अत्याधिक दुरुपयोग हुनु पनि आजको यथार्थ भएको छ । देशको हरेक क्षेत्रमा समस्या हुनु तर समस्याको जड पहिचान विनाको योजना परियोजनाले झन झन समस्याको समाधान भन्दा टाठा हुँदै जाने सिवाय अरु केही हुन सक्दैनन् । आज देश समाजको दुरावस्थाको कारण भन्नु नै समाजको हरेक क्षेत्रमा कार्यरत बहुसंख्यक जनमत, जनता व्यक्तिहरुमा गृह विनयको शिक्षा, नैतिकको शिक्षाको अभावले भएको मान्न सकिन्छ वा सकिदैन ?

आज माता पिताले छोरा छोरीलाई, छोरा छोरीहरुले माता पिताप्रति गर्नु पर्ने कर्तव्य, पतिले पत्नी र पत्नीले पतिप्रति, गुरुले शिष्यलाई, शिष्यले गुरुलाई, मालिकले नोकरलाई, साथीले साथीसंग, श्रमण र गृहस्थहरुको बीच तथा नोकरले मालिकलाई गर्नुपर्ने कर्म कर्तव्यको पालन शिक्षामा कमि आएको हो वा होइन ?

अव यी गृहस्थ नियम (विनय) हरुको छोटो चर्चा गर्नु सान्दर्भिक हुनेछ ।





१) आमाबाबुप्रति सन्तानका कर्तव्यहरु :
बृद्धावस्थामा पालन पोषणगर्नु, कामकाज गरिदिनु, कुल परम्परा स्थिर राख्नु, अंश लिन योग्य बन्नु, दिवंगत भएका आमाबाबुको नाममा पुण्यदान गर्नु ।

२) सन्तानप्रति आमाबाबुका कर्तव्यहरु:
नराम्रो बानी बसाल्न नदिनु (पापबाट बचाउनु , पुण्य कार्यमा लगाउनु, विद्यामा पारंगत गराउनु, योग्य स्त्री (वा पुरुष) संग विवाह गरिदिनु, यथोचित खर्च गर्नदिनु (उत्तराधिकार सुम्पनु)

३) गुरुप्रति शिष्यका कर्तव्यहरु :
तत्परता देखाउनु, गुरुको कुरो मान्नु, एकचित भई विद्या अध्ययन गर्नु, सत्संग गर्नु (सेवा गर्नु, सत्कार पूर्वक विद्या सिक्नु ।)

४) शिष्यप्रति गुरुका कर्तव्यहरु :
असल चालचलनको बनाउनु, राम्रोसंग असल शिक्षा दिनु, सबै विद्यामा पारंगत बनाउनु, मित्रगणको अगाडी शिष्यको प्रशंसा गर्नु, शिष्यलाई भय त्रासबाट बचाउनु ।

५) पत्नीप्रति पतिका कर्तव्यहरु :
सम्मान गर्नु, अपमान नगर्नु, परस्त्री गमन नगुर्न, धन सम्पत्तिको जिम्मा दिनु, यथाशक्य गहना बस्त्र दिनु ।

६) पतिप्रति पत्नीका कर्तव्यहरु :
राम्रोसंग कामकाज गरिदिनु, कुतम्ब छिमेकीसंग सुसम्वन्ध बनाइराख्नु, परपुरुष गमन नगर्नु, धन सम्पतिको रक्षा गुर्न, घरको काममा दक्ष हुनु (अल्छी नहुनु) ।

७) मित्रप्रति हाम्रा कर्तव्यहरु:
दान दिएर कुरा गर्नु, मीठोसंग कुरा गर्नु, कामकाज गरिदिनु, आफू जस्तै ठान्नु, साँचो बोल्नु (बिश्वासिलो बन्नु) ।



Downloaded from http://www.dhamma.digital

८) हामीप्रति मित्रका कर्तव्यहरुः
बेहोसीमा - भूल हुँदा रक्षा गर्नु, बेहोसीमा धनको रक्षा गर्नु, संकटमा शरण दिनु, आपतकालमा मद्दत गर्नु, मित्रको प्रियजनप्रति स्नेह राख्नु ।

९) नोकरप्रति मालिकका कर्तव्यहरु :
सामर्थ्य हेरेर काम दिनु, उचित भोजन र तलव दिनु, बिरामी हुँदा औषधि गरिदिनु, आफूले खाने वस्तु खुवाउनु, बेला बखतमा छुट्टि दिनु ।

१०) मालिकप्रति नोकरका कर्तव्यहरु :
मालिकभन्दा चाँडै उठ्नु, मालिकभन्दा पछि सुत्नु, मालिकले दिएको मात्रै लिनु, राम्रोसंग काम गर्नु, मालिकको कीर्ति प्रशंसा फैलाउनु ।

११) श्रमण (भिक्षु) ब्राह्मणप्रति हाम्रा कर्तव्यहरु :
मैत्रीपूर्वक शारीरिक काम गरिदिनु, मैत्री वचनले कुरा गर्नु, मनमा मैत्रीभाव राख्नु, संधै स्वागत गर्नु, भोजन आदि दान दिनु,

१२) हामी (उपासक, उपासिका) प्रति श्रमण ब्राह्मणका कर्तव्यहरु :
पाप कर्ममा रोक्नु, पुण्य कार्यमा लगाउनु, अनुकम्पा राखेर कल्याण गरिदिनु, नसुनेको ज्ञानबर्द्धक कुरो सुनाउनु, सुगतिप्राप्त हुने (भविष्य सुध्रने ) मार्ग देखाउनु ।

(साभारः बौद्ध दर्पण, प्रकाश बज्राचार्य, बुद्ध जयन्त समारोह समिति, आनन्दकुटी विहार, श्रीघ विहार र धर्मकीर्ति प्रकाशन, धर्मकीर्ति विहार )

कुनै एक व्यक्ति नै माता/पिता, छोरा/छोरी, मित्र, नोकर /मालिक (सरकार, कर्मचारी ? ), गुरु/शिष्य आदि हुनाले प्रत्येक व्यक्तिमा यी गुणधर्म/कर्तव्य बोध हुनको साथै पालन गर्नु अनिवार्य छ । यी कर्तव्यहरु एक आपसमा अन्तरनिहित छ भने कुनै पुरुष/स्त्रीले समय परिस्थिति र जिम्मेवार अनुरुप सबै कर्तव्यहरु पुरु गर्न पर्ने हुन्छ र यसमा निपुणता हासिल गर्न आवश्यक छ । आज देश समाजको विकराल अवस्था आउनु





भनेको व्यक्तिहरुमा यी धर्म/कर्तव्य पालनमा कमी हुनु, यी शिक्षाको अभाव हुनु वा व्यक्तिमा हुनु पर्ने स्तर कार्य क्षमतामा ह्रास आएकोले नै हो । आज विश्वले भौतिक रुपमा प्रगति गरेको भन्ने जुन ध्वांग फुक्ने गरेको छ त्यही वास्तवमा गृह विनयको पतन कारक तत्व बन्न पुगेको छ वा छैन ? आज देश समाजको विकराल अवस्था कुनै भौतिक विज्ञानले मात्र समाधान गर्न सकिंदैन बरु निश्चित रुपमा गृह विनय पालन गर्ने, मान्ने जनमतद्वारा मात्र नै सक्दछ ।

गृह विनय पालन नगर्ने नेता, प्रशासक, कर्मचारी तथा समाजका हरेक क्षेत्रमा कार्यरत व्यक्तिहरुद्वारा देश समाज विकास असंभव नै छ । आज देश समाजको विकासका लागि गृह विनय पालन हेतु बौद्धशिक्षाको आवश्यकता छ ।

सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !! सबैको भलो होस् !!!

- धर्मकीर्ति वर्ष २७, अंक ७, वि.स. २०६६


Downloaded from http://www.dhamma.digital

# नीति निर्माण, कार्यान्वयन तथा बजेटको सही सद्उपयोगको लागि बुद्धशिक्षा

देश, समाजको विकासको लागि सही नीति, कार्यक्रम तथा सो को सही कार्यन्वयन हुन आवश्यक भएकोमा दुई मत हुँदैन । आज देश समाज र विश्वमा देखा परेको यावत समस्याको कारण भन्नु नै सही नीति कार्यक्रम र बजेटको सही प्रयोग नभएकोले होइन ? देशका नीति कार्यक्रमले सबै क्षेत्रका जनता, समुदाय वर्गलाई नसमेटी कुनै वर्ग विशेष, जाति विशेष वा कुनै भौगौलिक क्षेत्रमा मात्र समेतिएर बनाएको नीति कार्यक्रमबाट देश समाज र विश्वको सही विकास नहनुमा के को आश्चर्य हुन्छ ?

आज देश समाज र विश्वको सही विकास गर्नको लागि सर्व प्रथम मानवीय क्षमता र दक्षतामा अभिबृद्धि गर्न आवश्यक छ । यो क्षमता दक्षता अभिबृद्धिको लागि नैतिकता, आध्यात्मिक गुणको नितान्त आवश्यक हुन्छ । यो गुण विना आज विश्वको कुनै देश समाजले समस्याबाट पार लगाउन नसकिने यथार्थ हो भने समस्या समाधानको नाममा झन् झन् अलमलिने सिवाय अरु केही नहुने देखिन्छ ।

आज हाम्रो देश नेपालकै ने कुरा गर्ने हो भने हरेक क्षेत्रमा समस्या नै समस्या छ । देशमा ऐन, नियम कानूनको पनि कमी देखिदैन् । तर यसको सही कार्यन्वयन हुन नसकिरहेको वास्तविकता हो भने यसको कार्यान्वयनको लागि चाहिने दक्ष जनशक्तिको अभाव, निर्णय गर्ने क्षमतावान व्यक्तिको सर्वथा अभाव र यस्तो वातावरणमा मलजल पाई हुर्किएको अराजकताको अवस्था आजको वर्तमान वास्तविकता हो वा होइन ?

आज देश संविधान निर्माणका क्रममा छ र संविधानले जे जस्तो राम्रो नीति लिए पनि यदि त्यसको सही कार्यान्वयन भएन भने जनताले खोजे झैं नयाँ नेपाल निर्माण हुन कठिनाई आउनु अश्वभाविक हुँदैन । हाल लागु भएको नेपालको अन्तरिम संविधान २०६३ भाग ४ को धारा (३३) मा राज्यको दायित्व देहाय बमोजिम हुनेछ भनी लेखिएको छ । (ख देखि ढ मध्य केही मात्र तल उल्लेख छ ।)





ख) देशमा अग्रगामी राजनैतिक आर्थिक र सामाजिक परिवर्तन सुनिश्चित गर्ने

ग) विश्वव्यापी रुपमा स्वीकृत आधारभूत मानव अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, कानूनको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनैतिक दलहरुका क्रियाकलापहरुमा पारदर्शिता र जवाफदेहिता, जनसहभागिता, निश्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरुको पूर्ण परिपालन गर्ने राजनैतिक प्रणाली अवलम्वन गरी भ्रष्टाचार र दण्डहीनताको अन्त्य गर्दै सुशासन कायम गर्ने ।

ङ) सामन्तवादका सबै रुपहरुको अन्त्य गर्ने आर्थिक सामाजिक रुपान्तरणको न्युनतम साझा कार्यक्रम तय गरी लागु गर्दै जाने ।

ण) सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी गैर कानूनी सम्पति आर्जन गर्नेहरु उपर कडा कारबाही गरी दण्डित गर्ने नीति लिने ।

ढ) सबै विभेदकारी कानूनको अन्त्य गर्ने ।

त्यसैगरी धारा (३४) राज्यका निर्देशक सिद्धान्तहरु अन्तर्गत उल्लेख भएका बुंदाहरु निम्न प्रकारका छन् ।

१) जनताको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी सामाजिक, आर्थिक एंव राजनीतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हो ।

५) सबै किसिमको आर्थिक एंव सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण, समुदाय, र सम्प्रदायकाबीच सामन्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ ।



Downloaded from http://www.dhamma.digital

धारा ३५) राज्यका नीतिहरु : १) देशको सन्तुलित विकासका लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, यातायात, आवास र रोजगारी जस्ता आधारभूत कुराहरुको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति राज्यले अवलम्वन गर्नेछ ।

१३) बहुसंख्यक ग्रामीण जनताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तीव्रतर बनाउँदै लैजाने नीति राज्यले अवलम्वन गर्नेछ ।

१८) मुलुकमा विद्यमान परम्परागत ज्ञान, सीप र अभ्यासको पहिचान र संरक्षण गर्दै त्यसलाई आधुनिकीकरण गर्ने नीति राज्यले अवलम्वन गर्नेछ ।

२०) देशका विकासमा युवा जनशक्तिलाई परिचालन गर्न राज्यले विशेष नीति अवलम्वन गर्नेछ ।

तर धारा (३६)मा यसका व्यवस्था निम्नानुसार छ ।

अदालतमा प्रश्न उठाउन नसिकने : १) यस भागमा लेखिएका विषयहरु कार्यन्वयन भए वा नभएको सम्वन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।
२) राज्यले यस भागमा उल्लिखित सिद्धान्त तथा नीतिको कार्यन्वयन गर्न आवश्यकता अनुसार स्रोत र साधन परिचालन गर्ने वा गराउनेछ ।

आज समाजको विभिन्न क्षेत्रमा समस्याहरु हुनु र सो को निराकरण हेतु संविधान ऐन नियम पनि हुनु, कयौ कार्यालयहरु यसैको लागि कार्यरत रहनु तर पनि वांछित प्रतिफल नआउनुमा के को भूमिका छ ? यहाँनिर राष्ट्रिय सतर्कता केन्द्र र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका केही नाराहरु पनि हेर्न सान्दर्भिक ठान्छु ।





## राष्ट्रिय सतर्कता केन्द्रका केही नाराहरु :

**असल शासनमा हुन्छ मेल, भ्रष्टाचारले पुऱ्याउँछ जेल ।**
**हामी सबैको एउटै आवाज, भ्रष्टाचारीलाई गरौ सामाजिक बहिष्कार ।**
**भ्रष्टाचारको विरुद्धमा काम गर्न चेतनशील समाजको निर्माणमा जुटौं ।**
**सदाचारीको दिर्घायू, भ्रष्टाचारीको अल्पायू ।**
**कानूनी शासनको स्थापनाका लागि आफूबाट नै कानूनको पालना थालौं ।**
**एक्काइसौ शताब्दीको हाम्रो मूल नारा, भष्टाचार नियन्त्रणमा लाग्नुपर्छ सारा ।**
सार्वजनिक पदमा रहेर उल्लेख्य र असल काम नगर्नु भनेको समाज र राष्ट्रका लागि सबैभन्दा ठूलो बोझ बन्नु सरह हो ।

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगका केही नाराहरु :

**सदाचारीलाइ स्वागत, भ्रष्टाचारीलाइ बहिस्कार ।**
**घूष लिनु र दिनु दुवै उत्तिकै दोषी हुन् ।**

आज यी नाराहरुले मात्र वास्तवमा देश समाजबाट भ्रष्टाचार वा अन्य विकृतिहरु निर्मुल पार्न सक्छ र ? जब सम्म व्यक्तिगत नैतिकता, क्षमता, दक्षता अभिबृद्धि हुँदैन तबसम्म वास्तवमा देश समाजको विकास असंभव नै हुन्छ। जबसम्म देशको निति कार्यक्रम संचालनार्थ तयार हुने बजेटको सही सदुपयोग हुँदैन, भ्रष्टाचारको अन्त्य पनि असंभव नै हुने ठान्छु । देश, कार्यालयको बजेटको सदुपयोग नभई दुरुपयोग हुनु, आवश्यक क्षेत्रको पहिचान नहुनु, कुनै क्षेत्र निकायमा बजेटको अभाव हुनु त कुनैमा रकमको खोलो बग्नु जस्ता विरोधाभाष कार्यक्रमबाट देशमा भ्रष्टाचार, बेरोजगारी बढाउनुमा भूमिका खेलेको मान्न सकिन्छ कि सकिदैंन ?

आज देश समाजको विकासको लागि सही नीति र कार्यक्रममात्र भएर नपुगी बजेटको सही सदुपयोग पनि आवश्यक भएकोमा शंका छैन । यस सन्दर्भमा धम्मपदका केही श्लोक राख्नु सान्दर्भिक ठान्छु ।



Downloaded from http://www.dhamma.digital

यथा'पि रुचिरं पुप्फं - वण्णवन्तं अगन्धकं ।
एवं सुभासिता - वाचा अफला होति अकुब्बतो ।।

अर्थ: जसरी सुगन्ध नभएको फूल राम्रो भए पनि काम छैन, त्यसरी नै हीन कार्य कुरा पनि अर्थ छैन । (५१)

यथा'पि रुचिरं पुप्फं - वण्णवन्तं सुगन्धकं ।
एवं सुभासिता - वाच सफला होति सकुब्बतो ।।

अर्थ :सुगन्ध पनि वर्ण पनि भएको फूल काम लागे झैं, बोलेको झैं काम गर्नेको वचन सुभाषित भई काम लाग्छ । (५२)

यथा'पि पुप्फंरासिम्हा - कयिरा मालागुणे बहु ।
एवं जातेन मच्चेन - कतब्बं कुसलं बहुं ।।

अर्थ : चतुर मालीले फूलको थुंग्रोमा राम्रो राम्रो फुल टिपेझैं, संसारमा जन्म भएका मनुष्यहरुले पनि पुण्य गर्नु पर्दछ । (५३)

यी श्लोकहरुको मननवाट पनि भन्न सक्छौं देश समाज विकासको लागि सही नीति, कार्यक्रम चयन तथा बजेटको सही सदुपयोग ( धर्म ) को आवश्यक छ । यसको लागि देश समाजको जनशक्तिलाई नैतिक धार्मिकवान बनाउन बुद्धशिक्षा दिनु आजको आवश्यकता हो ।
सबैको कल्याण, मङ्गल, जय होस् ।

- आनन्द भूमी वर्ष ३७, अंक ३, वि.स. २०६६





# मरणानुस्सति

पवात दीपतुल्याय, सायुसन्ततियाक्खयं ।
परुपमाय सम्पस्सं, भावये मरणस्सतिं ।। १।।

महासम्पति सम्पता, यथा सत्ता मता इध ।
तथा अहं मरिस्सांमि, मरणं मम हेस्सति ।। २ ।।

उत्पत्तिया सहे वेदं, मरणं आगत सदा।
मरणत्थाय ओकासं, वधको विय एसति ।। ३ ।।

ईसकं अनिवत्तन्तं सततं गमनुस्सुकं ।
जीवितं उदया अत्थं, सुरियो विय धावति ।। ४ ।।

विज्जु बुब्बुल उस्सा'व, जलराजि परिक्खय ।
धातकोव रिपू तस्स, सब्बत्था पि अवारियो ।। ५ ।।

सुयसत्थाम पुञ्ञिद्धि, बुद्धि वुड्ढे जिनद्वयं ।
घातेसि मरणं खिप्पं, कातुमादिसके कथा ।। ६ ।।

पच्चयानञ्च वेकल्या, बाहिरज्झत्तु, पद्दवा ।
मरामोरं निमेसा पि, मरमानो अनुक्खणन्ति ।। ७ ।।

(मरणानुस्सति निट्ठिता )



Downloaded from http://www.dhamma.digital

## मरणानुस्सतिको अर्थ

बतास आइरहेको ठाउँमा बलिरहेको बत्ति निभेर जानेजस्तै आयुक्षय भई यो शरीर पनि क्षय भएर जानेछ । तसर्थ अरु मृत्य भएको देखर आफु पनि मृत्यु हुनेछ भनिकन मरणानुस्मृति भावना गर्नुपर्दछ । ।।१।।

जसरी महान सम्पत्तिशाली मृत्य भई गए, त्यस्तै म पनि नमरी छोड्ने होइन । एक न एक दिन मृत्यु हुने नै छु ।। २ ।।

उत्पत्तिको साथै सदैव मृत्यु आइरहेको छ । जसरी प्राणीघात गर्नेले प्राणीलाई मार्ने मौका ताकिरहन्छ, त्यस्तै नै मृत्युले पनि मलाई लखेट्दै आइरहेको छ ।। ३ ।।

एकछिन पनि नअडी सधैंभरी अगाडि बढ्न उत्साही बनेर सूर्य उदय पश्चात फेरि अस्त भएर गएजस्तै यो जीवन पनि मरणतिर डगुर्दै गइरहेको छ ।। ४ ।।

बिजुली चम्केजस्तै, पानीमा उठ्ने फोकाजस्तै दुबोको टुप्पामा रहेको पानीको थोपाजस्तै, पानीमा कोरिएको धर्सोजस्तै तुरुन्तै बिलाएर जाने यो शरीर । फेरि यो मृत्युलाई घात गर्ने शत्रुलाई जस्तै कसैले छेक्न सकिने होइन ।। ५ ।।

जुन त्यस्ता यशस्वी बलवान, पुण्यवान, ऋद्धिमान हुनभएका बुद्ध प्रत्येक बुद्धलाई समेत मृत्युले क्षय गऱ्यो भने म जस्तोको विषयमा के भन्नु ।। ६ ।।

जीवनको आरक्षाको निम्ति चाहिने आहारादि प्रत्यय समेत विकल (विरुप ) भएर जाने, बाहिरका शस्त्र आदि अनि आध्यात्मिक रोग आदि उपद्रवद्वारा नाश भएर जाने, आँखा चिम्म गर्न नपाउँदै क्षण क्षणमा रुपादि इन्द्रियहरु मरण हुँदै गइरहेको यो शरीर भनिकन मरणानुस्मृति भावना वृद्धि गर्नुपर्दछ ।

साभार: सम्पादक तथा अनुवादक, भिक्षु ज्ञानपूर्णिक "धम्माचरिय" "अग्गमहासद्धम्मजोतिकधज" परित्राण सूत्र (शील - प्राथना, त्रिरत्न - वन्दना, विभिन्न प्रार्थनाहरु तथा महत्वपूर्ण परित्राण सूत्रहरु अर्थ सहित)
प्रकाशिका ज्ञानदेवी कंसाकार, तेस्रो संस्करण २०६७



देश विकासको लागि बुद्धशिक्षा

## उपसंहार

यो पुस्तक प्रकाशन गर्ने सोचाई धैरै पहिले देखि नै थियो र पूर्व प्रकाशित लेखहरुको सं्रगहमात्र भएकोले पाठकहरुलाई ( विशेषत :धर्मकीर्ति, आनन्दभूमी र अमृतोपदेशका पाठकहरुलाई ) कुनै नौलो र नयाँपन नदेखिनु स्वाभाविक नै हुन्छ । यी लेखहरुलाई कुनै साथीले एकै खालको भनेको पनि सुनिन्छ भने कुनै साथीहरुले राम्रो भनेको पनि छ । दुवै प्रतिक्रिया मलाई लेखहरु लेख्न थप हौसला नै मिलेको छ । समाज, कार्यालय, साथी भाइ, विभिन्न बौद्ध पुस्तक, दैनिक पत्र पत्रिका आदि अध्ययनबाट र मेरो व्यक्तिगत अनुभवलाई संगालेर लेख लेख्न चासो बढेको यहाँनिर चर्चा गर्नु अतिशयोक्ति नहोला ।

जहाँ सम्म लेखमा दोहरीयका कुराहरु छन, सबैमा मूलतं व्यक्तिहरुको कुशल कर्म हुन आवश्यक छ भनी देखाउनु नै हो । आज समाजमा कुरा गर्दा राजनीतिको मात्र कुरा हुने तर व्यक्तिको गुणमा आवश्यक छलफल नभएकोले पनि यी लेखहरु, बोद्ध दर्शनको मूल रुप व्यक्तिगत कर्म सही हुन पर्छ भन्ने मनशायबाट अभिप्रेरित भएको निर्बिवाद छ । आज समाजको मूल समस्या नै मानव व्यवस्थापन हो अत: यो पुस्तक बौद्ध दर्शनको प्रचार प्रसार गर्न मनशाय नभइ मूलत: व्यवस्थापकीय क्षमतावान आवश्यक हुन भन्ने दर्शाउनु नै हो।

लेखहरुको शिर्षक मानव संशाधन विकासको लागि बुद्ध शिक्षा, मानव व्यवस्थापन नै बास्तविक चूनौती, व्यक्तिगत चरित्र र मानसिक विकास आजको आवश्यकता, व्यक्तिको दैनिक जीवनमा धम्मपदको उपयोग,दण्डहीन र अराजकता नियन्त्रणको लागि बुद्ध शिक्षा, धार्मिक कार्यक्रम आयोजन हुन, उपदेश सुन्नु मंगलकार्य, गलत सूचनाको सम्प्रेषण देश समाजकोलागी ठूलो अपराध, समयको सदुपयोग गर्नु, वास्तविक धर्म ,सेवाग्राहीको सेवाभावविना समाज विकास असंभव, निणर्य प्रक्रियाको लागि बुद्धशिक्षा, बुद्धशिक्षा विश्व वातावरणको रक्षाका लागि । गलत शिक्षा, गलत संस्कृति र धर्ममय जीवनको अभावमा देश विकास असम्भव, उदाहरणीय कार्य: आजको आवश्यकता आदि व्यवस्थपानका विभिन्न विषयवस्तुहरु जस्तै Example, Time Management, Budget, Information, Customer Satisfication,Decision Making,



Downloaded from http://www.dhamma.digital

Planing and Programme,Quality, Productivity, Input Output आदि इत्यादिलाई धर्म संग समन्वय गर्ने प्रयास मात्र हो ।

अत: यो पुस्तक लेखहरुको संग्रहको रुपमा मात्र नभई कुशल, दक्ष व्यवस्थापनको लागि समेत मद्धत पुग्ने आशा गरेको छु । निश्चित रुपमा व्यक्तिगत व्यवस्थापनको कुशलता र दक्षता अभिबृद्धि द्वारा देश विकासलाई मद्धत पुग्नेमा कुनै दुविधा नहोला । त्यसकारणले पनि देश विकासको लागि बुद्ध शिक्षा आजको आवश्यकता हो र व्यवस्थपानका विधार्थी, समाजको सबै वर्गले समेत यसबाट बांछित प्रतिफल पाउनेछ भनी आशा एंव विश्वास लिएको छु ।

पुस्तक प्रकाशनको मूल तात्पर्य पुर्खाहरुको गुण संस्मरण हेतु मरणानुस्सती सहित (साभार) संकलन गरी तथा बौद्ध दर्शनबाट देश समाजको विकासको लागि योगदान होस् भन्ने हो । अत: यो पुस्तकद्वारा पुन: एकपल्ट पूर्वज लगायत सम्पूर्ण प्राणीमात्रको कल्याणको कामना गर्दछु ।

भवतु सब्ब मङ्गलं ।<br>सबैको मङ्गल होस् ।<br>समाप्त



देश विकासको लागि बुद्धशिक्षा



Downloaded from http://www.dhamma.digital